# कक्षा आठका विद्यार्थीहरूको नेपाली विषयको सिकाइमा निरन्तर मूल्याङ्कन र प्रभाव

त्रिभुवन विश्वविद्यालय, तानसेन बहुमुखी क्याम्पस,
शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षण विभाग,
स्नातकोत्तर तह (शिक्षा) दोश्रो वर्षको
नेपा. शि. (५९८) को प्रयोजनका
लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**शेषनारायण चालिसे**

परीक्षा सङ्केताङ्कः ३०८०१८५/२०६४-२०६५
त्रि.वि.द.नं.:७-३-४९-१०४५-९८
तानसेन बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षण विभाग
तानसेन, पाल्पा


२०६८

# सिफारिस - पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षण स्नातकोत्तर तह दोश्रो वर्षको नेपाली शिक्षा ५९८ पाठयांशको प्रयोजनको लागि प्रस्तुत **कक्षा आठका विद्यार्थीहरूको नेपाली विषयको सिकाइमा निरन्तर मूल्याङ्कन र प्रभाव** शीर्षकको शोध-पत्र शोधकर्ता शेषनारायण चालिसेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । मेहनतपूर्वक तयार पारिएको यस शोधपत्रप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि तानसेन बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षण विभागमा सिफारिस गर्दछु ।

.......................

डा. नेत्रप्रसाद न्यौपाने

सह-प्राध्यापक

नेपाली भाषा  शिक्षण विभाग

तानसेन बहुमुखी क्याम्पस, पाल्पा

मिति २०६८/०१/१२

त्रिभुवन विश्वविद्यालय

# तानसेन बहुमुखी क्याम्पस

(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)
तानसेन, पाल्पा, नेपाल

# TANSEN MULTIPLE CAMPUS

Tansen, Palpa, Nepal
स्थापित २०४०

☎ ०७५-५२०५४७
फ्याक्स नं. : ०७५-५२२४५०

पत्र संख्या : २०६७/०६८
च.नं. ९६६

मिति...............

विषय : स्वीकृति-पत्र

नेपाली भाषाशिक्षण विभाग

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस अन्तरगत नेपाली भाषाशिक्षण विभागका छात्र शेषनारायण चालिसेले सह-प्राध्यापक नेत्रप्रसाद न्यौपानेको निर्देशनमा स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजन पूर्तिको लागि तयार पारिएको कक्षा आठका विद्यार्थीहरूको नेपाली विषयको सिकाइमा निरन्तर मूल्याङ्कन र प्रभाव शीर्षकको शोधपत्र सम्बन्धित तहको निमित्त उपयुक्त ठहरिएकाले स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

| | |
|---|---|
| १. अध्यक्ष: डा. नेत्रप्रसाद न्यौपाने | विभागीय प्रमुख............ |
| २. सदस्य: डा. नेत्रप्रसाद न्यौपाने | शोधनिर्देशक ............ |
| ३. सदस्य: प्रा. डा. रामचन्द्र लम्साल | बाह्यपरीक्षक ............ |
| ४. सदस्य: क्या. प्र. राधेश्याम ज्ञवाली | क्याम्पस प्रमुख ............ |

मिति: २०६८ ०१ १२

# कृतज्ञता ज्ञापन

प्रस्तुत **कक्षा आठका विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा निरन्तर मूल्याङ्कन र प्रभाव** नामक शोधपत्र शिक्षाशास्त्र सङ्कायको स्नातकोत्तर तहको उपाधि हासिल गर्ने प्रयोजनका निमित्त तयार पारिएको हो । यो शोधकार्यको प्रयोजन केवल तहगत उपाधि हासिलमात्र नभएर निरन्तर मूल्याङ्कनको अध्ययन पद्धतिलाई निरन्तरता दिनुका साथै यस्ता किसिमका अध्ययन पद्धतिलाई अझ बढी उद्देश्यमूलक, उपयोगी, व्यावहारिक, प्रभावकारी र गुणस्तरीय बनाउन शिक्षा क्षेत्रमा सरोकार राख्ने उत्सुक व्यक्तिहरूका लागि पनि उपयोगी हुने आशा लिएको छु ।

यो शोधकार्य सम्पन्न गर्ने क्रममा आफ्नो अमूल्य समय दिई निरन्तर सुझाव वा सल्लाह प्रदान गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु स. प्रा.डा. नेत्रप्रसाद न्यौपानेज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रको शीर्षक छनोटदेखि शोधप्रस्ताव तयार पार्न र अध्ययन कार्यका लागि खोजी गर्न आफ्नो महत्वपूर्ण समय खर्चेर सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु शालिकराम पाण्डे, मित्र रामप्रसाद ज्ञवालीप्रति स-धन्यवाद कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्यका निमित्त उपयुक्त प्रशासनिक व्यवस्था मिलाई शोधप्रस्ताव स्वीकृत गरी प्रस्तुत शोधको उचित मूल्याङ्कनका लागि यथाशीघ्र व्यवस्था मिलाइदिनु हुने श्रीमान् क्याम्पस प्रमुख राधेश्याम ज्ञवाली र प्रमुख मूल्याङ्कन समितिका अध्यक्ष, विभागीय प्रमुख तथा सचिव र अन्य गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो शोधपत्र निर्माणको अनुसन्धानका क्रममा प्राप्त कृतिहरूका लेखक एवम् सम्पादक र प्रकाशनलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै मलाई उच्चशिक्षा हासिल गर्न प्रेरित गर्दै आफू निरन्तर श्रमको रगत र पसिनामा डुबुल्की मार्दै मेरो सुनौलो भविष्यको निर्माणतर्फ अथक प्रयास गर्नुहुने मेरी पूजनीय माता हिमकुमारी चालिसेप्रति पनि आजीवन ऋणी रहनेछु । साथै समग्र अध्ययनका क्रममा उत्साहित बनाउँदै दिनरात सहयोग गरी छिटो, छरितो र स्पष्ट टङ्कन गरिदिने जीवन सङ्गिनी देविका चौतारे 'कान्छु', कैलाशनगर पब्लिकेशनका दामोदर नेपाल र शुभेच्छुक इष्टमित्रप्रति सदा स्मरण गर्न चाहन्छु । यो शोधकार्यमा प्रत्यक्ष वा परोक्ष सहयोग गर्नुहुने विद्वानवर्ग, सामग्री सङ्कलनमा सहयोग पुऱ्याइदिने श्री किसान उच्च माध्यमिक विद्यालयका सम्पूर्ण सहकर्मी शिक्षक-शिक्षिका, कर्मचारी र यो कार्यका केन्द्रका रूपमा रहेका कक्षा आठका प्यारा भाइबहिनीलाई धन्यवाद दिँदै उज्वल भविष्यको कामनासमेत गर्दछु र प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग समक्ष पेश गर्दछु ।

शैक्षिक सत्र : २०६५ – २०६६
मिति : २०६८/०१/१२

शोधार्थी
शेषनारायण चालिसे
तानसेन बहुमुखी क्याम्पस
तानसेन, पाल्पा

# शोधसार

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह (एम.एड) दोश्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांश परिपूर्तिका लागि **कक्षा आठका विद्यार्थीहरूको नेपाली विषयको सिकाइमा निरन्तर मूल्याङ्कन र प्रभाव** शीर्षकमा तयार गरिएको प्रस्तुत शोध-पत्रको मुख्य उद्देश्य आठ कक्षामा अध्ययनरत विद्यार्थीहरूको नेपाली विषयको शिक्षण सिकाई प्रक्रियामा निरन्तर मूल्याङ्कनबाट उनीहरूको तहगत सिकाइ उपलब्धिको लेखाजोखा गरी त्यस कार्यबाट शिक्षण कार्यमा के कस्तो उपलब्धि हासिल भयो र त्यसको प्रभाव कस्तो रयो भन्ने विषयमा केन्द्रित रहेको छ । यही उद्देश्य पूरा गर्न निरन्तर मूल्याङ्कनको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै कक्षा आठको नेपाली भाषा शिक्षणमा अबलम्बन गरिनुपर्ने मूल्याङ्कनका आधार तथा साधनहरूको प्रयोग गर्ने क्रममा लुम्बिनी अञ्चल, पाल्पा जिल्लाअन्तर्गत झडेवा ९ मा अवस्थित किसान उच्च मा.वि.मा अध्ययन गर्ने २० जना विद्यार्थीहरू छनोट गरी तीन महिनासम्मको मूल्याङ्कनबाट प्राप्त सामग्रीहरूको प्रस्तुती व्याख्या तथा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधपत्रको परिचय दिइएको छ । जसमा विषय परिचय, शोधको प्रयोजन, समस्याकथन, उद्देश्य, क्षेत्र र सीमा, शोध शीर्षकसँग सम्बन्धित पूर्व कार्यको समीक्षा, शोधको औचित्य, अध्ययन विधि, सामग्री सङ्कलन विधि, शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

यस शोधकार्यको अध्याय दुईमा निरन्तर मूल्याङ्कनको सैद्धान्तिक पक्षको चर्चा गरिएको छ। यसअन्तर्गत मूल्याङ्कनको परिचय, परिभाषा, पद्धति, प्रयोजन, प्रकार, मूल्याङ्कनका आधारहरू र विकासक्रमको चर्चा गरिएको छ ।

अध्याय तीनमा कक्षा आठका विद्यार्थीहरूको भाषा शिक्षण र मूल्याङ्कनको चर्चा रहेको छ । जसमा पहिलो भाषा र दोश्रो भाषाको रूपमा नेपाली अध्ययन गर्ने विद्यार्थीहरूको शिक्षण र मूल्याङ्कन नेपाली भाषा विषयको मूल्याङ्कन प्रविधि र नवीन अवधारणाहरू भाषिक सीप विकासको निम्ति मूल्याङ्कन गर्दा अपनाउनुपर्ने क्रियाकलापहरूको प्रयोग, मूल्याङ्कनका साधन आदिको चर्चा परिचर्चा र नेपाली भाषा शिक्षणका सन्दर्भमा मूल्याङ्कन परिपाटीको समीक्षा गरिएको छ ।

अध्याय चारमा पाल्पा जिल्ला झडेवा गाविसको किसान उ.मा. वि. कक्षा आठमा अध्ययनरत छनौट गरिएका बीस जना विद्यार्थीहरूको तीन महिनासम्मको निरन्तरबाट मूल्याङ्कनबाट प्राप्त सामग्रीहरूको प्रस्तुती व्याख्या तथा विश्लेषण गरिएको छ । जसमा पूर्व परीक्षादेखि पाक्षिक रूपमा लिखित तथा मौखिक आवधिक परीक्षाहरू सञ्चालन गरी त्यसबाट प्राप्त विवरणको अभिलेखीकरण गरेर ती परीक्षाबाट प्राप्त नतिजाहरूको तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ ।

यस शोध कार्यको अध्याय पाँचमा समग्र शोधको अनुशीलन गरी शोधनिष्कर्ष र सुझावको रूपमा उपसंहार प्रस्तुत गरी सन्दर्भ सामग्री सूची र परिशिष्ट समावेश गरी शोधको स्वरूप अन्त्य गरिएको छ ।

# विषयसूची

पृष्ठ

सिफारिस पत्र क

स्वीकृतिपत्र ख

कृतज्ञता ज्ञापन ग

शोधसार घ

विषयसूची ङ

तालिका-सूची ञ

सङ्क्षेपीकृत शब्दसूची ट

**अध्याय-एक**

**शोधपरिचय**

१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधको उद्देश्य २

१.५ अध्ययनको सीमा ३

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ अध्ययनको औचित्य ६

१.८ अध्ययन विधि ७

१.९ शोधपत्रको रुपरेखा ७

## याय-दुई

## निरन्तर तथा भाषिक मूल्याङ्कनको सैद्धान्तिक स्वरुप र प्रयोजन


२.१ परिचय ८

२.१.१ निर्माणात्मक मूल्याङ्कन ९

२.१.२ निर्णयात्मक मूल्याङ्कन ९

२.१.३ निदानात्मक मूल्याङ्कन ९

२.१.४ प्रारम्भिक/पूर्वमूल्याङ्कन ९

२.२ परिभाषा १०

२.३ पद्धति १२

२.४ उद्देश्यहरू १३

२.५ विशेषताहरू १३

२.६ प्रयोजन १३

२.७ प्रकारहरु १५

२.७.१ सामयिक र औपचारिक मूल्याङ्कन १५

२.७.२ विषयगत र वस्तुगत मूल्याङ्कन १५

२.७.३ निरन्तर र अनौपचारिक मूल्याङ्कन

१५

२.७.४ एकलबद्ध र समग्रताबद्ध मूल्याङ्कन १६

२.७.५ उपलब्धि र दक्षतापरक मूल्याङ्कन १६

२.७.६ अभिक्षमता र निदानात्मक मूल्याङ्कन १६

२.७.७ प्रवेश मूल्याङ्कन र स्थान निर्धारण मूल्याङ्कन १६

२.८ भाषिक मूल्याङ्कनका आधारहरू १७

२.८.१ पाठ्यक्रम विश्लेषित मूल्याङ्कनको उद्देश्यको निर्धारण १७

२.८.२ प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट १७

२.८.३ भाषिक सीपको समग्रतामा आधारित भाषातŒवको मूल्याङ्कन १७

२.८.४ एकयुक्तिबाट एकपक्षको मूल्याङ्कन १८

२.८.५ मूल्याङ्कनीय वस्तु र मूल्याङ्कन युक्तिको सहसम्बन्ध
१९
२.८.६ पूर्वनियोजित मूल्याङ्कन प्रविधिको परिपालन १९
२.९ विकासक्रम १९
२.१० निरन्तर विद्यार्थी मूल्याङ्कनका साधनहरू २२
२.१०.१ कक्षाकार्य २२
२.१०.२ गृहकार्य २२
२.१०.३ अन्तरक्रिया वा छलफल
२२
२.१०.४ संवाद २३
२.१०.५ अन्तरवार्ता २३
२.१०.६ हाजिरीजवाफ २३
२.१०.७ चित्रलेखन एवं नक्साङ्कन २३
२.१०.८ अवलोकन तथा निरीक्षण २३
२.१०.९ एकाइ तथा त्रैमासिक परीक्षा २४
२.१०.१० प्रयोगात्मक परीक्षा २४
२.१०.११ अभिभावकसँग सम्पर्क २४
२.१०.१२ अभिलेख निर्माण तथा प्रयोग २४
२.१०.१३ क्लवकार्य २४
२.११ निष्कर्ष २५

## अध्याय-तीन

### कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूको भाषा शिक्षण र मूल्याङ्कन


३.१ पहिलो भाषाको रूपमा नेपाली शिक्षण र मूल्याङ्कन २६

३.२ दोस्रो भाषाको रुपमा नेपाली शिक्षण र मूल्याङ्कन २६

३.३ नेपाली भाषा विषयको मूल्याङ्कन प्रविधि र नवीनतम अवधारणाहरू २७

३.४ भाषिक सीप विकासका लागि गरिने क्रियाकलाप र मूल्याङ्कन प्रक्रियाको प्रयोग २९

३.४.१ सुनाइ २९

३.४.२ बोलाइ २९

३.४.३ पढाइ २९

३.४.४ लेखाइ ३०

३.५ भाषिक मूल्याङ्कन व्यवस्था ३०

३.५.१ मौखिक जाँच ३०

३.५.२ लिखित जाँच ३१

३.५.३ अवलोकन ३१

३.५.४ जाँचसूची ३१

३.५.५ श्रेणीमापन ३२

३.६ नेपाली भाषा शिक्षणमा मूल्याङ्कन परिपाटीको समीक्षा ३३

३.७ निष्कर्ष ३४

## अध्याय-चार

## कक्षा आठका विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनबाट प्राप्त सामग्रीहरुको प्रस्तुति, व्याख्या तथा विश्लेषण

४.१ पूर्वपरीक्षण ३५
४.२ पाक्षिक रूपमा गरिएको आवधिक परीक्षण ३८
४.२.१ प्रथम आवधिक परीक्षण ३८
४.२.२ दोस्रो आवधिक परीक्षण ४०
४.२.३ तेस्रो आवधिक परीक्षण ४१
४.२.४ चौथो आवधिक परीक्षण ४३
४.२.५ पाँचौं आवधिक परीक्षण ४४
४.३ आवधिक परीक्षाको तुलनात्मक स्तम्भ रेखाचित्र ४६
४.४ निष्कर्ष ४७

## अध्याय-पाँच

५.१ निष्कर्ष ४९
५.२ सुझावहरू ५०
सन्दर्भसामग्री सूची
परिशिष्टहरू

# तालिका-सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | जाँचसूचीको नमुना | ३२ |
| २. | श्रेणीमापन नमुनाको | ३२ |
| ३. | पूर्व परीक्षाबाट प्राप्त नतिजा विवरण | ३६ |
| ४. | प्रथम आवधिक अभिलेख | ३९ |
| ५. | दोश्रो आवधिक अभिलेख | ४० |
| ६. | तेश्रो आवधिक अभिलेख | ४२ |
| ७. | चौथो आवधिक अभिलेख | ४३ |
| ८. | पाँचौ आवधिक अभिलेख | ४४ |
| ९. | स्तम्भ चित्र | ४६ |
| १०. | बृत्त चित्र | ४७ |

# सङ्क्षेपीकृत शब्दसूची

| | संक्षिप्त रूप | | विस्तृत रूप |
|---|---|---|---|
| १. | उ.मा.वि. | - | उच्च माध्यमिक विद्यालय |
| २. | एम.एड. | - | मास्टर अफ एजुकेशन |
| ३. | क्र.स. | - | क्रम संख्या |
| ४. | गा. वि.स. | - | गाउँ विकास समिति |
| ५. | ज.शि.सा.के.लि. | - | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड |
| ६. | डा. | - | डाक्टर |
| ७. | त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| ८. | नि.मा.वि. | - | निम्न माध्यमिक विद्यालय |
| ९. | नेपा. शि. | - | नेपाली शिक्षण |
| १०. | पा.वि.के. | - | पाठयक्रम विकास केन्द्र |
| ११. | प्रा.डा. | - | प्राध्यापक डाक्टर |
| १२. | पृ. | - | पृष्ठ |
| १३. | मा.वि. | - | माध्यमिक विद्यालय |
| १४. | रा.शि.प.यो. | - | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| १५. | वि.सं. | - | विक्रम सम्बत |
| १६. | वि.क्षे.सु.यो. | - | विद्यालय क्षेत्र सुधार योजना |
| १७ | स.प्रा.डा. | - | सह प्राध्यापक डाक्टर |

# अध्याय एक

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा आठका विद्यार्थीहरूको नेपाली विषयको सिकाइमा निरन्तर मूल्याङ्कन र प्रभाव** रहेको छ ।

### १.२ शोधप्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ समस्याकथन

शैक्षणिक सन्दर्भमा भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषाशिक्षणसँग जोडिएर रहेको हुन्छ । भाषाशिक्षण भन्नाले भाषा विषयको शिक्षण नभएर भाषिक सीपको शिक्षण हो । भाषाशिक्षणका क्रममा भाषाका विभिन्न सीप तथा पक्षहरूको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । कतिपय सीप तथा पक्षहरूको मूल्याङ्कन  एकैपटक निर्दिष्ट समयमा मात्र गरेर पुग्दैन । यिनको मूल्याङ्कन निरन्तर र अनौपचारिक रुपमा पनि गरी अभिलेख राखी सोही अभिलेखका आधारमा अन्तिम मूल्याङ्कन गर्नु आवश्यक हुन्छ र सो मूल्याङ्कन प्रभावकारी हुन्छ । कक्षामा गराइने कक्षाकार्य, गृहकार्य, विभिन्न परिवेशका अन्तरक्रियाहरूको अवलोकन आदिका आधारमा अभिलेख सञ्चय गर्दै तिनको लेखाजोखा गर्नु मूल्याङ्कन हो । यो कार्य गर्न सकिए मात्र विद्यार्थीको बोध तथा अभिव्यक्ति सामर्थ्यको ठीकठीकसँग पहिचान गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा शिक्षा क्षेत्रमा ठूलो लगानी लगाइएको देखिन्छ तापनि राष्ट्रलाई खाँचो परेको दक्ष जनशक्ति यो देशले प्राप्त गर्न सकेको देखिँदैन । शिक्षाको गुणस्तर दिनानुदिन खस्कँदो अवस्थामा छ। लगानीअनुरूपको प्रतिफल प्राप्त गर्न नसक्नुको पछाडि धेरै कारणहरू रहेका छन् । तीमध्ये गुणस्तरीय जनशक्ति उत्पादन गर्न नसक्नुको एक कारण पाठ्यक्रमको

उद्देश्यअनुरूपको शिक्षण सिकाइ पद्धतिलाई शिक्षण कार्यमा प्रयोगमा नल्याइनु र ल्याइन नसक्नु पनि हो । उद्देश्य प्राप्तिभन्दा जसरी तसरी कक्षा पास गर्ने गराउने सोचका कारण गुणत्मक र स्तरीय शिक्षा प्राप्त गर्न नसक्दा राष्ट्रले ठूलो शैक्षिक क्षती व्यहोर्नु परेको छ ।

विद्यार्थीको सिकाइको गुणस्तर वृद्धिका लागि अध्ययन अनुसन्धान भए पनि त्यसको प्रभावकारी प्रयोग भएको देखिँदैन । अतः विद्यार्थीको सिकाइको गुणस्तर वृद्धिका लागि निरन्त मूल्याङ्कनको प्रभावकारी प्रयोग आजको शैक्षिक जगतमा निकै महत्वपूर्ण हुँदै आएको छ ।

प्रत्यक्ष रूपमा विद्यार्थीको सहभागिता र शिक्षकको क्रियाशीलताका आधारमा भाषिक प्रगतिको लेखाजोखा गर्ने कार्यसँग आवद्ध रही यस शोधपत्रमा निम्नानुसारको समस्यामाथि अध्ययन गरिएको छ ।

क. निरन्तर भाषिक मूल्याङ्कनको सैद्धान्तिक स्वरूप के कस्तो छ ?

ख. पाल्पा जिल्लास्थित किसान उच्च माध्यमिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको नेपाली विषयको सिकाइ उपलब्धिस्तर के कस्तो छ ?

ग. यी विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तरको मापन के कस्ता मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ र तिनीहरूको निरन्तर सहभागितामा शैक्षिक उपलब्धि हासिल भयो भएन ?

## १.४ शोधकार्यको उद्देश्य

यस शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् ।

क. निरन्तर भाषिक मूल्याङ्कनको सैद्धान्तिक पक्षमा प्रकाश पार्नु ।

ख. पाल्पा जिल्लास्थित किसान उ.मा.वि.का कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको नेपाली विषयको सिकाइ उपलब्धिस्तर पत्ता लगाउनु ।

ग. मूल्याङ्कनका विभिन्न साधनहरूको प्रयोग गरी विद्यार्थीहरूको सिकाइ प्रगतिको निरन्तर लेखाजोखा गर्दै उनीहरूको शैक्षिक उपलब्धिस्तर पहिल्याउनु ।

घ. शिक्षण सिकाइ कार्यमा निरन्तर मूल्याङ्कनको प्रभावकारिता पत्ता लगाउनु ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधकार्यको सीमा निम्नानुसार रहेको छ ।

क. किसान उ.मा.वि. झडेवा ९ पाल्पाको कक्षा आठमा अध्ययनरत छनोट गरिएका जम्मा २० जना विद्यार्थीहरूलाई मात्र नमूनाको रूपमा लिइएको छ ।

ख. ज.शि.सा.के.लि द्वारा सम्पादित सानोठिमी भक्तपुरबाट प्रकाशित तथा स्वीकृत नेपाली भाषाको पाठ्यपुस्तक ‘नेपाली किताब’ कक्षा आठलाई पाठ्यपुस्तकको रुपमा लिइएको छ ।

ग. प्रत्येक हप्ताको पाँच घण्टी प्रतिघण्टी ४५ मिनेटका दरले नेपाली विषयमा उपयोग गरिने शिक्षण र मूल्याङ्कनमा मात्र सीमित रहने छ ।

घ. तीन महिनासम्मको अवधिलाई निरन्तर मूल्याङ्कन अवधि मानिएको छ ।

ङ. अध्ययन गराइएका पाठहरूको उपलब्धिस्तर पत्ता लगाउन पाक्षिक रूपमा निश्चित मापदण्ड र निश्चित पूर्णाङ्क निर्धारण गरी कक्षामा छनोट गरिएका विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर  निर्धारण गरिएको छ ।

च. पूर्वपरीक्षादेखि सुरु गरी पाँचौ आवधिक परीक्षासम्मको अवधि मानी अध्ययन पूरा गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत एम.एड तह पार गनेए उद्देश्यले यस्ता विभिन्न विषयहरूमा अनुसन्धान र विश्लेषण हुने गरेका छन् । प्रस्तुत शोधशीर्षकसँग सम्बन्धित यसअगाडि भएका केही महत्वपूर्ण अध्ययन अनुसन्धानको संक्षिप्त सिंहावलोकन निम्नानुसार गरिएको छ।

जुनकुरा परीक्षण गर्न खोजिएको हो, त्यसको उपयोगिताको बारेमा शिक्षक स्वयम् परिचित हुन आवश्यक छ । भाषिक मूल्याङ्कनका लागि विभिन्न किसिमका प्रश्नहरू निर्माण गरी सोही अनुसार मूल्याङ्कन गर्नु पर्दछ । जसबाट अपेक्षित उपलब्धिको प्राप्तिमा सफलता मिल्न सकोस् (लामिछाने, २०५७ :२१) ।

लामिछानेद्वारा भाषिक मूल्याङ्कनबारे धेरै उल्लेख गरेता पनि निरन्तर भाषिक मूल्याङ्कनको बारेमा त्यति चर्चा गरेको देखिँदैन र निरन्तर मूल्याङ्कनका साधन तथा अङ्कबारे चर्चा नगरेकोले यहाँ त्यसको सम्बन्धमा चर्चा गरिएको छ ।

भाषिक मूल्याङ्कनका राखिएका अभ्यासहरूले सिकारूहरूमा रहेका अन्तरक्षमतालाई प्रस्फुटित गर्न मासिक परीक्षा, त्रैमासिक परीक्षा, अर्ध बार्षिक परीक्षा जस्ता परीक्षाले सिकारूमा निर्माणात्मक पक्षलाई दरिलो बनाउने काम गर्दछन् । अर्को अर्थमा भन्ने हो भने निरन्तर मूल्याङ्कनका माध्यमबाट नै सिकारूको वास्तविक मूल्याङ्कन सम्भव हुन्छ (लम्साल, २०६२ : ३८) ।

लम्सालद्वारा भनिएका सबै कुराको अध्ययन गर्दा निरन्तर मूल्याङ्कनका साधनको बारेमा मौन रहेको पाइन्छ । यस शोधकार्यमा कक्षाकार्य, गृहकार्यजस्ता मूल्याङ्कनका साधनहरूको चर्चा गरिएको छ ।

त्यसैगरी निरन्तर मूल्याङ्कनका सम्बन्धमा प्रा.डा. हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सहलेखनमा तयार गरिएको प्रारम्भिक नेपाली शिक्षण (२०६२) नामक पुस्तकमा भाषिक मूल्याङ्कन शीर्षक अर्न्तगत मूल्याङ्कनका साधनहरू, भाषिक मूल्याङ्कनका लागि प्रश्नहरू, भाषिक सीप र भाषतत्वको परीक्षण, अभ्यास, प्रश्न र मूल्याङ्कनको चर्चा गर्ने क्रममा लिखित, पर्यवेक्षण, जाँचसुची र श्रेणीमापन जस्ता साधजद्वारा विद्यार्थीहरूको शैक्षिक उपलब्धि मापन गर्न सकिने कुरा उल्लेख गरिएको छ । निरन्तर मूल्याङ्कन र साधनको चर्चा अधिकारी र शर्माबाट भएको छ तर निश्चित अङ्क विभाजन गरी भाषाको आन्तरिक मूल्याङ्कनको चर्चा नभएको हुँदा यहाँ निश्चित अङ्कसमेत राखी मूल्याङ्कनको चर्चा गरिएको छ।

शैक्षणिक कार्यकलापका क्रममा विद्यार्थीहरूले समय समयमा के कति प्रगति गरे वा उनीहरूको भाषिक क्षमता सम्पादन के कस्तो छ वा उनीहरू के कस्ता क्षेत्रमा सक्षम छन् र के कस्ता क्षेत्रमा असक्षम छन् ? आदिको जानकारी जब शिक्षकलाई आवश्यक पर्दछ तब उक्त जानकारीका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । मूल्याङ्कनद्वारा नै आफ्ना विद्यार्थीहरूको शैक्षिक उन्नती र अवनतिको सही लेखाजोखा प्राप्त हुन्छ । अतः यसलाई शिक्षण सिकाइ प्रक्रियाको पथप्रदर्शकका रुपमा हेर्न सकिन्छ (कट्टेल, २०६५ :३) ।

यसरी विद्यार्थीहरूको भाषिक मूल्याङ्कन गर्दा आपनाइनु पर्ने प्रमुख साधनहरू मध्ये वस्तुगत प्रश्न अर्न्तगत खाली ठाउँ भर्ने ठीक बेठीक छुट्याउने जोडा मिलाउने र बहु-बैकल्पिक प्रश्नहरूका नमूना प्रस्तुत गरिएका छन् भने विषयगत प्रश्नअन्तर्गत छोटो उत्तर दिने प्रश्न र निबन्धात्मक प्रश्नहरूका बारेमा प्रशस्त चर्चा गरिएको छ ।

विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गर्नका लागि उनीहरूको सिकाईका क्रममा के कस्ता क्षेत्रमा कमजोरी छन् ? र त्यसको निराकरण कसरी गर्न सकिन्छ ? भनेर मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसका लागि के कस्ता भाषिक मूल्याङ्कनका साधनहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् र तिनीहरूको प्रयोग कसरी गर्ने भन्ने बारेमा अन्य विभिन्न पुस्तकहरूका पनि चर्चा गरिएको देखिन्छ ।

भाषिक सीपको मूल्याङ्कन प्रक्रियाकै चर्चा गर्दा शान्ता बास्कोटाद्वारा २०३५ सालमा तयार पारिएको नेपाली भाषशिक्षकहरूबाट प्रयोगमा ल्याएका साधनहरू भन्ने शोधप्रश्न, अवलोकन, अर्न्तवार्ता, निरीक्षण श्रेणी मापन आदिको चर्चा पाइन्छ । बि.सं. २०६३ सालमा नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुरबाट डा. पारसमणी भण्डारीको निर्देशनमा पुष्करराज जोशीद्वारा तयार पारिएको कक्षा नौमा अध्ययनरत विद्यार्थीको सिकाइ प्रगति अभिलेखको अध्ययन नामक शोधपत्रमा विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनबाट प्राप्त सिकाइ उपलब्धिको आवधिक रुपमा अभिलेख राख्ने र तुलनात्मक रुपमा विद्यार्थीहरूको प्रगति लेखाजोखा आँकलन गर्ने उद्देश्य लिएर अध्ययन गरिएको उक्त शोधपत्रमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीसँग लिखित, मौखिक, अवलोकन, जाँचसूची, श्रेणीमापनजस्ता अध्ययन विधिहरूको प्रयोग गरी, विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनलाई तुलनात्मक रूपमा आवधिक प्रगति विवरणको अभिलेख राख्ने कार्य गरेको पाइन्छ । उक्त शोधपत्रहरूको अध्ययन गर्दा पूर्वपरीक्षण, कक्षाकार्य तथा गृहकार्यमा विद्यार्थीहरूलाई जनसंख्याको रूपमा प्रतिनिधि नमूना छनोट गरी सामग्री निर्माण, तथ्याङ्क संकलन र विश्लेषणजस्ता युक्तिहरूको उपयोग गरिएको पाइन्छ ।

माथिका पूर्वकार्यबाट सारमा के भन्न सकिन्छ भने सबैबाट निरन्तर मूल्याङ्कन र त्यसको उपादेयता चर्चा गरी निरन्तर मूल्याङ्कनबाट प्राप्त नतिजा हेर्दा विद्यार्थीहरूको सकारात्मक सुधार तथा उल्लेख्य प्रगति र सकारात्मक प्रभाव देखिए पनि समग्र रूपमा नेपाल भरीका विद्यालयमा यस्तो मूल्याङ्कनको प्रयोग नेपाली भाषा शिक्षणमा अत्यन्तै न्यून रहेको र निश्चित अङ्कसमेत

निर्धारण नगरिएकोले नवीन अवधारणामा अङ्कसमेत विभाजन यस शोधकार्यमा गरी यस कार्यलाई बढीभन्दा बढी प्रयोगमा ल्याउनुपर्ने ठहर यस शोधकार्यमा गरिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको सन्दर्भमा पत्रपत्रिकाहरूको चर्चा गर्ने क्रममा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग भक्तपुरबाट प्रकाशित शैक्षिक स्मारिका (२०६४) मा विद्यार्थीहरूको आवधिक मूल्याङ्कन सम्बन्त्री पद्धतीको चर्चा पाइन्छ । शिक्षा विभागद्वारा गरिएको अध्ययनको प्रतिवेदन (२०६२-२०६३) आदि पुस्तक तथा पत्रपत्रिकाले पनि विद्यार्थीहरूको निरन्तर तथा आवधिक मूल्याङ्कन सम्बन्धी चर्चा गरेको पाइन्छ ।

यसरी यस क्षेत्रमा धेरै कार्यहरू भएर पनि निश्चित तथा विद्यालयहरूमा निश्चित समय निर्धारण गरी निश्चित विद्यार्थीहरूबीच निश्चित विधि र प्रक्रियाअन्तर्गत रही क्षेत्रगत आधारमा उद्देश्यमूलक रूपबाट अध्ययन विश्लेषण गर्ने कार्य हुन अझै बाँकी देखिन्छ । यस्तो स्थितिमा उल्लेखित सामग्री समेतको मार्ग निर्देशनमा यस अध्ययनमा कक्षा आठका विद्यार्थीहरूमा नेपाली भाषा सिकाइको अवस्था के कस्तो रहेको छ ? शिक्षक विद्यार्थीले यस क्षेत्रमा के कस्तो उत्सुकता, क्रियाकलाप र सहभागिता देखाएका छन् ? तिनै आधारमा लेखाजोखाको विश्लेषण गरी अध्ययन गर्न प्रस्तुत शोधको अभीष्ट रहेको छ ।

## १.७. अध्ययनको औचित्य

हाम्रो देश नेपाल भौगोलिक साँस्कृतिक विविधतायुक्त छ । भू-बनोटका दृष्टिले सबै क्षेत्रमा एकरूपता पाउन सकिँदैन । यस्तो अवस्थामा विद्यालयका नाक्साङ्कन र स्थापनामा पनि तालमेल भएको पाइँदैन । यसरी विद्यालयको वितरण र स्थापनाको अवस्था अस्तव्यस्त र अदूरदर्शी छ । शिक्षा क्षेत्रमा राष्ट्रले गरेको लगानीको सही सदुपयोग भएको पाइँदैन जसको कारण शिक्षाको गुणत्मक पक्ष कमजोर हुँदै गइरहेको छ ।

मूल्य र अङ्कन यी दुई शब्दको मेलबाट निर्मित शब्द मूल्याङ्कन हो । जसको अर्थ कुनै विषयबस्तुको आकार रङ्ग, गुण, दोष केलाएर वस्तुको मूल्य निर्धारण गर्नु भन्ने बुझिन्छ । वर्तमान समयमा विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन गर्न मूलतः दुई तरिका प्रयोगमा ल्याउने गरिएको छ । निर्माणात्मक र निर्णयात्मक । निर्माणात्मक मूल्याङ्कनद्वारा सिकाइ क्रियाकलापमा विषयगत रूपमा विद्यार्थीहरूले हासिल गरेका सिकाइ उपलिब्धहरू, सामाजिक बानी व्यवहार

तथा अतिरिक्त कार्यमा सहभागिता सम्बन्धी विशेष घटना वा कार्यको निरन्तर लेखाजोखा गरी अभिलेख राख्ने काम गन्छि भने निर्णयात्मक मूल्याङ्कनबाट सीमित समयको लेखाइबाट निश्चित पूर्णाङ्क उत्तीर्णाङ्क र प्राप्ताङ्कका आधारमा पास फेलको स्तर निर्धारण गरिन्छ । यी दुई मूल्याङ्कनको चलन वा प्रयोग उचित ढङ्गबाट खासै हुन सकिरहेको छैन । यसको विकल्पमा निर्णयात्मक मूल्याङ्कनलाईं नै आधार मानेर एकाइ, त्रैमासिक, अर्धवार्षिक, तथा वार्षिक परीक्षा पद्धतिका माध्यमबाट नै मूल्याङ्कन गर्ने परीपाटी रहेको देखिन्छ ।

नेपालको शिक्षा क्षेत्रमा विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीहरूलाई माथिल्लो कक्षामा चढाउने कि नचढाउने ? भन्ने कुराको निर्णय लिनेमा मात्र केन्द्रित देखिन्छ । यस अध्ययनमा चाहिँ नि.मा.वि. तहका विद्यार्थीहरूको मूल्याङ्कनमा यस्तो कुराको निर्णय लिने भन्दापनि यस प्रक्रियालाई प्रभावकारी शिक्षण सिकाईमा उपयोग गरी अत्याधिक विद्यार्थीहरूमा पाठ्यक्रमले निर्देश गरेका उपलब्धि हासिल गराउने र विद्यार्थीहरूको यथार्थ अवस्थालाई अभिलेखीकृत गर्नेतर्फ यो अध्ययन केन्द्रिंत गरिने हुँदा यसको औचित्य पुष्टि हुनेछ । यसरी यो अध्ययन कक्षा आठमा मात्र सीमित नरही प्राथमिकदेखि माध्यमिक तहसम्म लागु भएमा निरन्तर मूल्याङ्कन र यसको प्रभावकारिताले तय गरिएको उद्देश्य पूरा गर्न मद्दत गर्ने हुँदा यसको महत्व पनि रहने विश्वास राखिएको छ ।

## १.८. अध्ययन विधि

यो शोधकार्यका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीसँग सम्बन्धित अध्ययन विधि प्रयोग गरिएको छ । प्रतिनिधित्वको रूपमा नमूना छनौट विधि, प्रश्नोत्तर आदि विधिलाई प्रयोगमा ल्याइने छ । मूलतः यस कार्यमा प्राथमिक स्रोत र द्वितीय स्रोतका निम्नानुसारका विधिहरूलाई प्रयोगमा ल्याइएको छ।

नमूना छनौट विधि

पूर्वपरीक्षण विधि

सामग्री अवलोकन विधि

परीक्षण विधि

तुलनात्मक विधि

समीक्षा, व्याख्या तथा विश्लेषण विधि

पुस्तकालयीय विधि

## १.९ शोधपत्रको रूपरेखा

| | |
|---|---|
| अध्याय एक | : शोधकार्यको परिचय |
| अध्याय दुई | : निरन्तर विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक स्वरूप |
| अध्याय तीन | : कक्षा आठका विद्यार्थीहरूको भाषा शिक्षण र मूल्याङ्कन |
| अध्याय चार | : कक्षा आठका विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनबाट प्राप्त सामग्रीहरूको प्रस्तुती व्याख्या तथा विश्लेषण |
| अध्ययन पाँच | : निष्कर्ष तथा सुझावहरू |

# अध्याय दुई

## निरन्तर तथा भाषिक मूल्याङ्कनको सैद्धान्तिक स्वरूप र प्रयोजन

## २.१ परिचय

'मूल्य' र 'अङ्कन' यी दुई शब्दको संयोजनबाट निर्मित शब्द मूल्याङ्कन हो । जसको व्युत्पत्तिगत अर्थ कुनै विषयवस्तुको आकार, रङ्ग, गुण र दोष केलाएर वस्तुको मूल्य निर्धारण गर्नु भन्ने हुन्छ । अर्थात कुनै चिजको मूल्य पत्ता लगाउनुलाई मूल्याङ्कन भनिन्छ । मूल्याङ्कन दैनिक जीवनमा आइपर्ने स्वाभाविक प्रक्रिया हो । मानवजीवनका सम्पूर्ण क्रियाकलापहरू सामान्यबाट विशिष्टतर्फ उन्मुख हुन्छन्, त्यसैले मूल्याङ्कन पनि त्यसै अनुसारको हुने गर्दछ र हुनु पर्दछ । मापनबाट प्राप्त मात्रात्मक विवरणलाई गुणात्मक विवरणमा परिवर्तन गर्नु मूल्याङ्कन हो । (पन्थ, २०६४:१९)

कुनै विषय पढाउनुभन्दा अगाडि त्यसका उद्देश्यहरू के के हुन् ? त्यस विषयको पठनपाठन प्रक्रिया के के हो ? प्रयोग हुने शैक्षिक सामग्रीहरू के के हुन् ? मूल्याङ्कन प्रक्रिया के हो ? विषयको उपयोगिता के हो ? जस्ता धेरै कुराहरू हेरे पश्चात विद्यार्थीको व्यवहारमा कति परिवर्तन भयो ? के के कुरा गल्ती भए, के के र कस्ता कुराको परिमार्जन र परिवर्तन गर्नुपर्छ ? भनी सम्पूर्ण विषयवस्तुको लेखाजोखा गरी सहीबाटो कार्यान्वयन गराउनु मूल्याङ्कनको हेतु हो । विद्यार्थी मूल्याङ्कनमा ज्ञानको मात्र मूल्याङ्कन नभई सीप र व्यवहारिक विकासको समेत लेखाजोखा गर्नुपर्दछ ।

शिक्षण प्रक्रियामा सवैभन्दा आवश्यक र महत्वपूर्ण पक्षमा मूल्याङ्कनलाई लिने गरिएको छ । शैक्षिक प्रक्रियामा तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको प्रयोग गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र पुनर्योजना गर्ने कार्य विद्यार्थी मूल्याङ्कन हो ।

पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू सिकारूले के कति हासिल गरे वा गरेनन् ? भन्ने कुरा निर्धारण गर्नको लागि मूल्याङ्कन गरिन्छ । औपचारिक र अनौपचारिक मूल्याङ्कनका साधनहरूको प्रयोग गरी सिकारूले हासिल गरेका उपलब्धिको आधारमा कमीकमजोरी पत्ता लगाई सुधार गर्ने प्रगतिको लेखाजोखा गर्ने र कक्षा उकास्नेजस्ता कार्य

गरिन्छ, यस्ता कार्य गर्नका लागि मूल्याङ्कनका विभिन्न तरिकाहरू अवलम्बन गरिने गरिएको छ । जसलाई निम्न प्रकार उल्लेख गर्न सकिन्छ ।

## २.१.१ निर्माणात्मक मूल्याङ्कन

शिक्षण सिकाईको क्रममा पाठ समाप्तिपछि सिकारू कतिसम्म स्पष्ट हुन सके वा सकेनन् उद्देश्यअनुसारको सिकाई उपलब्धि हासिल हुन सके वा सकेनन् त्यसको बारेमा निर्णय लिई सुधार गर्न अवलम्बन गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसले शैक्षिक सत्र भरि निरन्तर रूपमा मूल्याङ्कन गर्दछ । मूलतः सिकारूको स्तर उकास्ने तथा कमी कमजोरी निर्धारण गरी सुधार गर्ने जस्ता कार्यमा यस मूल्याङ्कनको उपयोग गरिन्छ ।

## २.१.२ निर्णयात्मक मूल्याङ्कन

शैक्षिकसत्रको अन्तमा अथवा कुनै पनि कार्यक्रमको अन्तमा गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । औपचारिक रूपमा लब्धाङ्कपत्र तथा प्रमाणपत्र प्रदान गर्ने वा तह उत्तीर्ण गराउने प्रयोजनका लागि गरिने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो यस मूल्याङ्कनबाट शैक्षिक संस्थाको प्रगति, विकास, विस्तार एवं स्तर पत्ता लगाउन सकिन्छ र योजनाको वैधता, उपयुक्तता, आवश्यकता, औचित्यता प्रमाणित हुन्छ ।

## २.१.३ निदानात्मक मूल्याङ्कन

शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीका सिकाई सम्बन्धि विविध समस्याहरू आइरहेका हुन्छन्। खास किसिमका सिकाई समस्याहरू पत्ता लगाउन निदानात्मक कार्यको आवश्यकता पर्दछ । विशेष उपायद्वारा सिकारूका समस्या पत्ता लगाउने प्रक्रिया निदानात्मक मूल्याङ्कन हो । यसबाट शिक्षक तथा विद्यार्थीलाई आवश्यक जानकारी प्राप्त हुने गर्दछ । यो मूल्याङ्कन सिकारूले किन सिक्न सकेनन् भन्ने प्रश्नसँग र विद्यार्थीको मनोवैज्ञानिक पक्षसँग बढी सम्बन्धित हुन्छ ।

## २.१.४ प्रारम्भिक/पूर्व मूल्याङ्कन

कुनै पनि तहको शैक्षिक संस्थामा प्रवेश गर्नु पूर्व लिईने प्रवेश परीक्षालाई / पूर्व मूल्याङ्कन भनिन्छ । यसले सिकारूको पूर्व अनुभव, पूर्व ज्ञान, सीप तथा अभिवृत्तिको स्तर पत्ता लगाउछ ।

शिक्षाविद्हरूले विद्यार्थी मूल्याङ्कन गर्दा व्यापक र निष्पक्ष परीक्षा प्रणालीको विकास गर्दै परीक्षालाई पाठ्यक्रमद्वारा निर्दिष्ट सिकाई उपलब्धि हासिल गराउन केन्द्रित गर्नुपर्ने, शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याउने, राष्ट्रिय मूल्याङ्कन नीतिनिर्माणको निर्णयका लागि पृष्ठपोषण दिन विद्यार्थी मूल्याङ्कनलाई विशेष ध्यान दिनुपर्ने कुरा औंल्याएको पाइन्छ ।

नेपालको सन्दर्भमा सिकाई प्रक्रियामा विद्यमान मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा विकसित हुन नसकेको कुरा सरोकारवालाहरूले औंल्याएको पाइन्छ । धेरैजसो विद्यालयहरूमा निर्माणात्मक/निरन्तर मूल्याङ्कन प्रणालीलाई अङ्गीकार गरेको पाँइदैन । मूल्याङ्कन प्रणालीलाई परीक्षामुखी सिद्धान्तबाट अभ्यास गर्ने गरिन्छ । जसको कारण पाठ्यक्रमले निर्दिष्ट गरेका लक्ष्य प्राप्त हुन सकेको देखिंदैन । विद्यार्थीलाई कक्षा चढाउन गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलापजस्ता क्रियाकलापलाई समावेश गरिएको छैन् । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रोबाट निरन्तर रूपमा निरन्तर मूल्याङ्कन पद्धतिलाई अङ्गीकार गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिमका अतिरिक्त विविध प्रयासहरू गरिंदै आएकोछ । यस प्रकारका अभ्यास तथा प्रयासबाट पनि विद्यार्थीको समग्र पक्षको मूल्याङ्कन तथा विद्यार्थी मूल्याङ्कनका आधारमा शिक्षा पद्धतिको समेत मूल्याङ्कन प्रणाली प्रभावकारी हुन नसकेको कटु यथार्थ हाम्रो माझ विद्यमान छ । तसर्थ नेपालको सन्दर्भमा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकसित गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरूको बौद्धिक स्तर, रुचि गति एवम् आवश्यकतासँग आवद्ध गर्दै मूल्याङ्कन पद्धतिलाई प्रभावकारी वनाउनु आजको टड्कारो विषय हो । विद्यार्थी मूल्याङ्कन, शिक्षक मूल्याङ्कन, विद्यालय मूल्याङ्कन तथा पाठ्यक्रमको मूल्याङ्कन समेतका आधारमा शिक्षाको समग्र विकास गर्दै राष्ट्रका लागि दक्ष जनशक्ति उत्पादन गर्न सक्ने व्यवस्थित पद्धति कार्यान्वयनमा आउन सकेको छैन् । बालबालिकाले कक्षा उत्तीर्ण गर्न सके नसकेको आधारमा शिक्षक, विद्यालय र समग्र पद्धतिको

मूल्याङ्कन गर्ने परिपाटी हाम्रो देशमा विद्यमान छ । यो परिपाटीलाई क्रमशः कम गर्दै जान विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धतिअनुरूप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने र सिकारूलाई प्रतिस्पर्धी समाजमा सहज रूपमा समायोजन गर्न सक्ने गरी व्यवस्थित गरिनु पर्ने यथार्थ हाम्रो सामु छ, जुन धेरै चुनौतीपूर्ण पनि छ । (कट्टेल, २०६५:२४)

## २.२. परिभाषा

निरन्तर मूल्याङ्कन पूर्णरूपमा निर्माणात्मक मूल्याङ्कन प्रणालीमा आधारित रहेको छ । सिकारूहरूले सिकाइएको पाठ वा एकाइहरूमा कति हदसम्म ज्ञान, सीप र दक्षता हासिल गर्न सफल भए भन्ने मुख्य उद्देश्य राखेर नियमित रूपमा लेखाजोखा गर्नुलाई निरन्तर मूल्याङ्कन भनिन्छ। विद्यार्थीहरूको सिकाइको स्तर पत्ता लगाउन र शिक्षणमा आएका गल्ती वा कमीकमजोरी पत्ता लगाई उपचारात्मक प्रक्रिया अपनाउनु निरन्तर/निर्माणात्मक मूल्याङ्कनको मूल आधार मानिन्छ । यसले शैक्षिक सत्रभरी निरन्तररूपमा विभिन्न समयमा लेखाजोखा गर्दछ । यसले सिकारूका दैनिक कक्षा परीक्षण, एकाइपरीक्षा, कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा आदिको माध्यमबाट ज्ञान, रुचि र क्षमताको लेखाजोखा गर्दछ । शिक्षण सिकाइसँगसँगै मूल्याङ्कन भइरहने हुनाले सिकाइ क्रियाकलापमा सुधार ल्याउने, सिकारूको स्तर उकास्ने तथा कमीकमजोरी पत्ता लगाई पृष्ठपोषण दिने जस्ता कार्यमा यस मूल्याङ्कनको उपयोग गरिन्छ ।

विद्यार्थीको सिकाइलाई सुधार्ने तर अन्तिम फैसला नदिने अथवा उर्त्तीण अनुर्त्तीणको घोषणा नगर्ने भएकोले यस मूल्याङ्कनलाई अनिर्णयात्मक मूल्याङ्कन पनि भनिन्छ । यसले सिकाइको मात्रात्मक उपलब्धिलाई गौण ठान्छ र गुणात्मक उपलब्धिलाई महत्व दिन्छ । निरन्तर/ अनिर्णयात्मक/ निर्माणात्मक मूल्याङ्कनको बारेमा केही शिक्षाविद्हरूले दिएका परिभाषाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क) 'शैक्षिक कार्यको कुनै पनि पक्षको मूल्य औपचारिक रूपमा निर्धारण गर्नु मूल्याङ्कन हो ।'

- पोपहम

ख) 'शैक्षिक कार्यक्रम बारे निर्णय दिनका लागि आवश्यक जानकारी प्रप्त गर्नु र उक्त जानकारीबाट निर्णयमा पुग्नु मूल्याङ्कन हो ।' - क्रोनवाच

ग)  'मूल्याङ्कन शैक्षिक मापनको समानार्थक हो ।'

- थर्नडाइक र हेगेन

घ)  'निरन्तर मूल्याङ्कन कार्यक्रमको नमूना र विकाससँग सम्बन्धित हुन्छ जसले कार्यक्रम पूरा हुनु पूर्व कार्यक्रमलाई परिमार्जित र सुधार गर्न निर्देशित गर्दछ ।'

– जे.नित्को

ङ)  'निरन्तर मूल्याङ्कन एकपछि अर्को शैक्षणिक प्रक्रियाबाट सिकाइ योजनाअनुरूप भए नभएको निरीक्षण गर्न प्रयोग गरिन्छ ।' – आर.एल. इवेल र डी. ए.फ्रिस्वी

च)  'निर्माणात्मक मूल्याङ्कन कुनै समयावधिमा भइरहन्छ जसले विद्यार्थीको प्रगतिमा निर्देशन गर्दछ ।'  –एस.जि. ग्रुस (पण्डित र पण्डित, २०५७ : १२७)

माथिका परिभाषाबाट के बुझ्न सकिन्छ भने शैक्षिक उद्देश्य के कति प्राप्त हुनसके वा सकेनन् सोको जानकारी गराउन निरन्तर रूपमा चल्ने प्रक्रिया मूल्याङ्कन हो । खासगरी लक्षित उद्देश्यले व्यवहारिक पक्षको परिवर्तनको मूल्य निर्धारण गर्ने भएको हुँदा उपलब्धिका निर्णय ठहरका लागि आवश्यक सूचना प्राप्त गराउने र व्याख्या गर्ने कार्य मूल्याङ्कनले गर्दछ । त्यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिलाई बढी भन्दा बढी प्रयोगमा ल्याउनु पर्दछ ।

## २.३. पद्धति

विद्यार्थी केन्द्रित शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गरी शिक्षणका साथसाथै विभिन्न औपचारिक र अनौपचारिक तरिकाद्वारा उपलब्धि र कमीकमजोरीको मूल्याङ्कन र मूल्याङ्कनबाट प्राप्त सूचनाका आधारमा शिक्षण विधि र तरिकामा सुधार गर्ने पद्धतिलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भन्न सकिँदैन । कक्षामा शिक्षण गर्नुपूर्व उद्देश्यको किटान गरी शिक्षणसिकाइ क्रियाकलाप गर्ने, उद्देश्य पूरा भयो भएन भन्ने जानकारी प्राप्त गर्न मूल्याङ्कनका विभिन्न औपचारिक तथा अनौपचारिक तरिकाहरू अपनाई विद्यार्थीहरूका वैयक्तिक समस्या पहिचान गर्ने र सोहीअनुसार शिक्षणविधिमा सुधार र विद्यार्थीको उपलब्धि दरमा वृद्धि गर्न थप सहयोग पुऱ्याउनु नै निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रक्रिया र लक्ष्य हो ।

परीक्षणलाई मानक प्रासङ्गिक र आधार प्रासङ्गिक परीक्षणका रूपमा विभाजन गर्ने गरिन्छ। मानक प्रासङ्गिक परीक्षणमा विद्यार्थीको उपलब्धिलाई उसको समूहका अन्य

विद्यार्थीहरूका उपलब्धिसँग तुलना गरी उसको स्थान कहाँ छ भन्ने पत्ता लगाइन्छ । विद्यार्थीको उपलब्धिको स्तर तुलना गर्न र विशिष्ट सीप, क्षमता र स्तरका व्यक्तिहरूको छनोट गर्ने उद्देश्यका लागि यो उपयुक्त हुन्छ । आधार प्रासङ्गिक परीक्षणमा विद्यार्थीले कुनै विशिष्ट ज्ञान वा सीप हासिल गरेको छ छैन् भन्ने आधारमा विद्यार्थीको मूल्याङ्कन गरिन्छ । पाठ्यक्रममा निर्धारण गरिएका सिकाइ उपलब्धिहरू पूरा भए भएनन् भन्ने आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने भएकोले यसमा विद्यार्थीले सिकेका र सिक्न बाँकी रहेका वा सिक्न नसकेका पक्षहरूको लेखाजोखा गर्न पूर्व निर्धारित सिकाइ  र उपलब्धिहरूले आधार प्रदान गर्दछ । यो पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिमा आधारित रहेर गरिने मूल्याङ्कन भएकोले यसलाई पाठ्यक्रममा आधारित मूल्याङ्कन समेत भन्न सकिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति आधार प्रासङ्गिक परीक्षण कै एउटा रूप हो (शैक्षिक स्मारिका २०६४:२२)।

## २.४. उद्देश्यहरू

सिकारुका कमीकमजोरीहरू तथा आवश्यकताहरू पत्ता लगाई तुरुन्तै पृष्ठपोषण प्रदान गर्नु, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणविधि र सामग्रीमा सुधार ल्याउनु, सिकारूको प्रगतिको निरन्तर लेखाजोखा राखी सिकाइकार्यमा सदा उत्प्रेरित गर्न सिकारूलाई विद्यालयमा नियमित उपस्थित हुने वातावरण तयारगर्नु अधिकतम  विद्यार्थीलाई तहगत शैक्षिक उपलब्धि पूरा गराउनु, सिक्ने र सिकाउने बीचको सम्बन्ध सुमधुर गराउनु र उदार कक्षा उन्नतिको निति कार्यान्वयन गर्नु आदि ।

## २.५. विशेषताहरू

यो मूल्याङ्कनबाट शिक्षण सिकाइ प्रक्रियाको निरन्तर लेखाजोखा हुने र मूल्याङ्कन पनि हुने, घोकन्ते प्रवृत्तिमा कमी ल्याउने, सिकारूका कमीकमजोरीको पत्ता लगाई तत्काल पृष्ठपोषण दिने, मूल्याङ्कनका उपयुक्त साधनहरूको प्रयोग गर्ने अवसर प्राप्त गर्ने, शैक्षिक कार्यक्रमको सुधार र निर्माणका लागि प्रयोगमा आउने, औपचारिक एवं अनौपचारिक दुवै प्रकृतिको हुने, व्यवस्थापन गर्ने निकायको रूपमा शिक्षक, परामर्शदाता, पाठ्यक्रम लागु गर्ने व्यक्ति र

मनोवैज्ञानिक आदि रहने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनेभन्दा पनि प्रभावकारी शिक्षण-सिकाइका लागि पृष्ठपोषण दिन उपयोगी हुने ।

## २.६. प्रयोजन

शैक्षणिक सन्दर्भमा भाषिक मूल्याङ्कनकको प्रसङ्ग भाषाशिक्षणसँग जोडिएर आएको हुन्छ । भाषाशिक्षण भनेको भाषा विषयको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो । सीपपरक अपेक्षाहरूसित सान्दर्भिक हुने भाषातात्विक सुझ र ज्ञानको सीमित सैद्धान्तिक प्रसङ्गमा बाहेक भाषिक मूल्याङ्कन मूलतः भाषाका ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ, लेखाइ) सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा नै केन्द्रित रहेको हुन्छ ।

भाषिक मूल्याङ्कनलाई निम्नानुसार परिभाषित गरिएको छ ।

क) भाषिक सीपहरूको मापनलाई मुख्य लक्ष्य बनाएर गरिने मूल्याङ्कन भाषिक मूल्याङ्कन हो । यसमा विद्यार्थीको भाषिक क्षमताको मापन र परीक्षण गरिन्छ।

ख) भाषिक मूल्याङ्कन विषयवस्तुमा आधारित नभई भाषा प्रयोग दक्षतामा आधारित हुन्छ । यसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको प्रगति परीक्षण गरिन्छ ।

ग) भाषिक मूल्याङ्कनको उद्देश्य परीक्षा उत्तीर्ण हुन वा नहुनुसँग मात्र सम्बन्ध नभई विद्यार्थीले के सिके, के जाने र के गर्न सक्छन् भन्ने भाषिक सीपको प्रयोग र अभ्याससँग सम्बन्धित हुन्छ।

घ) भाषिक मूल्याङ्कनमा भाषिक सक्षमता विकासका लागि भाषिक सामर्थ्य र सम्पादन पक्षको विकासमा जोड दिने मूल्याङ्कन साधनको उपयोग गरिन्छ (पा.वि.के, २०६४:१) ।

भाषा सिकाइ भाषिक सीपहरूको सिकाइ मानसिक प्रक्रिया हो । मूल्याङ्कन समग्र कार्यक्रमको एक महत्वपूर्ण अङ्ग भएकोले कुनै कार्यक्रमको प्रभावकारिता निर्धारित उद्देश्य र मूल्याङ्कनमै भर पर्दछ। मूल्याङ्कनको उपयोगबिनाको भाषा शिक्षण आफैँमा लुलो र लङ्गडो बन्न सक्छ (शर्मा र पौडेल २०६०:२१७) । भाषा सिकाइका सिलसिलामा विद्यार्थीहरूले सफलता हासिल गरे कि गरेनन्, कुन क्षेत्रमा सफलता हासिल गरे कुन क्षेत्रमा सफलता हासिल गरेनन् कुन क्षेत्रमा असफल भए भन्ने जानकारी हासिल गर्न मूल्याङ्कनको महत्वपूर्ण स्थान हुन्छ । विद्यार्थीका विभिन्न खालका कमीकमजोरीहरू निराकरण गर्न सजिलो हुन्छ (लम्साल र अन्य

२०६२:१८५) । यसरी विद्यार्थीमा अपेक्षित भाषिक सीप तथा कुशलता हासिल गराउन मूल्याङ्कनको उपयोगिताका लागि भाषा शिक्षक निरन्तर लागि रहनुपर्छ । भाषिक सीपमध्ये कुन सीपमा विद्यार्थी कमजोर छ त्यसको निराकरणका लागि के कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ भन्ने कुरामा शिक्षकलाई पथ-प्रदर्शन गर्ने काम पनि भाषिक मूल्याङ्कनले गर्दछ ।

भाषिक मूल्याङ्कन भाषिक सीप र क्षमताको मूल्याङ्कन भएकाले औपचारिक अनौपचारिक जुनसकै किसिमको मूल्याङ्कन गरे पनि भाषिक सीपलाई महत्व दिएरमात्र गर्नुपर्छ । विद्यार्थीको भाषिक सीपको मूल्याङ्कन गर्नु छ भने सुनाइको प्रश्नोत्तरबाट, लेखाइको लेखनकार्यबाट, बोलाइको बोल्न लगाएर र पढाएको मूल्याङ्कन पढ्न लगाएर गर्नुपर्छ (अधिकारी २०६२:१४४) मूल्याङ्कनलाई विद्यार्थीको भाषिक क्षमतास्तर आँक्न र भाषाशिक्षणको प्रभावकारिता पहिल्याउन शिक्षकले बारम्बार उपयोगमा ल्याइरहन सक्छन् र ल्याउनु नै पर्दछ । विद्यार्थीले पनि मूल्याङ्कन परिणामको जानकारीबाट आफ्ना सफलता र असफलता थाहा पाउँछन् र सोही अनुसार आफ्नो सफलताको जानकारीले उनीहरूमा हौसला बढ्दछ । अतः मूल्याङ्कन शिक्षणको सहभागी तथा अभिन्न अङ्ग हो ।

भाषा शिक्षणमा सीपगत परिमार्जन र पृष्ठपोषणको प्रभावकारी एवम् अपेक्षित उपयोग गरेर उच्चारण, वर्णविन्यास, शब्दगठन, वाक्यविन्यास शैली श्रृङ्खला, रचना प्रक्रिया, बोध, वाचन, अभिव्यक्तिकला, सफाइ, शुद्धता तथा जीवन्त भाषा प्रयोग क्षमता विकासमा टेवा पुऱ्याउन निरन्तर मूल्याङ्कनको उच्चतम् भूमिका रहेको हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने निरन्तर मूल्याङ्कन भाषाशिक्षणका सम्पूर्ण प्रक्रियासँग सम्बद्ध रहन्छ र यसलाई विभिन्न प्रयोजनका लागि उपयोग गर्न सकिन्छ ।

## २.७ प्रकारहरू

भाषिक मूल्याङ्कनका प्रकारहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ,

### २.७.१ सामयिक र औपचारिक मूल्याङ्कन

कुनै खास कक्षाको सुरु, मध्य र अन्त्यमा वा वर्षका अन्त्यमा मात्र गरिने मूल्याङ्कनलाई सामयिक वा औपचारिक मूल्याङ्कन भनिन्छ ।

## २.७.२ विषयगत र वस्तुगत मूल्याङ्कन

दिइएका उत्तरहरूमध्येबाट पहिचान गरी उत्तर दिन सकिने खालका प्रश्नहरू समावेश गरिएको मूल्याङ्कन पहिचानात्मक वा वस्तुगत हुन्छ । यस्तो मूल्याङ्कनको माध्यम मौखिक र लिखित दुवै हुन सक्छ। तर मूल्याङ्कनका सन्दर्भमा केही प्रश्न यस्ता पनि समाविष्ट हुन्छन् जसको उत्तर परीक्षार्थीले आफ्नै भाषामा लेखेर दिनुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई विषयगत वा उत्पादनात्मक मूल्याङ्कन भनिन्छ। वस्तुगत प्रश्नहरू पहिचानात्मक प्रकृतिका र विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् ।

## २.७.३ निरन्तर र अनौपचारिक मूल्याङ्कन

भाषा शिक्षणमा भाषिक सीप तथा पक्षको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । एकै पटकमा कतिपय भाषिक सीपको मूल्याङ्कन गर्न सकिँदैन । यिनको मूल्याङ्कन निरन्तर र अनौपचारिक रूपमा पनि गरी अभिलेख राखी उक्त अभिलेखका आधारमा अन्तिम मूल्याङ्कन गर्न आवश्यक हुन्छ । कक्षाकार्य, गृहकार्य विभिन्न परिवेशका अन्तरक्रियाहरूको अवलोकन आदिका आधारमा अभिलेख सञ्चय गर्दै तिनको लेखाजोखा गरी मूल्याङ्कन गर्न सकिए मात्र विद्यार्थीहरूको बोध तथा अभिव्यक्ति सामर्थ्यको ठीकठीकसँग पहिचान गर्न सकिन्छ ।

## २.७.४ एकलबद्ध र समग्रताबद्ध मूल्याङ्कन

एकपटकमा एउटा कुराको मात्र परीक्षण गरिने मूल्याङ्कन एकलबद्ध मूल्याङ्कन हो भने समग्र मूल्याङ्कन भन्नाले भाषाका विविध सीपहरूको एकीकृत मूल्याङ्कन भन्ने बुझिन्छ । एकल मूल्याङ्कन वर्णविन्यास वाक्यगठन शब्दनिर्माण प्रक्रियामा अवलम्बन गर्न सकिन्छ भने समग्रताबद्ध मूल्याङ्कन बोध र अभिव्यक्ति कलामा अवलम्बन गरिन्छ ।

## २.७.५ उपलब्धि र दक्षतापरक मूल्याङ्कन

निर्दिष्ट पाठ्यक्रमका अन्तमा के कस्ता भाषिक सीप तथा दक्षता हासिल गरेर पाठ्यक्रमको अपेक्षा कुन हदसम्म पूरा भयो भनी गरिने मूल्याङ्कन उपलब्धि मूल्याङ्कन हो भने विद्यार्थीले आफूले सिकेको भाषिक क्षमतालाई वास्तविक परिस्थितिमा कुन हदसम्म प्रयोगमा ल्याउन सक्दछ भन्ने कुराको मूल्याङ्कन गर्न दक्षतापरक मूल्याङ्कन हो ।

## २.७.६ अभिक्षमता र निदानात्मक मूल्याङ्कन

भाषा प्राप्तिको एउटा आधार विद्यार्थीको उत्प्रेरणा मुख्य कुरा हुने हुँदा लक्षित भाषाप्रति उसको रुझान पहिल्याउन प्रयोगमा ल्याइने मूल्याङ्कनलाई अभिक्षमता मूल्याङ्कन र समस्याको विशेष कारण पत्ता लगाई समाधानको बाटो पत्ता लगाउन प्रयोगमा ल्याइने मूल्याङ्कन निदानात्मक मूल्याङ्कन हो । यस मूल्याङ्कनबाट खास किसिमका समस्या पत्ता लगाई तिनको निराकरण गर्ने गरिन्छ ।

## २.७.७ प्रवेश मूल्याङ्कन र स्थान निर्धारण मूल्याङ्कन

कुनै निर्दिष्ट भाषा पाठ्यक्रममा प्रवेशका लागि उम्मेदवारको छनोट गुर्नपर्दा सम्बन्धित व्यक्तिको उक्त पाठ्यक्रमको अध्ययनका लागि पृष्ठभूमि वा पूर्वज्ञान छ, छैन भनी लिइने मूल्याङ्कनलाई प्रवेश मूल्याङ्कन भनिन्छ भने स्थान निर्धारण मूल्याङ्कन भन्नाले खासगरी नवप्रवेशी विद्यार्थीलाई समूहका अन्य विद्यार्थी समान भाषाका विभिन्न सीप वा क्षेत्रको शिक्षण गर्न सकियोस् भन्ने दृष्टिले प्रयोगमा ल्याइने मूल्याङ्कनलाई बुझिन्छ (ऐजन) ।

## २.८ भाषिक मूल्याङ्कनका आधारहरू

भाषिक मूल्याङ्कनका सिद्धान्तहरूका सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न ढङ्गले चर्चा गरेको पाइन्छ । केही महत्वपूर्ण सिद्धान्तलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

## २.८.१ पाठ्यक्रम विश्लेषित मूल्याङ्कनीय उद्देश्यको निर्धारण

भाषिक मूल्याङ्कनका लागि अवलम्बन गरिने परीक्षण-प्रणाली भाषापाठ्यक्रमका उद्देश्यअनुरूप तय गरिएको हुनुपर्दछ । भाषिक मूल्याङ्कनका लागि सर्वप्रथम सम्बन्धित तह वा कक्षाको भाषा पाठ्यक्रमका भाषिक अपेक्षा र प्रक्रियाहरूको गहन अध्ययन र विश्लेषण गरेपछि तिनै अपेक्षा एवम् प्रक्रियागत् भाषिक पक्षहरूको केन्द्रीयतामा मूल्याङ्कनीय उद्देश्यहरूको निर्क्योल गरी परीक्षणीय उद्देश्यहरूको निर्धारण गर्नुपर्दछ । यदि पाठ्यक्रमको विश्लेषण नगरी परीक्षणीय उद्देश्यको पहिचानबिना मूल्याङ्कन गर्नतर्फ लागियो भने त्यस्तो मूल्याङ्कन विपरीत दिशातर्फ जानेमात्र होइन पाठ्यक्रमका समग्र भाषिक पक्ष र सीप पक्षहरूको सही मूल्याङ्कन पनि हुन सक्दैन । त्यसैले भाषिक मूल्याङ्कन सर्वप्रथम पाठ्यक्रमक्रम विश्लेषणमा आधारित हुन आवश्यक छ (शर्मा र पौडेल, २०६०:२१९) ।

## २.८.२ प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट

भाषिक मूल्याङ्कनका विभिन्न प्रयोजनहरू हुनसक्छन् । प्रवेश योग्यता, उपलब्धि स्तर समस्या मूल्याङ्कनका समाधान, वर्गीकरण र कार्यक्रम प्रभावकारिता आदिमध्ये कुन प्रयोजनले भाषिक मूल्याङ्कन गर्नुपर्ने हो त्यसको निर्क्योल गरेर सोहीअनुरूप परीक्षणीय वस्तुहरूको छनोट गरिनु आवश्यक हुन्छ। सीप पक्षको मूल्याङ्कन प्रयोगपरक र धारणा पक्षको मूल्याङ्कन सैद्धान्तिक प्रकृतिको हुने भएकोले सम्बन्धित तह वा कक्षाको भाषिक अपेक्षा र स्तरको आवश्यकताअनुरूप दुवै पक्षको मिश्रण वा कमबेसीको अनुपातमा भाषिक मूल्याङ्कन केन्द्रित हुनपर्दछ । (ऐजन)

## २.८.३ भाषिक सीपको समग्रतामा आधारित भाषातत्वको मूल्याङ्कन

भाषिक सीपहरूको परीक्षण प्रयोगात्मक प्रकृतिको रहेको हुन्छ भने भाषिक धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतिको रहेको हुन्छ । भाषाशिक्षणको मूल अभिप्राय भाषिक सीपको कुशलता परक विकासमा केन्द्रित रहने हुनाले यसको परीक्षण पनि स्वभावतः प्रयोगपरक प्रकृतितर्फ झुकेको हुनपर्दछ तर भाषिक सीपलाई सहायक हुने भाषातात्विक धारणाहरूको

परीक्षणका सन्दर्भमा सैद्धान्तिक प्रकृतितर्फ पनि भाषिक मूल्याङ्कन केही मात्रामा झुक्न जानु अस्वाभाविक देखिँदैन । निम्नतहका कक्षामा प्रयोगपरक दृष्टिकोण नै सबैभन्दा उपयुक्त हुन्छ र उच्च तहमा प्रयोगमा ल्याइने सैद्धान्तिक सुझ र धारणालाई पृथकीकृत ढङ्गले पृथक-पृथक परीक्षण गर्न पनि सकिन्छ । एक पटकमा एउटा मात्र कुराको परीक्षण गर्न सकिने हुनाले यस्ता प्रकृतिका प्रश्नहरू वस्तुगत पनि हुन सक्छन् तर भाषा प्रयोग, सम्पादनमा उक्त तत्वहरू पृथकीकृत खालका नभएर एकीकृत खालका हुन्छन् । भाषाका बोध र अभिव्यक्ति सीप उक्त किसिमले खण्डीकृत नभएर समग्रात्मक रूपमा एक आपसमा अन्तसम्बन्धित भएर आउने भएकाले भाषातत्वलाई सीप पक्षबाट अलग्याएर परीक्षण गर्न खोज्दा सीपपक्ष गौण भई सैद्धान्तिक पक्ष हावी हुन जाने हुन्छ र भाषाशिक्षणको सीप दक्षतामूलक मर्ममा आघात पुगी भाषाका विषयमा शिक्षण गर्ने प्रवृत्तिले प्रश्रय पाउन सक्छ । भाषातत्व र भाषिक सीपलाई एकअर्काबाट पूर्ण असम्बद्ध बनाई मूल्याङ्कन र परीक्षण गर्ने परिपाटी भाषिक प्रयोग दक्षताका हिसावले अत्यन्त गलत र अवैज्ञानिक परिपाटी हो । (ऐजन)

## २.८.४ एक युक्तिबाट एक पक्षको मूल्याङ्कन

एकपटकमा एउटा उपायबाट एकभन्दा बढी सीप वा विभिन्न भाषिक अपेक्षाहरूको जाँच गर्न  खोज्नु युक्ति सङ्गत तरिका होइन् । आफूले जाँच गर्न खोजेको कुन भाषिक पक्ष हो, त्यसमा मूल्याङ्कनकर्ता स्पष्ट हुनपर्दछ ।

बोलाइ सीपको मूल्याङ्कन लिखित परीक्षाबाट गर्न खोज्नु, उच्चारणको मूल्याङ्कन वर्णविन्यासबाट गर्न खोज्नुजस्ता कुरा मूल्याङ्कनीय बैधता, विश्वसनीयता र व्यवहारिक कुरा होइनन्। प्रयोगात्मक युक्तिबाट प्रयोगपरक सन्दर्भहरू मौखिक युक्तिबाट मौखिक भाषिक सन्दर्भहरू तथा लिखित युक्तिबाट लेख्यभाषिक सन्दर्भहरूलाई मात्र परीक्षण गर्ने अनि एउटा प्रश्न वा कार्यबाट एउटामात्र कुराको परीक्षण गर्ने वस्तुगत प्रविधि अपनाउनु आवश्यक हुन्छ । एउटै प्रश्नमा एकभन्दा बढी धारणात्मक र सीपसम्बद्ध कुराहरूको पुच्छर झुण्ड्याएर धारणा र सीप जाँच्ने प्रश्नबाट परीक्षण गर्दा वास्तविक परीक्षण हुन नसकी  मूल्याङ्कन विपरीत दिशा उन्मुख हुन सक्छ । मूल्याङ्कन वैध, विश्वसनीय र व्यवहारिक भइ तन्मापितापूर्ण (जुन कुराको परीक्षण गर्न खोजिएको हो त्यसको मात्र परीक्षण) गुणको सुरक्षा हुन सक्दछ। (ऐजन)

## २.८.५ मूल्याङ्कनीय वस्तु र मूल्याङ्कन युक्तिको सहसम्बन्ध

कुनै निश्चित स्वर र क्षेत्रको भाषिक उपलब्धिको तुलनात्मक अध्ययन गर्न र आवश्यक निर्णय लिनलाई स्तरयुक्त परीक्षा तथा भाषिक सीपका अभ्यासात्मक क्रियाकलापमा टेवा पुऱ्याई उक्त सीपहरूको कुशलतापरक उपलब्धि हासिल गराउनमा शिक्षक निर्मित परीक्षा व्यावहारिक युक्ति मानिन्छ।

उक्त दुई मूल्याङ्कन युक्तिसँग अन्य विभिन्न युक्तिहरू गाँसिएका हुन्छन् । खासगरी लिखित, मौखिक र प्रयोगात्मक परीक्षाहरूलाई यस्ता युक्ति वा उपायका रूपमा राख्न सकिन्छ । स्तरयुक्त मूल्याङ्कन युक्तिमा यी तीनै प्रकारका युक्तिहरूको सम्भाव्यता रहेपनि मूलतः यो लिखित परीक्षामा केन्द्रित रहेको हुन्छ भने शिक्षक निर्मित मूल्याङ्कन युक्तिमा उक्त तीनवटै प्रक्रियाहरू प्रभावकारी रूपमा गाँसिएका हुन्छन् । भाषाका मूल्याङ्कनीय वस्तुहरू असीमित हुन्छन् र तिनका मूल्याङ्कन युक्ति फरक–फरक किसिमका हुन्छन् । जुन युक्तिबाट जुन कुराको मूल्याङ्कन प्रभावकारी र वास्तविक हुनसक्छ त्यसै मूल्याङ्कन युक्तिको सहसम्बन्ध गाँसेर भाषिक मूल्याङ्कन गर्ने चेष्टा गरियो भने त्यसमा मूल्याङ्कनीय गुणहरू उच्च मात्रामा हासिल गर्न सकिन्छ । अन्यथा त्यसमा ह्रास आई मूल्याङ्कनीय वैधता र विश्वसनीयतामा प्रश्न चिन्ह खडा हुन जान्छ (ऐजन) ।

## २.८.६ पूर्वनियोजित मूल्याङ्कन प्रविधिको परिपालन

भाषिक मूल्याङ्कनका निम्ति योजनावद्ध नियोजित मूल्याङ्कन अवलम्बन गर्नुपर्दछ । हतारहतारमा प्रश्न निकाल्ने, परीक्षण सजिलोका लागि प्रश्न निकाल्ने जस्ता कार्य आपत्तिजनक कार्य मान्न सकिन्छ । पाठ्यक्रमका अपेक्षा र परीक्षणीय क्षेत्रको विश्लेषण गरेर योजनावद्ध ढङ्गले विशिष्टीकरण तालिका निर्माण गरी मूल्याङ्कनीय उद्देश्य, पाठ्यवस्तु, मूल्याङ्कनीय वस्तु, मूल्याङ्कन युक्ति, प्रश्नका प्रकार, सङ्ख्या, अङ्कभार, समयभार आदि समग्र कुराको व्यवस्थित खाका तयार गरी मूल्याङ्कनको पूर्वयोजना बनाएर सोही योजनाबाट निर्देशित भई भाषिक मूल्याङ्कनका निम्ति अघि सारेमा वास्तविक र व्यवस्थित मूल्याङ्कनको रूप लिन सकिन्छ (ऐजन : २२२) ।

## २.९ विकासक्रम

शिक्षाको गुणात्मक स्तर वृद्धि गर्ने सम्पूर्ण प्रक्रियामा परीक्षाको आफ्नै ढङ्गको विशिष्ट स्थान रहन्छ । परीक्षाले विद्यार्थीहरूको वर्षभरिको परिश्रमलाई एकै पटक जाँच्नुभन्दा पनि सुव्यवस्थित, नियमित र क्रमिक परीक्षा व्यवस्थाद्वारा विद्यार्थीहरूको शैक्षिक समस्याहरूलाई पत्तोसमेत लगाई सुल्झाउन सकिन्छ । परीक्षा सुधारद्वारा पाठ्यक्रम र पाठ्यपुस्तकका त्रुटीहरू, कमीहरू र छुट्न गएका आवश्यक कुराहरू समेत पहिल्याउन सकिन्छ । शिक्षकले विद्यार्थीहरूका उपलब्धि र प्रगति मूल्याङ्कनका साथसाथै शिक्षण पद्धतिका गुण र दोष पत्तो लगाई आफ्नै पनि मूल्याङ्कन गरी समयमै सुधार गर्न सक्दछ । यस्तै विविध पक्षहरू हासिल गर्ने हेतुले शिक्षा योजनामा 'आन्तरिक मूल्याङ्कन परीक्षा' व्यवस्थालाई प्रश्रय दिएर शिक्षाको क्षेत्रमा एउटा नौलो आयाम थपी समसामयिक ज्यादै उपयोगी व्यवस्थाको सुरुवात वि.सं. २०२९ सालमा तत्कालीन शिक्षा मन्त्रालयले गऱ्यो । यस व्यवस्था अनुसार वर्षभरि लिइने मासिक, त्रैमासिक र वार्षिक परीक्षाहरूको संयुक्त आधारमा विद्यार्थीहरूका प्रगतिको अन्तिम मूल्याङ्कन गरिएको छ । साथै लिखित परीक्षाबाहेक मौखिक, गृहकार्यहरू, शिक्षकको निरीक्षण र विद्यार्थीले व्यवसायिक विषयमा उत्पादन गरेका सामग्रीहरू समेतको आधारमा विद्यार्थीका शैक्षिक कार्यको मूल्याङ्कन गरेर परीक्षालाई बढीभन्दा बढी वस्तुगत बनाउने प्रयास भएको देखिन्छ । यसबाट एकातिर विद्यार्थीहरूलाई बढी नियमित सक्रिय र जाँचको अगाडिमात्र पढ्नुभन्दा पनि वर्षभरि नै परिश्रम गर्ने बानी बसाल्न बाध्य तुल्याउँछ भने अर्कोतिर शिक्षकहरूलाई पनि बढी क्रियाशील बनाउँदछ (शिक्षा मन्त्रालय, २०२९:८) ।

शिक्षा मन्त्रालयले नवौं योजनादेखि प्राथमिक तहको कक्षा १-३ सम्मको लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सुरुवात गरी विस्तार गर्दै लैजाने कार्यक्रम राखेको छ । सोही योजनाको कार्यक्रम अनुसार आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको गुरुयोजना १९९७ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई केही जिल्लामा परीक्षणको रूपमा लागु गर्ने कार्यक्रम अनुसार इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुरमा लागु गरियो । आधारभूत प्राथमिक शिक्षा परियोजना दोस्रोले पनि यस प्रणालीलाई विशेष जोड दिएको देखिन्छ । नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले निरन्तर विद्यार्थी मूल्याङ्कन कक्षा ७ सम्म लागु गर्ने प्रावधानलाई अगाडि सारेको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले कक्षा १-३ र प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ ले यो व्यवस्था गरेको छ । निरन्तर मूल्याङ्कनले सिकाइको मूल्याङ्कनको सट्टामा सिकाइका लागि मूल्याङ्कन भन्ने मान्यतामा जोड दिएकोले नेपाल सरकारले विद्यालय शिक्षाको आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने नीति अवलम्वन गरेको छ । यस मूल्याङ्कनलाई प्रभावकारी बनाउन शिक्षकवर्गको दक्षता र सीपको अभिवृद्धिमा ठोस कदम चाल्नुपर्ने देखिन्छ । हाल कक्षा १-३ मा शतप्रतिशत र कक्षा ४ र ५ को पाठ्यक्रममा कूल पूर्णाङ्कको ५०% निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि छुट्याइएको छ र बाँकी ५०% लिखित, मौखिक परीक्षा वा निर्णयात्मक मूल्याङ्कनका लागि छुट्याइएको छ ।

विद्यार्थी मूल्याङ्कनका सन्दर्भमा निरन्तर मूल्याङ्कनका लागि शिक्षा विभाग पाठ्यक्रम विकास केन्द्र परीक्षा नियन्त्रण कार्यालय र जिल्ला शिक्षा कार्यालयलाई जिम्मेवार निकायको रूपमा मानेको छ र आन्तरिक सक्षमतामा सुधारअन्तर्गत कक्षा नदोहोऱ्याउने स्थितिका लागि पर्याप्त उपचारात्मक सहयोग पुऱ्याउने गरी निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने नीति अवलम्बन गरेको छ । (विक्षेसुयो २०६६-२०७२, २०६४) त्यसै गरी विद्यालयमा तहगत मूल्याङ्कनको विद्यमान नीति हेर्दा आधारभूत तह कक्षा ८ को अन्त्यमा जिल्ला स्तरीय, माध्यमिक तह कक्षा १० को अन्त्यमा क्षेत्रस्तरीय र माध्यमिक दोस्रो चरण कक्षा १२ को अन्त्यमा राष्ट्रिय परीक्षा सञ्चालन गरिने र यी परीक्षाहरूको आन्तरिक मूल्याङ्कनका लागि अङ्कभार १-५ कक्षाका लागि ६०%, ६–८ कक्षाका लागि ४०%, ९–१० कक्षाका लागि २५% र ११–१२ कक्षाका लागि २०% हुने नीति लिएको देखिन्छ (खनाल र अधिकारी, २०६६ : २७१) । यसै गरी विद्यार्थीहरूको चौतर्फी क्षमताको विकासलाई अक्षरात्मक मूल्याङ्कन पद्धतितर्फको उन्मुखता आवश्यकता रहेकोले यस पद्धतिलाई सम्बोधन गर्न अक्षरात्मक मूल्याङ्कन पद्धतितर्फको आवश्यकतालाई स्थापित गर्नतर्फ अध्ययन र छलफलपछि आवश्यक निर्णय दिइने कुराको समेत उल्लेख गरिएको छ ।

सरकारी नीतिलाई अध्ययन गर्दा प्राथमिक तहमा अनुत्तीर्ण गर्ने परम्परालाई निरुत्साहित गरेको देखिन्छ । सरकारी नीति मूलभूत रूपमा निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नति लागु गर्ने नीति भए पनि शिक्षक तथा अभिभावकको परीक्षा पद्धतिलाई झट्टै छोड्नु व्यवहारिक नहुने राय सुझाव प्राप्त भएकोले आंशिक रूपमा आवधिक परीक्षालाई समेत निरन्तरता दिने नीति

लिइएको हो । सिद्धान्ततः सानो कक्षाका बालबालिकाहरूलाई परीक्षा पद्धतिको यान्त्रिकताभित्र राख्नु उपयुक्त हुँदैन । उनीहरूका लागि सिकाइने विषयवस्तु सीमित हुनपर्दछ र शिक्षक सिकाइ वैयक्तिक शिक्षण उपयुक्त हुन्छ । वास्तवमा निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिको नीति कार्यान्वयन गर्न सान्दर्भिक हुन्छ र कम्तिमा आधारभूत तह कक्षा ८ सम्म नै यो नीति लागु गर्नुपर्ने देखिन्छ । कुनै पनि नयाँ नीति र कार्यान्वयमा सम्बन्धित सवैको दक्षता, इमान्दारिता, रचनात्मक सोंच र समर्पणको भावनाले ठूलो भूमिका खेल्दछ ।

अतः निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको सफलता मूलतः शिक्षक र विद्यार्थीको भूमिकामा भर पर्दछ । विद्यालयमा भौतिक र शैक्षिक सुविधाको कमी, शिक्षक विद्यार्थी अनुपात उच्च, शिक्षकको कार्यवोझ बढी, शिक्षकहरूमा प्राविधिक र व्यवहारिक पक्षहरूमा दक्षताको कमी आदिले गर्दा निरन्तर निद्यार्थी मूल्याङ्कनका पद्धति अवलम्वन गर्न कठिनाई छ । अभिलेख राख्ने, औपचारिक र अनौपचारिक तरिकाले विद्यार्थीको कक्षाभित्र र बाहिरको व्यवहारको अवलोकन गरी उसको प्रगति र कमीकमजोरीको आँकलन गर्न गाह्रो छ तापनि विद्यार्थीको शैक्षिक प्रगति चाहने अनुशासित, समर्पित, लगनशील शिक्षकले यो कार्यलाई कार्यान्वयन गर्न सक्तछ । त्यसमा विद्यालयले आफ्नो विद्यालयको शैक्षिक उन्नति स्तरवृद्धि र इज्जत प्रतिष्ठा बढाउन विभिन्न उपाय खोज्न जरुरी छ । यथास्थितिवाट प्रगतितर्फ पाइला बढाउन केही चुनौतीहरूको सामना अवश्य पनि गर्नैपर्छ ।

## २.१० निरन्तर विद्यार्थी मूल्याङ्कनका साधनहरू

मूल्याङ्कनका साधन भन्नाले विद्यार्थीको क्षमता र सिकाइ उपलब्धिलाई निरन्तर रूपमा सहयोग पुऱ्याउने उपाय वा औजारलाई नै निरन्तर विद्यार्थी मूल्याङ्कनका साधन भनिन्छ । त्यस्ता साधानहरू निम्नलिखित हुन सक्छन् ।

### २.१०.१ कक्षाकार्य

शिक्षणसिकाइ क्रियाकलापमा उद्देश्यअनुरूपको सिकाइ उपलव्धि हासिल गराउनका निम्ति कक्षामै शिक्षक शिक्षिकाको निगरानीमा सिकारूलाई गराने कार्यलाई कक्षाकार्य भनिन्छ । यसबाट उनीहरूलाई तत्कालै पृष्ठपोषण प्राप्त भई सिकाइ उपलब्धि हासिल हुन पुग्छ ।

### २.१०.२ गृहकार्य

विद्यालयमा सिकेका कुराहरूलाई पुनरावृत्तिका लागि र अतिरिक्त ज्ञानका निम्ति विद्यार्थीहरूलाई घरमै गर्नका लागि दिइने कार्य नै गृहकार्य हो । यसबाट सिकेका कुरामा अभ्यास हुन गई सिकाइ चिरस्थायी हुन पुग्छ ।

### २.१०.३ अन्तरक्रिया वा छलफल

विभिन्न तत्वका बीच आपसी छलफल वा प्रभाववाट एक अर्कामा हुने परिवर्तन वा कार्यलाई अन्तरक्रिया भनिन्छ । यसवाट विद्यार्थीहरूले कुनै विषयमा आपसी छलफलवाट त्यस विषयको सम्वन्ध र प्रभाववाट के कस्तो परिवर्तन  वा कार्य हुन्छ भन्ने कुराको जानकारी प्राप्त गर्दछन् ।

### २.१०.४ संवाद

वार्तालाप, बातचितको पर्यायवाची शब्दको रूपमा चिनिने यो संवाद नियन्त्रित विषयवस्तु वा  परिस्थितिमा गरिने कुराकानी वोलाइ आदि शिक्षणको एक पद्धति हो । यसबाट विद्यार्थीहरूमा वोलाइ सीपको विकास हुन गई स्पष्ट र शुद्ध उच्चारणमा मद्दत मिल्दछ ।

### २.१०.५अन्तरवार्ता

कुनै पनि विषयमा व्यक्तिहरूले आफूहरूका वीचमा गरिने गुप्त कुराकानी वा कुनै विषय बारेमा जान्नका लागि सिकारूलाई सोधिने कार्य अन्तरवार्ता हो । यसबाट सिकारूमा कुनै पनि प्रश्नको उत्तर दिने तरिका तथा सीपको विकास हुनुका साथै ढुक्क साथ बोल्ने बानीको विकास हुन पुग्दछ ।

### २.१०.६ हाजिरीजवाफ

सोध्ने बित्तिकै छिटो दिइने जवाफलाई हाजिरीजवाफ भनिन्छ । यस कार्यवाट विद्यार्थीमा कुनै पनि प्रश्नको छिटो उत्तर दिन सक्ने क्षमताको विकास हुनुका साथै पाठ्यवस्तुभन्दा बाहिरका  कुराहरूको खोजी गर्ने वानीको विकास गराउँदछ ।

### २.१०.७ चित्रलेखन एवं नक्साङ्कन

कुनै पनि विषयको चित्र प्रस्तुत गरी वा स्वयं सिकारूलाई लेख्न लगाई त्यसबाट सो विषयको ज्ञान हासिल गराउने कार्य चित्रलेखन एवं नक्साङ्कन हो । यसले विषयवस्तुमा गहिरिएर सोच्ने र त्यसको बारे आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने अवधारणा सिकारूलाई प्राप्त हुन्छ ।

### २.१०.८ अवलोकन तथा निरीक्षण

विद्यार्थीहरूका उच्चारण पद, वाक्यगठन, विषयवस्तु, अभिव्यक्ति, सामर्थ्य, शिल्पविधान आदिको निरीक्षण गर्ने पाठ्यविधि वा कलालाई अवलोकन तथा निरीक्षण भनिन्छ । यसले निरीक्षण विधिद्वारा पढाइने एक तरिकालाई बुझाउँछ ।

### २.१०.९ एकाइ तथा त्रैमासिक परीक्षा

अध्ययनको कार्यमा पढाइएको एकाइहरूको उपलब्धि हासिल गर्न लिइने परीक्षा एकाइ परीक्षा हो भने तीन-तीन महिनाको अन्तरालमा उनीहरूको उपलब्धी पत्ता लगाउन प्रयोगमा ल्याइने परीक्षालाई त्रैमासिक परीक्षा भनिन्छ ।

### २.१०.१० प्रयोगात्मक परीक्षा

कनै पनि कुराको ज्ञान प्रयोगबाट प्राप्त गर्दा विश्वसनीय हुने हुँदा शिक्षण सिकाइ कार्यमा स्वयम् विद्यार्थीलाई प्रयोग गर्न लगाई ज्ञान हासिल गराउँदा उनीहरू सो विषयमा स्पष्ट भई ज्ञान हासिल गर्न सक्दछन् ।

### २.१०.११ अभिभावकसँग सम्पर्क

सिकाइको क्रममा विद्यार्थीहरूको अनुशासन, मेहनत र लगनशीलताको बारेमा उनीहरूको सिकाइ स्तरको बारेमा जानकारी लिन र दिनका लागि प्रयोगमा ल्याइने मूल्याङ्कनको महत्वपूर्ण साधन अभिभावकसँग सम्पर्क पनि हो ।

### २.१०.१२ अभिलेख निर्माण तथा प्रयोग

सिकारूहरूलाई विभिन्न संघ संस्थाको वास्तविक तथ्य तथ्याङ्कहरू सङ्कलन गर्न र प्रयोगमा ल्याउनका लागि प्रयोगमा ल्याइने मूल्याङ्कनको साधन अभिलेख निर्माण तथा प्रयोग हो । यसबाट सही तथ्याङ्क प्राप्त गर्ने र त्यसको ठिकसँग प्रयोग गरी अभिलेखीकरण गर्ने सीपको विकासमा टेवा मिल्दछ ।

### २.१०.१३ क्लव कार्य

स्वयम् सिकारूहरूका विभिन्न समूहहरू निर्माण गरी सामूहिक कार्य गर्न प्रयोगमा ल्याइने साधन क्लव कार्य हो । यसले कुनै समस्याको समाधानमा आपस-आपसमा छलफल गरी त्यसको निष्कर्ष निकाल्ने र समूहमा मिलेर कार्य गर्ने बानीको विकास हुन्छ ।

## २.११ निष्कर्ष

शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूले उद्देश्यअनुरूप ज्ञान, सीप हासिल गर्न सके सकेनन् भनी निर्धारण गर्नका लागि मूल्याङ्कन गरिन्छ । प्रारम्भिक, निर्माणात्मक, निर्णयात्मक, निदानात्मक गरी मूल्याङ्कनलाई चार प्रकारमा विभाजन गरेको पाइन्छ । मूल्याङ्कन विभिन्न औपचारिक र अनौपचारिक तरिका अपनाई वैयक्तिक समस्या पत्ता लगाई सोहीअनुरूप शिक्षण विधिमा सुधार र उपलव्धि स्तरमा वृद्धि ल्याउनु निरन्तर विद्यार्थी मूल्याङ्कनको पद्धतिको प्रक्रिया हो । वि.सं. २०२९ सालमा शिक्षा मन्त्रालयले आन्तरिक मूल्याङ्कन परीक्षा व्यवस्थालाई प्रश्रय दिई यसले निरन्तरता पाउँदै आएको छ । विक्षेसुयोले यस पद्धतिलाई विद्यालय स्तरका सबै तहमा लागु गर्ने रणनीति अवलम्बन गरेकोछ । समग्र शैक्षिक कार्यक्रमका कमीकमजोरी पत्ता लगाई तत्काल पृष्ठपोषण दिई सुधार्ने र बढी भन्दा बढी उपलब्धि हासिल गराउने उद्देश्य र विशेषताहरूले गर्दा यसको महत्वपूर्ण स्थान रहेको छ । शैक्षणिक सन्दर्भमा भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषाशिक्षणसँग जोडिएको हुन्छ । भाषाशिक्षण भनेको भाषिक सीपको शिक्षण हो । निरन्तर मूल्याङ्कन भाषाशिक्षणका सम्पूर्ण प्रक्रिया सम्वद्ध रहन्छ र यसलाई विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ । उद्देश्य निर्धारण मूल्याङ्कनीय वस्तुको छनोट भाषा तत्वको मूल्याङ्कन,

एक युक्तिबाट एक पक्षको मूल्याङ्कनीय वस्तु र युक्तिको सम्बन्ध आदि यस मूल्याङ्कनका आधारहरू हुन् । यसैगरी साधनहरूमा सामयिक औपचारिक, विषयगत, वस्तुगत निरन्तर अनौपचारिक एकबद्ध र समग्रबद्ध  उपलब्धि र दक्षतापरक, अभिक्षमता, निदानात्मक, प्रवेश र स्थान निर्धारण आदि पर्दछन् ।

# अध्याय तीन

## कक्षा आठमा अध्यन गर्ने विद्यार्थीहरूको भाषा शिक्षण र मूल्याङ्कन

नेपालको वर्तमान शिक्षाको संरचना एक पाँच प्राथमिक, छ आठ निम्न माध्यमिक नौ दश माध्यमिक र एघार बाह्र उच्च माध्यमिक तहको स्वरूपमा रहेको छ । नि. मा. वि तहको अन्तिम कक्षा आठ रहेकोले उक्त कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको भाषा शिक्षण र मूल्याङ्कनको चर्चा यस प्रकार गर्न सकिन्छ ।

### ३.१. पहिलो भाषाको रूपमा नेपाली शिक्षण र मूल्याङ्कन

पहिलो भाषाका रूपमा नेपाली शिक्षण तथा मूल्याङ्कन गर्दा अनौपचारिक रूपममा शिष्ट लेख्य र स्तरीय कथ्य भाषाको सिकाइ तथा भाषिक विचलन पक्षमा ध्यान दिनुपर्छ । यसका साथै पहिलो भाषा शिक्षण तथा भाषिक सीप मूल्याङ्कनका क्रममा शिक्षकले निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनु पर्दछ ।

(क) भाषामा रहेका सामाजिक र क्षेत्रीय विचलनबाट उत्पन्न त्रुटी निराकरण गर्न ।

(ख) स्तरीय र मानक शब्द भण्डारका आधारमा वाक्यनिर्माण क्षमता विकास गर्न ।
दैनिक प्रयोजनका सामग्री (चिठी, निवेदन, प्रतिवेदन) आदि लेखन शिल्पको विकास गर्न ।

(ग) छलफल, संवाद, वादविवाद, आदिमा सहभागी हुने क्षमताको विकास गर्न ।
शुद्ध वर्णविन्यास र लेख्य चिन्हको सही प्रयोगसहितको अनुच्छेद रचनाशिल्प तयार गर्न ।

(घ) सिर्जनात्मक अनुभूतिको मौखिक र लिखित प्रस्तुतीमा ध्यान दिन ।

### ३.२. दोस्रो भाषाका रूपमा नेपाली शिक्षण र मूल्याङ्कन

नेपालको सन्दर्भमा ५० प्रतिशतभन्दा बढीले दोस्रो भाषाका रूपमा नेपाली सिक्ने तथा दोस्रोभाषा सिकाइमा भाषिक वातावरण र उत्प्रेरणा तथा अभिवृद्धिको विशेष भूमिका हुने हुँदा शिक्षण तथा मूल्याङ्कनका क्रममा पनि उल्लेखित कुरालाई प्राथमिकता दिनुपर्छ । यसका साथै दोस्रो भाषाका रूपमा नेपाली शिक्षण र मूल्याङ्कन गर्दा विषय शिक्षकले निम्न लिखित पक्षमा ध्यान दिनुपर्छ ।

(क) भाषिक पृष्ठभूमिअनुसार विद्यार्थीमा देखिने वैयक्तिक समस्याको अभिलेखीकरण गर्न ।

(ख) प्रत्यक्ष र संरचनात्मक तथा संज्ञानात्मक विधिको प्रयोग गर्न ।

(ग) श्रव्य-दृश्य सामग्री र मल्टिमिडियाको उपयोग गर्न ।

(घ) उच्चारण, व्याकरण र वर्णविन्याससम्बन्धी त्रुटीका कारण र समाधानका उपाय पत्ता लगाउन ।

(ङ) अभ्यासात्मक कार्य (प्रस्तुतिकरण, अभ्यास र उत्पादन) मा ध्यान दिन ।

निम्नमाध्यमिक तहमा पहिलो भाषा र दोस्रोभाषाका रूपमा नेपाली शिक्षण गर्दा सुधारात्मक/निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनमा जोड दिन आवश्यक छ । यस तहमा १०० पूर्णाङ्कको नेपाली भाषा विषय समावेश गरिएको छ । भाषा पाठ्यक्रममा भाषिक सीपका सुनाइ, बोलाइ, पढाइ र लेखाइ पक्षको निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ ।

नेपालको मूल्याङ्कन पद्धतिमा निर्णायात्मक मूल्याङ्कन प्रमुख देखिँदै आएको छ । अझ लिखित परीक्षालाई मात्र मूल्याङ्कनको मापक मानी विद्यार्थीको उपलब्धि मापन गर्ने परिपाटी रहेको छ । बास्तवमा यसले मात्र विद्यार्थीको उपलब्धिको सही मापन हुन नसक्ने कटु यथार्थ हो । विद्यार्थी मूल्याङ्कनका लागि मूल्याङ्कनका औपचारिक अनौपचारिक दुवै साधनहरूको प्रयोग गरी निरन्तर मूल्याङ्कनमा जोड दिनुपर्छ । तत्क्षणिक मूल्याङ्कन र पृष्ठपोषणले मात्र पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पूरा हुन सक्छन् । सुधारात्मक र निर्णयात्मक मूल्याङ्कनलाई सँगसँगै प्रयोग गर्न सकेमा विद्यार्थीमा परीक्षामा मात्र जोड दिने मनोविज्ञान क्रमशः कम हुँदै जान्छ र वास्तविक सिकाइमा ध्यान दिने प्रवृत्तिको विकास हुन्छ । भाषिक सञ्चार र व्यवहारमा सक्षम तुल्याउन गुणात्मक र व्यवहारिक शिक्षाको अवधारणा फलिभूत पार्न भाषाशिक्षकले मूल्याङ्कनका यी विविधतालाई प्रयोगमा ल्याउन आवश्यक छ ।

## ३.३. नेपाली भाषा विषयको मूल्याङ्कन प्रविधि र नवीनतम अवधारणाहरू

सिकारू, पाठ्यसामग्री र शिक्षकको त्रिकोणात्मक प्रयोगबाट सञ्चालन हुने शिक्षण प्रक्रियामा विद्यार्थीको सक्षमता र पाठ्यक्रमको पूर्णता परीक्षण गर्ने साधन मूल्याङ्कन नै हो । नेपाली विषयको भाषिक दक्षता भनेको सीपको सामर्थ्य र सम्पादन हो ।

निम्नमाध्यमिक तहमा भाषिक सीपको विकासको लागि विधा, सीप र व्याकरण शिक्षणमा जोड दिइएकोले विधाका माध्यमले सीप विकास गराउन विधागत रूपमा निम्नानुसारका पक्षमा जोड दिनुपर्ने हुन्छ ।

**(क) कथा**

मौखिक तथा लिखित रूपमा कथाकथन/कथा श्रवण, अनुकृत लेखन, सस्वर तथा मौन पठन, पठनबोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांशकथन/लेखन, घटनाक्रम मिलान, शब्दोच्चारण, अर्थ र प्रयोग तथा श्रुतिलेखन र अनुलेखन आदि ।

**(ख) कविता**

लययुक्त सस्वरवाचन, भावपहिचान, प्रश्नोत्तर, भावार्थ र भावविस्तार तथा कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखन आदि ।

**(ग) निबन्ध**

स्वतन्त्र र निर्देशित लेखन, मौनपठन, प्रश्नोत्तर, छलफल, व्याख्या, सस्वर पठन, बुँदाटिपोट, सारांश लेखन, भावविस्तार, शब्दोच्चारण, शब्दार्थ पहिचान र प्रयोग, श्रुतिलेखन तथा अनुलेखन आदि ।

**(घ) रूपक**

परिवेश, पात्र तथा भावानुकूल हाउभाउ, वाचन, स्वरको अनुतान कुराकानी, प्रश्नोत्तर, संवाद/वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति संवादलेखन, श्रुतिलेखन आदि ।

**(ङ) जीवनी**

विशिष्ट व्यक्तिहरूको चरित्र वर्णन, श्रुतिबोध, पठनबोध, सस्वर र मौन पठन, सारांश, घटनाक्रम मिलान, बुदाटिपोट, श्रुतिलेखन आदि ।

**(च) चिठी**

चिठी र निवेदनको दाँचासहितको साधनको प्रयोग,

(छ) **व्याकरण**

उदाहरण र प्रयोगका आधारमा पाठभित्रैबाट नियमको खोजी र शुद्ध प्रयोग ।

(ज) **शव्द भण्डार**

पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, पारिभाषिक/प्राविधिक, अनुकरणात्मक आदि शब्द र उखानटुक्काहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोग ।

## ३.४ भाषिक सीप विकासका लागि निम्नानुसार क्रियाकलापबाट मूल्याङ्कन प्रक्रियाको प्रयोग गर्न सकिन्छ ।

### ३.४.१ सुनाइ

वक्ताको बोलाइको गति, विषयवस्तु र शब्दभण्डारको सीमा, पहिलो तथा दोस्रो भाषाको भाषिक क्षमता, वातावरणगत भिन्नता आदिलाई औपचारिक तथा अनौपचारिक भाषिक समस्याका रूपमा लिइन्छ । यसको निराकरणात्मक मूल्याङ्कनका लागि शिक्षकले सुनाइ पक्षको उद्देश्य निर्धारण, सुनाइ योजना र तयारीमा ध्यान पुऱ्याउनुपर्छ । सुनाइ सामग्रीको प्रस्तुती र अवलोकनपछि सुनाइ क्षमताको मूल्याङ्कन गरी समस्या पहिचान गरेर तत्काल पृष्ठपोषण दिनुपर्दछ । यसका निम्ति व्यक्तिगत अवलोकन, व्यक्तिगत र समूहकार्यमा विद्यार्थीको सहभागिता र क्रियाकलापको प्रयोग क्षमताको प्रदर्शनलाई मुख्य मूल्याङ्कन प्रविधिका रूपमा उपयोग गर्न सकिन्छ ।

### ३.४.२ बोलाइ

बोलाइ, सुनाइमा आधारित मौखिक अभिव्यक्ति भएकोले प्रतिकूल भाषिक वातावरण, मानसिक संवेग, कमजोर शारीरिक अवस्था, बोलाइमा बेवास्ता तथा भाषिक अनुभवको भिन्नता आदि बोलाइ सीप विकासका बाधक तत्व हुन् । यसका लागि निराकरणात्मक/सुधारात्मक

मूल्याङ्कनमा शिक्षकले विशेष ध्यान पुऱ्याउन पर्दछ । बोलाई क्रियाकलापपूर्व विषयवस्तु चयन र उद्देश्य निर्धारण गरी बोलाइ वातावरण निर्माणमा ध्यान दिनु पर्दछ । मूल्याङ्कनका क्रममा टिप्पणी र पृष्ठपोषणलाई पनि सँगसँगै अगाडि लैजानुपर्दछ ।

## ३.४.३ पढाइ

पढाइ, सीप, वर्ण, शब्द र वाक्यको चिनारी र उच्चारणसँग सम्बन्धित सीप हो । वर्ण चिन्ने, शब्द चिन्ने, गति, यति र हाउभाउ मिलाउने, शब्दार्थ बुझ्ने, वाक्यको सम्बन्ध र व्याकरण बुझ्ने, शैली संरचना र सङ्गठन बुझ्ने, सूचना प्राप्ति गर्ने आदिलाई पढाइका विभिन्न तहका रूपमा लिन सकिन्छ । मौन पठन र सस्वर पठनका रूपमा पढाइ क्रियाकलाप गरी मूल्याङ्कन गर्नुपूर्व वातावरण निर्माण सामग्री चयन सस्वर/मौन पठनसम्बन्धी निर्देशन, गति, यति, लय, आघात र स्वर प्रसारण जस्ता पक्षमा शिक्षकको तयारी स्पष्ट हुनपर्दछ । साथै मूल्याङ्कन अभिलेख राख्न आवश्यक पर्ने अवलोकन फारमसमेत निर्माण गरी पढाइको मूल्याङ्कन गर्दा पढाइपूर्व, पढाइका क्रममा र पढाइपछि बोलाइका लागि उपयोग गरिएका तरिका पनि अपनाउनुपर्छ ।

## ३.४.४ लेखाइ

भाषिक सीपको उपल्लो तह लेखाइ हो । वर्ण शब्ददेखि लिएर वर्णविन्यास चिन्हको उपयुक्त प्रयोग, विचार सङ्गठनको उपयुक्त प्रस्तुती लेखाइका आवश्यक पक्ष हुन् । यी आधारभूत पक्षको विकासमा लेखाइको विषयवस्तु चयन, उद्देश्य निर्धारण, विद्यार्थीको रुचिको प्रतिनिधित्व, लेखाइ वातावरण निर्माण, विद्यार्थी सहभागिता निर्धारण, प्रत्यक्ष अवलोकन र मूल्याङ्कन, व्यक्तिगत, युगल र सामूहिक कार्यमा सहभागिता र प्रयोगात्मक कार्य प्रदर्शनलाई लेखाइ सीपको मूल्याङ्कन प्रविधिको रूपमा उपयोग गर्नुपर्छ (ऐजन) ।

भाषिक सीप विकासका निमित्त यस अनुसन्धान कार्यमा माथि उल्लेखित मूल्याङ्कन प्रविधिलाई आत्मसात गरिएको छ ।

## ३.५ भाषिक मूल्याङ्कन व्यवस्था (साधन र प्रविधि)

सामान्यतया भाषिक मूल्याङ्कनमा निम्नानुसारका भाषिक व्यवस्थाको उपयोग गरिने भएकोले यिनै व्यवस्थाअनुरूप यो अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ।

### ३.५.१. मौखिक जाँच

भाषिक सीप विकासका सन्दर्भमा सुनाइ र बोलाइ सीपअन्तर्गतका श्रुतिबोध, वर्ण, शब्द तथा वाक्य विभेदीकरण, उच्चारण, मौखिक अभिव्यक्ति रूपकका विभिन्न विधा र लयबोध आदिको मूल्याङ्कनका लागि मौखिक जाँच लिइन्छ । यही जाँचअनुरूप यस शोधकार्यलाई अगाडि बढाइएको छ।

### ३.५.२. लिखित जाँच

पढाइ र लेखाइ सीपको मूल्याङ्कन गर्न लिखित जाँचको प्रयोग गरिन्छ । यसबाट स्वतन्त्र र सिर्जनात्मक अभिव्यक्ति सीपको पनि परीक्षण हुने गर्दछ । लिखित जाँचका लागि वस्तुगत र विषयगत प्रश्नहरूको प्रयोग गर्नुपर्दछ । नि.मा.वि. तह कक्षा ८ को विशिष्टीकरण तालिकाअनुरूप नै प्रश्नहरूको निर्माण गरी सोही तालिकालाई आधार मानी प्रश्न निर्माण तथा परीक्षण  कार्य यस शोधकार्यमा गरिएको छ ।

### ३.५.३. अवलोकन

मौखिक तथा लिखित परीक्षाबाट मूल्याङ्कन गर्न नसकिने दैनिक क्रियाकलाप हुने भाषिक सम्पादन, प्रसङ्ग, वक्ता, श्रोता र त्यसअनुरूपको अन्तरक्रिया, हाउभाउ, चेष्टा भावाभिव्यक्ति, कुराकानी, छलफल, वादविवाद नाटकीकरण आदि मौखिक क्रियाकलाप वा व्यवहार र आचरणका क्षेत्रहरूको आँकलन गर्न पर्यवेक्षण गरिन्छ । यसैलाई आधार मानी यस शोधकार्यमा वस्तुगत अभिलेख राख्न पर्यवेक्षणमा निम्नानुसारका साधनहरूको प्रयोग गरिएको छ ।

## ३.५.४. जाँचसूची

जाँचसूचीमा पर्यवेक्षण गनुपर्ने बुँदा र तिनका वैकल्पिक उत्तरको सङ्केत राखिन्छ । परीक्षणीय कुरामा मुख्य मुख्य बुँदा दिई तिनमा प्रत्येक विद्यार्थीको क्षमता के कस्तो छ सो तोक्न प्रत्येक बुँदामा विभिन्न किसिमका विकल्प समावेश गरिएका हुन्छन् । उक्त विकल्पमध्ये सम्बन्धित विद्यार्थीको लागि आवश्यकताअनुसार जुन उपयुक्त छ त्यसमा चिनो लगाई मूल्याङ्कन गरिन्छ । यसमा आवश्यक कुरा लेख्न खाली ठाँउसमेत हुन्छ । जस्तै :

***जाँचसूचीको नमूना***

***विद्यालयः*** ***विद्यार्थीको नामः***

| क.सं. | व्यवहार/आचरणका क्षेत्रहरू | अति उत्तम | उत्तम | मध्यम | सामान्य | निम्न | अति निम्न | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको व्यक्तित्व<br>क. स्पष्ट बोली<br>ख. बोलाइका लागि शब्द चयनमा ध्यान<br>ग. छलफलमा सहभागिता<br>घ. पढाइमा रुचि<br>ङ. कक्षाकार्यमा सक्रियता<br>च. भाषिक क्रियाकलापमा उत्सुकता<br>छ. प्रश्नलाई बुझेर प्रश्नोत्तर मौखिक तथा लिखित अभिव्यक्ति गर्न सक्ने | | | | | | | |
| २. | विद्यालय क्रियाकलाप<br>क. नियमित<br>ख. अनुशासित<br>ग. लगनशील<br>घ. मिलनसार<br>ङ. अन्य... | | | | | | | |

जाँचसूचीका लागि आवश्यकीय अन्य विविध विषय पनि समेट्न सकिन्छ । (पा.वि.के २०६४:८)

### ३.५.५. श्रेणीमापन

पर्यवेक्षण गर्न खोजिएका विशेष पक्षमा विद्यार्थीको सीप, धारणा तथा सुझावको श्रेणी वा स्तर खुल्ने गरी बनाइने पर्यवेक्षण साधन श्रेणीमापन हो । श्रेणीमापन विभिन्न क्रियाकलापसँग सम्बन्धित हुन्छ। जस्तैः

*श्रेणीमापनको नमूना*

*विद्यालयको नामः* *विद्यार्थीको नामः*

| क्र.सं. | मापनीय पक्ष | श्रेणी स्तरीकरण | | | |
|---|---|---|---|---|---|
| | | निम्न | मध्यम | उत्तम | अत्युत्तम |
| १ | उच्चारण क्षमता | | | | |
| २ | सस्वरवाचन | | | | |
| ३ | शब्दार्थज्ञान | | | | |
| ४ | पठनमा लय, हाउभाउ, गति | | | | |
| ५ | ... | | | | |

यसर्थ भाषिक मूल्याङ्कनका निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनमा यी भिन्न साधनहरूको ठीकसँग उपयोग गर्नुपर्ने कुरामा शिक्षक सदा सचेत हुनुपर्दछ (ऐजन : ९)

## ३.६ नेपाली भाषा-शिक्षणका सन्दर्भमा मूल्याङ्कन परिपाटीको समीक्षा

नेपाली भाषा-शिक्षणका सन्दर्भमा गरिने भाषिक मूल्याङ्कन परिपाटी अझैसम्म पनि परिपक्व भै नसकेको अवस्था देखिन्छ । वि.सं. २०२८ सालको रा.शि.प.यो. लागु भएपछि परीक्षण र मूल्याङ्कनका सन्दर्भमा विभिन्न सुधारात्मक एवम् वैज्ञानिक परिपाटीको आमन्त्रण र विकास भएको पाइन्छ । अन्तराष्ट्रिय क्षेत्रमा भए गरेका नवीन प्रयोग र आविष्कारहरूलाई भित्र्याएर सकारात्मक दिशा पक्रन खोजिए पनि कतिपय कमीकमजोरी तथा परम्परागत मूल्याङ्कन सोंचहरू धेरै हदसम्म हट्न सकेका देखिँदैनन् । नेपाली भाषा-शिक्षणका सन्दर्भमा मूल्याङ्कन परिपाटीको समीक्षा गरी प्राप्त वास्तविकताका बुँदाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) सामयिक मूल्याङ्कनको सीमित उपयोग तथा औपचारिक मूल्याङ्कनमा अत्यधिक जोड ।

(ख) विषयवस्तु केन्द्रित मूल्याङ्कन प्रणालीतर्फको झुकाव तथा भाषिक परीक्षण/अङ्कनमा पनि विषयवस्तुगत ज्ञानलाई नै बढ्ता जोड दिइने प्रवृत्ति ।

(ग) वस्तुगत मूल्याङ्कनको कम उपयोग हुनु र उपयोग भएका ठाउँमा पनि विश्वसनीयता र वैधताको प्रश्न उठ्नु ।

(घ) निरन्तर एवम् अनौपचारिक मूल्याङ्कन परिपाटीलाई महत्व नदिने प्रवृत्तिले गर्दा भाषाका समग्र सीप तथा पक्षहरूको सही मूल्याङ्कन हुन नसक्नु ।

(ङ) लेखाइ र व्याकरणलाई बढी जोड दिइनु ।

(च) अस्पष्ट मूल्याङ्कनात्मक अवधारणा तथा पाठ्यक्रममा अपेक्षित उपलब्धिहरूको बास्तविक अनुगमन हुन नसक्नु ।

(छ) मूल्याङ्कनात्मक अभिलेख तथा सञ्चित अभिलेख जस्ता महत्वपूर्ण अभिलेखहरू राख्ने प्रचलनको अभाव ।

(ज) प्रयोगात्मक परीक्षा र मूल्याङ्कनको व्यवस्था नहुनु ।

(झ) सम्बन्धित शिक्षकलाई मूल्याङ्कनको दायित्व सुम्पन सक्ने अवस्था नहुनु ।

(ञ) मूल्याङ्कनसम्बन्धी पर्याप्त प्रशिक्षणको अभाव (शर्मा र पौडेल, २०६०:२२८)

## ३.७ निष्कर्ष

नेपालको नि.मा.वि तहको कक्षा आठका विद्यार्थीहरूको नेपाली भाषाशिक्षण र मूल्याङ्कन गर्दा सामाजिक, क्षेत्रीय, स्तरीय, मानक शव्दहरूको विचलनमा ध्यान दिनु पर्दछ । दैनिक प्रयोजनका सामग्री, छलफल, सम्वादमा सहभागी हुने क्षमता वर्णविन्यास र लेख्य चिन्ह र सिर्जनात्मक रचना शिल्पको विकासमा ध्यान दिनु पर्दछ । नेपाली भाषा विषयको मूल्याङ्कन प्रविधि र नवीनतम अवधारणाको निचोड के देखिन्छ भने भाषिक सीपको विकासका लागि विधा, सीप र व्याकरणशिक्षणमा जोड दिनुपर्छ। सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप भाषिक सीप विकासका अपरिहार्य क्रियाकलापहरू भएका हुँदा ती सीपको मूल्याङ्कनबाट मात्र वस्तुगत मूल्याङ्कन हुने गर्दछ । त्यसका निमित्त मौखिक, लिखित, अवलोकन आदि साधनहरूको प्रयोग गर्नु उपयुक्त हुन्छ ।

# अध्याय चार

## कक्षा ८ का विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनबाट प्राप्त सामग्रीहरूको प्रस्तुति, व्याख्या तथा विश्लेषण

### ४.१. पूर्वपरीक्षण

शैक्षिक उपलब्धिलाई मापन गर्न प्रयोग गरिने सबैभन्दा प्रचलित साधन परीक्षण हो । विद्यार्थीहरूको ज्ञान, सीप, बुद्धि, कौशलताजस्ता गुणहरू मापन गर्न प्रयोग गरिने प्रश्न, अभ्यास र अन्य विधिहरूलाई परीक्षण भनिन्छ । एकै समयमा वा फरक-फरक समयमा दुई वा दुईभन्दा बढी व्यक्तिबीचको व्यवहारलाई तुलना गर्ने व्यवस्थित प्रक्रियालाई परीक्षण भन्न सकिन्छ । परीक्षणद्वारा विद्यार्थीको शैक्षिक उपलब्धिको मापन गरी अनुसन्धानका महत्वपूर्ण तथ्याङ्कहरू प्राप्त गर्न सकिन्छ ।

आफूले सम्पन्न गर्न खोजेको कुनै पनि कार्यको पूर्वजाँच गर्नु नै पूर्वपरीक्षण हो । कुनै पक्षमा कमीकमजोरी भएको अवस्थामा के-कस्ता समस्याहरू आउनसक्छन् भन्ने कुराको निर्धारण गर्न पूर्व परीक्षणको आवश्यकता पर्दछ । यसको आधारमा कमीकमजोरी कठिनाइस्तर आदिको जानकारी प्राप्त गर्न सकिन्छ, र सोही आधारमा आफूले गर्न लागेको कार्यलाई अगाडि बढाउनुपर्ने हुन्छ ।

यस शोधकार्यको परीक्षण गर्न श्री किसान उ.मा.वि.का कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको नेपाली विषयको निरन्तर मूल्याङ्कन गर्नका लागि यस अगाडि अध्यापन गराइएका पाठहरूबाट लिखित परीक्षा लिई पूर्वपरीक्षण गरियो यस्तो परीक्षणबाट विद्यार्थीहरूले प्राप्त गरेको नतिजा यस प्रकार पाइएको छ ।

**पूर्वपरीक्षावाट प्राप्त नतिजा**

**मिति : २०६६।०८।२५**

| क्र.सं. | विद्यार्थीको नाम | पूर्व परीक्षा | | | जम्मा प्राप्ताङ्क | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | | |
| १ | शेरबहादुर सारू | १०० | ३२ | ६९ | ६९ | ‘क’ | √√√ |
| २ | रीता जि.सी. | १०० | ३२ | ६८ | ६८ | ‘क’ | √√√ |
| ३ | मुनाल पन्थी | १०० | ३२ | ६० | ६० | ‘क’ | √√√ |
| ४ | सुनैमी थापा | १०० | ३२ | ६० | ६० | ‘क’ | √√√ |
| ५ | प्रवेश पन्थी | १०० | ३२ | ४८ | ४८ | ‘ख’ | √√ |
| ६ | लीला राना | १०० | ३२ | ४८ | ४८ | ‘ख’ | √√ |
| ७ | नरमती काम्मु | १०० | ३२ | ५० | ५० | ‘ख’ | √√ |
| ८ | सुनिल जि.सी. | १०० | ३२ | ४३ | ४३ | ‘ग’ | √ |
| ९ | सागर रेग्मी | १०० | ३२ | ४३ | ४३ | ‘ख’ | √ √ |
| १० | लक्ष्मी गाहा | १०० | ३२ | ३८ | ३८ | ‘ग’ | √ |
| ११ | भेषबहादुर सिंजाली | १०० | ३२ | ५० | ५० | ‘ख’ | √ √ |
| १२ | खुमबहादुर कुँवर | १०० | ३२ | ४२ | ४२ | ‘ग’ | √ |
| १३ | उदिन दर्लामी | १०० | ३२ | ४३ | ४३ | ‘ग’ | √ |
| १४ | वसन्ती दिशा | १०० | ३२ | ३७ | ३७ | ‘ग’ | √ |
| १५ | रोशन चौहान | १०० | ३२ | ३९ | ३९ | ‘ग’ | √ |
| १६ | रामु दिशा | १०० | ३२ | ४८ | ४८ | ‘ख’ | √ √ |
| १७ | डिल्लीसरा ए.सी. | १०० | ३२ | ४१ | ४१ | ‘ग’ | √ |
| १८ | सविता गाहा | १०० | ३२ | ४१ | ४१ | ‘ग’ | √ |
| १९ | सरिता गजमेर | १०० | ३२ | ३८ | ३८ | ‘ग’ | √ |
| २० | ओमबहादुर चौहान | १०० | ३२ | ३८ | ३८ | ‘ग’ | √ |
| | जम्मा | २००० | ६४० | | | | |
| | जम्मा औषत | | | | | | |

## द्रष्टव्य

उपयुक्त तालिकामा लगाइएका चिन्हहरूमा एउटा रेजा (√ ) ले ४५ प्रतिशतभन्दा कम, दईवटा रेजा (√ √ ) ले ४५ र ६० बीचको प्रतिशत र तीनओटा रेजा (√ √ √ ) ले ६० र ६० प्रतिशतभन्दा माथि उपलब्धिस्तर भएको सङ्केत गरिएको छ । अर्थात (√ ) ले ‘ग’ (√ √ ) ले ‘ख’ र (√ √ √ ) ले ‘क’ श्रेणीको सङ्केत गरिएको छ । मध्यमान तथा औसत निकाल्नका लागि व्यक्तिगत श्रेणीको अङ्क गणितीय मध्यमान निकाल्ने सूत्र

ह . ∑ह को प्रयोग गरिएको छ ।

ल

ह . ∑ह जहाँ ह . एउटा विद्यार्थीको प्राप्ताङ्क

ल

ह . मध्यमान औसत

∑ह . ह हरूको कूल जोड्फल

ल . जम्मा विद्यार्थी सङ्ख्या

सूत्र प्रयोग गर्दा

ह . ∑ह

ल

ह . ९२९

२०

ह . ४६.४५%

माथिको तालिकामा शोधकार्य गर्न पूर्वपाठमा पढेका नेपाली विषयका समूहबाट ज्ञान, सीप, धारणागत, भाषिक सीपगत आधारमा उपलब्धि हासिल भए नभएको हेर्न १०० पूर्णाङ्कको लिखित पूर्व परीक्षा लिएर परीक्षण गरियो । यसमा विद्यार्थीको उपलब्धिस्तर असमान रहेको पाइयो । यहाँ १० जना विद्यार्थी ‘ग’ श्रेणी अर्थात ४५ प्रतिशतभन्दा कम, ६ जना विद्यार्थी ‘ख’ अर्थात् ४५ देखि ६० प्रतिशतका बीच र ४ जना विद्यार्थी ‘क’ अर्थात् ६० प्रतिशतदेखि माथि रहेको पाइयो भने औसत प्राप्ताङ्क प्रतिशत ४६.४५% रहेको पाइयो । यसरी समग्रतामा हेर्दा औसत प्रतिशत ‘ख’ श्रेणीमा रहेको देखियो ।

## ४.२ पाक्षिक रूपमा गरिएको आवधिक परीक्षण

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको मुख्य उद्देश्य पठनपाठनसँगै विद्यार्थीहरूको सिकाइस्तर पत्ता लगाई कमजोर विद्यार्थीहरूका लागि वैयक्तिरूपमा आवश्यक पृष्ठपोषण दिँदै

प्रगति पथमा लैजान प्रोत्साहित गर्नु हो । यसका लागि कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली विषयमा ९० दिनसम्म निरन्तर मूल्याङ्कन पाक्षिकरूपमा गरिएको छ । प्रत्येक विद्यार्थीको दिनप्रतिदिनको कक्षाकार्य, गृहकार्य र कक्षा अवलोकनको साथै आवधिक परीक्षाको आधारमा अभिलेख राखिएको छ । सोही अभिलेख सिकाइ प्रगति जाँच गर्न सहायक सिद्ध भएको छ ।

पूर्वपरीक्षाबाट प्राप्त नतिजाको अभिलेख राखी सोही दिनदेखि निरन्तररूपमा विद्यार्थीहरूलाई प्रत्यक्ष शिक्षण गरी प्रत्येक दिन कक्षामा सञ्चालन गरिने कक्षाकार्य, गृहकार्यसहितलाई निश्चित पूर्णाङ्क विभाजन गरी सोह्रौँ दिन प्रथम आवधिक परीक्षा सञ्चालन गरियो । यसका लागि लिखित तथा मौखिक परीक्षा सञ्चालन गरी विद्यार्थीहरूको आवधिक उपलब्धिको स्थिति उल्लेख गरिएको छ । विद्यार्थीहरू कक्षा-शिक्षणमा प्रत्यक्ष सहभागी भएका र उनीहरूले नेपाली भाषा सिकाइमा देखाएको उत्सुकताबाट उनीहरूमा देखिएको प्रगति विवरण प्रस्तुत गर्न सजिलो भएको छ । पन्ध्र दिनसम्म पढाएको पाठबाट प्रश्न निर्माण गरी प्राप्त नतिजाको अभिलेख राखियो । कक्षाकार्य तथा गृहकार्यका हकमा शोधकर्ताले आफै शिक्षण कार्य गरेको र उनीहरूको अभ्यासपुस्तिकामा गराइएका अभ्यासहरू उनीहरूले गरेका कक्षाकार्य र गृहकार्यहरूका सूची निर्माण गरी अङ्क प्रदान गरियो । यसरी प्रदान गरिएका प्राप्त अङ्कलाई अगाडि उल्लेख भएअनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन फारममा भरी प्रतिशतका साथै ‘क’, ‘ख’, ‘ग’ श्रेणी छुट्याई जम्मा प्राप्ताङ्क उल्लेख गरियो ।

## ४.२.१ प्रथम आवधिक परीक्षण

पूर्वपरीक्षापछिको पन्ध्र दिनको सिकाइ प्रगति थाहा पाउन तपशीलको आवधिक परीक्षा २०६६ पुष १२ गते सञ्चालन गरियो जसबाट प्राप्त नतिजा विवरण यस प्रकार रहेको पाइयो ।

**प्रथम आवधिक परीक्षाबाट प्राप्त नतिजा विवरण**

**परीक्षा मितिः २०६६।०९।१२**

| क्र. सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | पूर्व परीक्षा | | जम्मा प्राप्ताङ्क प्रतिशत | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| १ | शेरबहादुर सारु | ३० | २२ | २० | १६ | ५० | ३१ | ६९ | ‘क’ | √ √ √ |
| २ | रीता जि.सी. | ३० | २२ | २० | १५ | ५० | ३१ | ६८ | ‘क’ | √ √ √ |
| ३ | मुनाल पन्थी | ३० | १८ | २० | १२ | ५० | ३० | ६० | ‘क’ | √ √ √ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सुनैमी थापा | ३० | २० | २० | १२ | ५० | २८ | ६० | क | √ √ √ |
| ५ | प्रवेश पन्थी | ३० | १७ | २० | १० | ५० | २१ | ४८ | ख | √ √ |
| ६ | लीला राना | ३० | १८ | २० | ९ | ५० | २१ | ४८ | ख | √ √ |
| ७ | नरमती काम्मू | ३० | १८ | २० | १० | ५० | २२ | ५० | ख | √ √ |
| ८ | सुनिल जि.सी. | ३० | १४ | २० | ९ | ५० | २० | ४३ | ग | √ |
| ९ | सागर रेग्मी | ३० | १५ | २० | ९ | ५० | १९ | ४३ | ख | √ √ |
| १० | लक्ष्मी गाहा | ३० | १२ | २० | ८ | ५० | १८ | ३८ | ग | √ |
| ११ | भेषबहादुर सिंजाली | ३० | १७ | २० | १२ | ५० | २१ | ५० | ख | √ √ |
| १२ | खुमबहादुर कँवर | ३० | १४ | २० | १० | ५० | १८ | ४२ | ग | √ |
| १३ | उदिन दर्लामी | ३० | १४ | २० | १० | ५० | १९ | ४३ | ग | √ |
| १४ | वसन्ती दिशा | ३० | १२ | २० | ९ | ५० | १६ | ३७ | ग | √ |
| १५ | रोशन चौहान | ३० | १३ | २० | ९ | ५० | १७ | ३९ | ग | √ |
| १६ | रामु दिशा | ३० | १७ | २० | १२ | ५० | १९ | ४८ | ख | √ √ |
| १७ | डिल्लीसरा ए.सी. | ३० | १४ | २० | १० | ५० | १७ | ४१ | ग | √ |
| १८ | सविता गाहा | ३० | १३ | २० | १० | ५० | १८ | ४१ | ग | √ |
| १९ | सरिता गजमेर | ३० | १२ | २० | ९ | ५० | १७ | ३८ | ग | √ |
| २० | ओमबहादुर चौहान | ३० | १० | २० | १० | ५० | १८ | ३८ | ग | √ |
| | जम्मा | ६०० | ३१२ | ४०० | २०१ | १००० | ४२१ | | | |
| | जम्मा औषत | | ५२५ | | ५२.७४५ | | ४२.१५ | | | |

**द्रष्टव्य**

माथिको तालिकामा ४५% भन्दा कम 'ग' श्रेणी, ४५.६० बीचमा 'ख' श्रेणी र ६० भन्दा माथि उपलब्धि भएकोमा 'क' श्रेणी सङ्केत गरिएको छ र औसत प्राप्ताङ्कको लागि मध्यमानको सूत्रको प्रयोग गरिएको छ ।

माथिको तालिकामा उल्लेख भएअनुसार आवधिक परीक्षामध्ये पनि कक्षाकार्यमा ३०% पूर्णाङ्क, गृहकार्यमा २०% पूर्णाङ्क र लिखित तथा मौखिकलाई ५०% पूर्णाङ्कमा विभाजन गरी जम्मा १०० पूर्णाङ्कको आवधिक परीक्षा सञ्चालन गरिएकोछ ।

यसरी आवधिक परीक्षामा प्राप्त उपलव्धिलाई पनि अभिलेखमा राखिएको छ । आवधिक परीक्षामा समावेश गरिएका प्रश्नहरू शोधको परिशिष्टमा समावेश गरिएको छ । माथिको आवधिक परीक्षा पहिलो आवधिक परीक्षा हो यसै गरी क्रमशः अन्य आवधिक परीक्षा पनि सञ्चालन गरिएको छ । यस परीक्षामा 'क' श्रेणी अर्थात ६०% सो भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४ जना 'ख' श्रेणी अर्थात ४५.६०% को बीचमा अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ५ जना र ४५% भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ११ रहेको छ । यसरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्याथीले ६९% र सवैभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीले ३७५ अङ्क प्राप्त गरेको देखियो । औसत विद्यार्थीले भने ४७.२५ अङ्क प्राप्त गरेका छन् । कक्षा कार्यमा औसत रूपमा जम्मा ५२५, गृहकार्यमा ५२.७४५ र आवधिक परीक्षामा ४२.१५ अङ्क विद्यार्थीहरूले प्राप्त गरेका छन् । यसरी आवधिक परीक्षाभन्दा कक्षाकार्यमा र कक्षाकार्यमा भन्दा केही वढी अङ्क प्राप्त

गरेको देखिदैन् विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर र प्रगति वढीमात्रामा गृहकार्य र कक्षा कार्यमा भएको देखियो ।

## ४.२. २ दोस्रो आवधिक परीक्षण

पहिलो आवधिक परीक्षाकै ढाँचामा सञ्चालित दोस्रो आवधिक परीक्षा मिति २०६६ माघ ७ गते विहीवारका दिन सञ्चालन गरिएको थियो । सो कारण १५ दिन हिउँदे विदाको परीक्षाको विवरणलाई यसरी उल्लेख गरिएको छ ।

**दोस्रो आवधिक परीक्षा अभिलेख**

२०६६/१०/०७

| क.सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | आवधिक परीक्षा | | जम्मा प्राप्ताङ्क प्रतिशत | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| १ | शेरबहादुर सारु | ३० | २३ | २० | १६ | ५० | ३३ | ७२ | ँक□ | √ √ √ |
| २ | रीता जि.सी. | ३० | २४ | २० | १७ | ५० | ३२ | ७३ | ँक□ | √ √ √ |
| ३ | मुनाल पन्थी | ३० | १९ | २० | १३ | ५० | ३० | ६२ | ँक□ | √ √ √ |
| ४ | सुनैमी थापा | ३० | २० | २० | १४ | ५० | २९ | ६३ | ँक□ | √ √ √ |
| ५ | प्रवेश पन्थी | ३० | १७ | २० | १२ | ५० | २० | ४९ | ँख□ | √ √ |
| ६ | लीला राना | ३० | १९ | २० | १० | ५० | २३ | ५२ | ँख□ | √ √ |
| ७ | नरमती काम्मू | ३० | १९ | २० | १३ | ५० | २५ | ५७ | ँख□ | √ √ |
| ८ | सुनिल जि.सी. | ३० | १५ | २० | १० | ५० | २१ | ४६ | ँग□ | √ |
| ९ | सागर रेग्मी | ३० | १५ | २० | १० | ५० | २० | ४५ | ँख□ | √ √ |
| १० | लक्ष्मी गाहा | ३० | १४ | २० | ११ | ५० | २० | ४५ | ँग□ | √ |
| ११ | भेषबहादुर सिंजाली | ३० | १६ | २० | १२ | ५० | २१ | ४९ | ँख□ | √ √ |
| १२ | खुमबहादुर कँवर | ३० | १४ | २० | ११ | ५० | १९ | ४४ | ँग□ | √ |
| १३ | उदिन दर्लामी | ३० | १४ | २० | १० | ५० | २१ | ४५ | ँग□ | √ |
| १४ | वसन्ती दिशा | ३० | १६ | २० | १२ | ५० | १९ | ४७ | ँग□ | √ |
| १५ | रोशन चौहान | ३० | १३ | २० | ९ | ५० | १७ | ३९ | ँग□ | √ |
| १६ | रामु दिशा | ३० | १८ | २० | १० | ५० | २१ | ४९ | ँख□ | √ √ |
| १७ | डिल्लीसरा ए.सी. | ३० | १५ | २० | ९ | ५० | १९ | ४३ | ँग□ | √ |
| १८ | सविता गाहा | ३० | १२ | २० | ९ | ५० | १७ | ३८ | ँग□ | √ |
| १९ | सरिता गजमेर | ३० | १३ | २० | ८ | ५० | १८ | ३९ | ँग□ | √ |
| २० | ओमबहादुर चौहान | ३० | १३ | २० | १० | ५० | २० | ४३ | ँग□ | √ |
| | जम्मा | ६०० | ३२९ | ४०० | २२६ | १००० | ४४५ | १००० | | |
| | जम्मा औषत | | ५५.८३५ | | ५६.५५ | | ४४.५५ | ५०.०५ | | |

माथिका दुई तालिकामा प्राप्त भएका विवरणहरूको तुलना गर्दा पहिलो आवधिक परीक्षामा भन्दा दोस्रो आवधिक परीक्षामा केही प्रगति भएको पाइन्छ । यस परीक्षामा ँक□ श्रेणीमा ४ जना , ँख□ श्रेणीमा ९ जना, ँग□ श्रेणीमा ७ जना विद्यार्थीहरू रहेका छन् भने सवैभन्दा बढी अङ्क प्राप्त गर्ने ७३% विद्यार्थी र सवैभन्दा कम अङ्क प्राप्तगर्ने विद्यार्थीले ३८% रहेको छ । त्यसै गरी दोस्रो आवधिक परीक्षाको औसतलाई हेर्दा कक्षाकार्यमा ५४.८३%, गृहकार्यमा ५६.५% र आवधिक परीक्षामा ४४.५% अङ्क प्राप्त गरेका छन् । समग्ररूपमा ५०% औसत अङ्क प्राप्त गरेका छन् । पहिलो आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षा र दोस्रोको तुलना गर्दा दोस्रो परीक्षामा विद्यार्थीहरूको औसत प्रगति २.८% ले बढी रहेकाले सिकाइ क्रियाकलाप प्राप्ति उन्मुख देखिएको छ ।

## ४.२. ३ तेस्रो आवधिक परीक्षण

विद्यार्थीहरूमा नेपाली भाषासिकाइको स्तर कसरी अगाडि बढिरहेको छ भन्ने जानकारी प्राप्त गर्न कक्षाशिक्षणका साथसाथै निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न जरुरी छ । यस कुरालाई मध्यनजर राख्दै प्रस्तुत शोधपत्र पनि त्यस्तै प्रक्रिया अवलम्वन गरी विद्यार्थीको उपलव्धिस्तर उकास्न प्रयत्न गरिएको छ । पहिलो र दोस्रो परीक्षाकै स्वरूपमा तेस्रो परीक्षा सञ्चालन गरिएको छ । तेस्रो आवधिक परीक्षा मिति २०६६ माघ २४ गते आइतबारका दिन सञ्चालन गरिएको थियो । जसबाट प्राप्त उपलब्धिलाई यसरी प्रस्तुत गरिएको छ ।

**तेस्रो आवधिक परीक्षा अभिलेख**

२०६६/१०/२४

| क.सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | आवधिक | | जम्मा प्राप्ताङ्क प्रतिशत | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| १ | शेरबहादुर सारु | ३० | २४ | २० | १७ | ५० | ३५ | ७६ | क | √ √ √ |
| २ | रीता जि.सी. | ३० | २४ | २० | १७ | ५० | ३४ | ७५ | क | √ √ √ |
| ३ | मुनाल पन्थी | ३० | २० | २० | १४ | ५० | ३१ | ६५ | क | √ √ √ |
| ४ | सुनैमी थापा | ३० | २० | २० | १५ | ५० | २९ | ६४ | क | √ √ √ |
| ५ | प्रवेश पन्थी | ३० | १८ | २० | १३ | ५० | २१ | ५२ | ख | √ √ |
| ६ | लीला राना | ३० | २० | २० | १२ | ५० | २२ | ५४ | ख | √ √ |
| ७ | नरमती काम्मु | ३० | २१ | २० | १३ | ५० | २५ | ५९ | ख | √ √ |
| ८ | सुनिल जि.सी. | ३० | १६ | २० | १२ | ५० | २१ | ४९ | ग | √ |
| ९ | सागर रेग्मी | ३० | १७ | २० | १२ | ५० | २१ | ५० | ख | √ √ |
| १० | लक्ष्मी गाहा | ३० | १६ | २० | १२ | ५० | २० | ४८ | ग | √ |
| ११ | भेषबहादुर सिंजाली | ३० | १७ | २० | १३ | ५० | २२ | ५२ | ख | √ √ |
| १२ | खुमबहादुर कँवर | ३० | १५ | २० | १३ | ५० | २० | ४८ | ग | √ |
| १३ | उदिन दर्लामी | ३० | १६ | २० | १० | ५० | २२ | ४८ | ग | √ |
| १४ | वसन्ती दिशा | ३० | १६ | २० | १२ | ५० | २२ | ५० | ग | √ |
| १५ | रोशन चौहान | ३० | १५ | २० | ९ | ५० | १९ | ४३ | ग | √ |
| १६ | रामु दिशा | ३० | २० | २० | ११ | ५० | २२ | ५३ | ख | √ √ |
| १७ | डिल्लीसरा ए.सी. | ३० | १५ | २० | १० | ५० | २० | ४५ | ग | √ |
| १८ | सविता गाहा | ३० | १३ | २० | ९ | ५० | १७ | ३९ | ग | √ |
| १९ | सरिता गजमेर | ३० | १५ | २० | १० | ५० | १९ | ४४ | ग | √ |
| २० | ओमबहादुर चौहान | ३० | १६ | २० | १० | ५० | २१ | ४७ | ग | √ |
| | जम्मा | ६०० | ३५४ | ४०० | २२४ | १००० | ४६३ | १०६१ | | |
| | जम्मा औषत | | ५९५ | | ६१५ | | ४६.३५ | ५३.०५५ | | |

माथिको तालिकाको व्याख्या विश्लेषण गर्दा विद्यार्थीहरू 'क' श्रेणीमा यस परीक्षामा पनि ४ जना मात्र रहेका छन् भने 'ख' श्रेणीमा १३ जना विद्यार्थीहरू रहेका छन् र 'ग' श्रेणीमा ३ जना विद्यार्थी रहेको देखिन्छ । सबैभन्दा बढी अङ्क ७६ छ भने सवैभन्दा कम अङ्क ३९ रहेको छ । त्यसै गरी तेस्रो आवधिक परीक्षाको औसत हेर्दा कक्षाकार्यमा ५९% गृहकार्यमा ६१% र लिखित परीक्षामा ४६.३% रहेको छ र समग्र औसत ५३.०५% रहेको छ । दोस्रो परीक्षा र तेस्रोको तुलना

गर्दा विद्यार्थीहरूको औसत प्रगति ३.०५% बढी रहेको छ । समग्रतामा शिक्षण सिकाइ क्रियाकलाप उपलब्धि प्रगतितिर देखिन्छ । तर पनि वैयक्तिक ढङ्गले विद्यार्थीको मूल्याङ्कन गर्दा केही विद्यार्थीको खासै प्रगति हुन नसकेको देखिन्छ ।

## ४.२.४ चौथो आवधिक परीक्षण

विद्यार्थीहरूको पूर्व परीक्षणको ७६ औं दिनमा चौथो आवधिक परीक्षा सञ्चालन गरिएको हो। विद्यालयको वार्षिकोत्सव समारोहका कारण केही दिन नियमित अध्यापन कार्य सञ्चालन गर्न सकिएको थिएन । अगाडिका प्रथम, दोस्रो र तेस्रो परीक्षा झैं लिखित रूपमा नभएर मौखिक रूपमा यो परीक्षा सञ्चालन गरिएको हो । पाठसँग सम्बन्धित १० ओटा प्रश्नहरू निर्माण गरी विद्यार्थीहरूलाई क्रमानुसार पालैपालो बोलाएर प्रश्न सोधिएको थियो । विद्यार्थीहरूको जवाफ दिने शैली, जवाफप्रतिको आत्मविश्वास, बोल्ने तरिका, हाउभाउ जस्ता प्रस्तुतीका आधारमा अङ्क प्रदान गरियो । प्रत्यक्ष कक्षाशिक्षण र समान रूपका प्रश्नपत्र यस परीक्षामा समावेश थिए । साथै यो आवधिक परीक्षा मिति २०६६ फागुन ११ गते मङ्गलबारका दिन सञ्चालन गरिएको थियो । जसको विवरण र विश्लेषण यसप्रकार छ । विद्यार्थीहरूको ज्ञानको विश्वसनीयताका लागि सवै विद्यार्थीहरूलाई एउटा कोठामा जम्मा गरियो र पालैपालो बोलाइ प्रश्नगरी उत्तर प्राप्त भएपछि अर्को कोठामा बस्न लगाइएको थियो ।

<u>**चौथो आवधिक परीक्षा अभिलेख**</u>

२०६६/११/११

| क.सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | आवधिक | | जम्मा प्राप्ताङ्क प्रतिशत | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| १ | शेरबहादुर सारु | ३० | २५ | २० | १७ | ५० | ३५ | ७७ | क | √ √ √ |
| २ | रीता जि.सी. | ३० | २५ | २० | १७ | ५० | ३६ | ७८ | क | √ √ √ |
| ३ | मुनाल पन्थी | ३० | २१ | २० | १५ | ५० | ३३ | ६९ | क | √ √ √ |
| ४ | सुनैमी थापा | ३० | २१ | २० | १५ | ५० | ३२ | ६८ | क | √ √ √ |
| ५ | प्रवेश पन्थी | ३० | २० | २० | १४ | ५० | २५ | ५९ | ख | √ √ |
| ६ | लीला राना | ३० | २२ | २० | १३ | ५० | २३ | ५८ | ख | √ √ |
| ७ | नरमती काम्मु | ३० | २१ | २० | १३ | ५० | २७ | ६१ | ख | √ √ |
| ८ | सुनिल जि.सी. | ३० | १७ | २० | ११ | ५० | २३ | ५१ | ग | √ |
| ९ | सागर रेग्मी | ३० | १७ | २० | १२ | ५० | २३ | ५२ | ख | √ √ |
| १० | लक्ष्मी गाहा | ३० | १७ | २० | १३ | ५० | २५ | ५५ | ग | √ |
| ११ | भेषबहादुर सिंजाली | ३० | १७ | २० | १४ | ५० | २२ | ५३ | ख | √ √ |
| १२ | खुमबहादुर कँवर | ३० | १७ | २० | १३ | ५० | २१ | ५१ | ग | √ |
| १३ | उदिन दर्लामी | ३० | १७ | २० | ११ | ५० | २५ | ५३ | ग | √ |
| १४ | वसन्ती दिशा | ३० | १८ | २० | १३ | ५० | २६ | ५७ | ग | √ |
| १५ | रोशन चौहान | ३० | १६ | २० | १२ | ५० | २२ | ५० | ग | √ |
| १६ | रामु दिशा | ३० | २२ | २० | १० | ५० | २७ | ५९ | ख | √ √ |
| १७ | डिल्लीसरा ए.सी. | ३० | १७ | २० | ९ | ५० | २२ | ४८ | ग | √ |
| १८ | सविता गाहा | ३० | १४ | २० | १० | ५० | १९ | ४३ | ग | √ |
| १९ | सरिता गजमेर | ३० | १६ | २० | ११ | ५० | २१ | ४८ | ग | √ |
| २० | ओमबहादुर चौहान | ३० | १७ | २० | १२ | ५० | २३ | ५२ | ग | √ |
| | जम्मा | ६०० | ३३७ | ४०० | २२५ | १००० | ५१० | ११४२ | | |
| | जम्मा औषत | | ६२.८२५ | | ६३.७५५ | | ५१५ | ५७.१५ | | |

माथिको तालिकामा कक्षाकार्यमा ६२.८३%, गृहकार्यमा ६३.७५%, मौखिक परीक्षामा ५१% अङ्क विद्यार्थीले प्राप्त गरेका छन् । सवैभन्दा बढी अङ्क ७८% रहेको छ भने कम अङ्क ४२% रहेको छ र जम्मा औसत् ५७.१% रहेको छ । त्यसै गरी ‘क’ श्रेणीमा ५ जना, ‘ख’ श्रेणीमा १४ जना रहेको छन् भने ‘ग’ श्रेणीमा १ जना विद्यार्थीमात्र रहेका छन् । यसरी तेस्रो र चौथो परीक्षणको औसत दरलाई विश्लेषण गर्दा यो परीक्षामा पनि विद्यार्थीहरूको उपलव्धि स्तर ४.०५% ले वृद्धि भएको देखिन्छ । जसलाई शिक्षण सिकाइ क्रियाकलापको प्रगति मान्न सकिन्छ ।

## ४.२.५ पाँचौं आवधिक परीक्षण

यस पाँचौ आवधिक परीक्षा शोधकार्यको तीन महिनापश्चात् मिति २०६६/११/२७ गते सञ्चालन गरिएको थियो । सो मूल्याङ्कन पश्चात् प्राप्त नतिजाको व्याख्या विश्लेषणबाट नतिजा यसप्रकार रहेको पाइयो ।

**पाँचौ आवधिक परीक्षा अभिलेख**

२०६६/११/२७

| क.सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | आवधिक | | जम्मा प्राप्ताङ्क प्रतिशत | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| १ | शेरबहादुर सारु | ३० | २५ | २० | १८ | ५० | ३९ | ८२ | क | √ √ √ |
| २ | रीता जि.सी. | ३० | २५ | २० | १८ | ५० | ३८ | ८१ | क | √ √ √ |
| ३ | मुनाल पन्थी | ३० | २३ | २० | १५ | ५० | ३६ | ७४ | क | √ √ √ |
| ४ | सुनैमी थापा | ३० | २१ | २० | १६ | ५० | ३४ | ७१ | क | √ √ √ |
| ५ | प्रवेश पन्थी | ३० | २१ | २० | १४ | ५० | २९ | ६४ | ख | √ √ |
| ६ | लीला राना | ३० | २२ | २० | १३ | ५० | २६ | ६१ | ख | √ √ |
| ७ | नरमती काम्मु | ३० | २३ | २० | १४ | ५० | २९ | ६६ | ख | √ √ |
| ८ | सुनिल जि.सी. | ३० | १९ | २० | १३ | ५० | २६ | ५८ | ग | √ |
| ९ | सागर रेग्मी | ३० | २० | २० | १२ | ५० | २५ | ५७ | ख | √ √ |
| १० | लक्ष्मी गाहा | ३० | १९ | २० | १३ | ५० | २७ | ५९ | ग | √ |
| ११ | भेषबहादुर सिंजाली | ३० | २० | २० | १५ | ५० | २६ | ६१ | ख | √ √ |
| १२ | खुमबहादुर कँवर | ३० | १८ | २० | १३ | ५० | २४ | ५५ | ग | √ |
| १३ | उदिन दर्लामी | ३० | १८ | २० | १४ | ५० | २८ | ७० | ग | √ |
| १४ | वसन्ती दिशा | ३० | २० | २० | १४ | ५० | २९ | ६३ | ग | √ |
| १५ | रोशन चौहान | ३० | १७ | २० | १२ | ५० | २५ | ५४ | ग | √ |
| १६ | रामु दिशा | ३० | २२ | २० | १० | ५० | २९ | ६१ | ख | √ √ |
| १७ | डिल्लीसरा ए.सी. | ३० | १९ | २० | ९ | ५० | २५ | ५३ | ग | √ |
| १८ | सविता गाहा | ३० | १७ | २० | १० | ५० | २० | ४७ | ग | √ |
| १९ | सरिता गजमेर | ३० | १८ | २० | ११ | ५० | २३ | ५२ | ग | √ |
| २० | ओमबहादुर चौहान | ३० | १९ | २० | १३ | ५० | २६ | ५८ | ग | √ |
| | जम्मा | ६०० | ४०६ | ४०० | २६७ | १००० | ५६४ | १२४७ | | |
| | जम्मा औषत | | ६७.६६५ | | ६६.७५५ | | ५६.४५ | ६२.३५५ | | |

'क' श्रेणीमा ११ जना र 'ख' श्रेणीमा ९ जना रहेका छन् भने 'ग' श्रेणीमा कोही पनि नरहेको पाइयो । सवैभन्दा  बढी अङ्क ल्याउने विद्यार्थीले ८२% र कम ल्याउनेले ४७% ल्याएको देखियो । त्यसैगरी समग्र उपलव्धि स्तरलाई औसतमा हेर्दा ६२.३५% रहेकोछ । चौथो आवधिक परीक्षण र पाँचौ आवधिक परीक्षाको उपलव्धिस्तरको औसतलाई हेर्दा ५.२५% ले बढेको छ ।

यसरी हेर्दा निरन्तर मूल्याङ्कनबाट विद्यार्थीको उपलव्धिस्तर क्रमशः बढ्दै जाने र यसले शिक्षण सिकाइ कार्यकलापमा राम्रो प्रभाव पारेको देखियो । कुनै निश्चित समय तोकेर वा पूर्णाङ्क तोकेर कापी र कलमका माध्यमले लिने परीक्षा र त्यसकै आधारमा विद्यार्थीलाई स्तर प्रदान गर्ने पद्धतिले सिकारुको वास्तविक प्रगतिलाई बोध गराउन सक्दैन् । नेपालका केही विद्यालयहरू

छोडेर अधिकांश विद्यालयहरूमा विद्यार्थीहरूको ज्ञान र सीपको मापन गर्ने आधार केवल अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षालाई मात्र मानिएको तितो सत्य हाम्रो अगाडि विद्यमान छ । शिक्षण सिकाइमा आएका नयाँ नयाँ प्रविधिहरूको प्रयोग गरेर प्रा. वि. तहमा उदार कक्षोन्नतिको परम्परा थालनी त भएको छ तर त्यसलाई कार्यान्वयन पक्षमा उतार्ने कार्यले पनि पूर्णता पाउन सकेको छैन । अझ नि.मा.वि. र मा.वि. तहमा त केवल तीन घण्टा कै परीक्षाको भरमा विद्यार्थीको मूल्याङ्कन गरी उसको ज्ञान, सीप र धारणाको मूल्याङ्कन गरी स्तरनिर्धारण गर्ने गरिन्छ । जसबाट विद्यार्थीहरूको वास्तविक सिकाइको जानकारी प्राप्त हुन सकेको हुँदैन । विद्यार्थीले कक्षामा देखाउने सहभागिता, उत्सुकता र उसमा आएको भाषिक व्यवहारको परिवर्तनले उसको सिकाइको गति र स्तर उल्लेख गर्न सकिन्छ ।

भाषिक सीप तथा तत्सम्बन्धी खास पक्षमा विद्यार्थीहरूलाई विशेष अभ्यास या निराकरणात्मक अभ्यास गर्नपरेमा पनि मूल्याङ्कन एउटा यस्तो उपाय हुनसक्छ, जसबाट उनीहरूका कमीकमजोरीका क्षेत्र पत्ता लगाई त्यसबाट प्राप्त परिणामले अभ्यासलाई सोद्देश्य बनाउन मद्दत गर्छ। मूल्याङ्कनका क्रममा शिक्षकका तर्फबाट गरिने परीक्षणहरूको उद्देश्य शिक्षार्थीहरूका सम्प्राप्ति र कठिनाई वा कमजोरीका क्षेत्रहरू पत्तालगाउनु नै हो । जसबाट उनीहरूको भाषासिकाइ शिक्षणका क्रममा आवश्यक हुने कार्यकलाप तथा अतिरिक्त अभ्यासका लागि शिक्षकलाई सुझ प्राप्त हुन्छ र उनीहरूलाई पनि आफ्नो गन्तव्यप्रतिको सफलता असफलताको बारेमा बेलाबेलामा पृष्ठपोषण प्राप्त हुन्छ र सचेत हुने अवसर प्राप्त हुन्छ ।

परीक्षाको आफ्नै महत्व र उपादेयता भए पनि यसका दुर्वलपक्ष पनि नभएका होइनन् परीक्षाले पाठ्यक्रमलाई सङ्कुचित बनाई अङ्क प्राप्त गर्ने क्षेत्रमा मात्र सीमित बनाउँदछ । यसले विद्यालय क्रियाकलापमाथि नियन्त्रण राख्ने हुनाले उनीहरूको प्राथमिकतालाई बढी महत्व दिने गरिन्छ । वर्षौंसम्म एउटै प्रकृतिका विषयवस्तु र एउटै ढाँचाका प्रश्नावलीको प्रयोग गरिने भएकाले अन्दाज गर्ने कण्ठ गर्ने प्रवृत्तिको विकास हुन्छ । परीक्षा सञ्चालन प्रक्रियामा त्रुटी एवम् कमीकमजोरी भएमा परीक्षाको विश्वसनीयता र बैधता कम हुने सम्भावना रहन्छ ।

परीक्षाका यस्ता प्रकारका कमीकमजोरीहरू हटाउनका लागि शिक्षक निर्मित र विद्यालयद्वारा गरिने परीक्षाले विशेष महत्व राख्दछ । विद्यार्थीलाई सिकाउने उनीहरूको शैक्षिक

प्रगतिको मूल्याङ्कन गर्न, अभिलेख राख्ने, त्यसको प्रयोग गर्ने विद्यार्थीहरूको सिकाइ समस्याहरूको जानकारी राख्ने सन्दर्भमा शिक्षक जत्तिको विश्वसनीय र भरपर्दो अरु हुन सक्दैनन् । शिक्षण गर्न, उनीहरूको प्रगतिको लेखाजोखा गरी त्यसको अभिलेख राख्न र सो अभिलेखको प्रयोग गरी विद्यार्थीका समस्याहरू समाधान गर्न शिक्षकको पेशागत जिम्मेवारी पनि हो । शिक्षकले लिने परीक्षामा विद्यार्थीको रुचिसमेत रहन्छ । त्यसैले विद्यालयमा शिक्षकद्वारा पाठ्यक्रमका उद्देश्य एवम् सिकाइ उपलब्धिलाई आधार मानी गरिने मूल्याङ्कनले बढी महत्व पाउने गरेको छ ।


## ४.३. आवधिक परीक्षाको तुलनात्मक स्तम्भ रेखाचित्र

जुनसुकै अध्ययन र अनुसन्धानका क्रममा प्राप्त गरिएका तथ्याङ्कहरूलाई सरल सहज र स्पष्ट किसिमबाटै सबैले बुझ्ने गरी तुलनात्मक स्तम्भ रेखाचित्रद्वारा देखाउन सकिन्छ । प्रस्तुत् शोधपत्रमा ३ महिनाको अवधिमा लिइएका आवधिक परीक्षाहरूबाट प्राप्त उपलब्धिस्तरलाई तुलनात्मक स्तम्भ रेखाचित्रमा प्रस्तुत गर्दा यसप्रकारबाट क्रमिक तवरले विद्यार्थीमा प्रगति भएको देखिन्छ ।

स्तम्भ चित्र

माथिको तुलनात्मक स्तम्भ रेखाचित्रबाट के कुरा स्पष्ट पार्न सकिन्छ भने पूर्व परीक्षापछिको प्रथम आवधिक परीक्षाबाट क्रमिक रूपमा शिक्षणसिकाइ उपलब्धिस्तर बृद्धि हुँदै गएको छ । जसमा पूर्वपरीक्षा र प्रथम परीक्षाबीच प्रथम र दोस्रो परीक्षाबीच दोस्रो र तेस्रो परीक्षाबीच तेस्रो र चौथो परीक्षाबीच चौथो र पाँचौबीचको अन्तर क्रमशः वृद्धि भएको छ । यसरी प्रथम आवधिक परीक्षा र पाँचौ आवधिक परीक्षा बीचको प्रगति ५.२५% ले वृद्धि भएको पाइयो ।

वृत्तचित्र




माथि उल्लेखित तथ्याङ्क अनुसार २० जना विद्यार्थी उपर गरिएको निरन्तर मूल्याङ्कनको नतिजा हेर्दा सिद्धान्ततः स्वीकृतभएको तर सवै ठाँउमा प्रयोग भइ नसकेको यस मूल्याङ्कन पद्धतिलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकेको खण्डमा नेपाल भर पठनपाठनमा उल्लेख्य सुधार हुनसक्ने सङ्केत माथिको तथ्याङ्कहरूले स्पष्ट देखाएकाछन् । अतः विद्यालयमा यो मूल्याङ्कन परिपाटीको कार्यान्वय प्रभावकारी ढङ्गले गराउनुपर्ने देखिन्छ ।

## ४.४ निष्कर्ष

विद्यार्थीहरूको वास्तविक क्षमतास्तर आँकलन गर्न कुनै पनि तहमा प्रवेश गर्दाको उनीहरूको शैक्षिक स्थिति र निश्चित समयावधिपश्चात विद्यार्थीहरूमा आउने प्रगति तथा सिकाइउपलब्धिदर निरन्तर मूल्याङ्कन गरेपछि मात्र थाहा पाउन सकिन्छ । तर हाम्रो मूल्याङ्कन परिपाटीमा कापी, कलम, पुस्तकको प्रयोगबाट मात्र उपलब्धिस्तरको मापन गर्ने प्रचलनले गर्दा सरोकारवालाहरूले वास्तविक उपलब्धिस्तर थाहा पाउन बाट वञ्चित हुन पुग्छन् । यसै कारणले गर्दा निरन्तर विद्यार्थीको मूल्याङ्कनको प्रयोग गर्न जरुरी छ । यस्तो उपलब्धि थाहा पाउन पूर्वपरीक्षा, आवधिक परीक्षाहरू र उत्तर परीक्षण जस्ता प्रत्यक्ष मूल्याङ्कन गर्ने तथा विद्यार्थीले दैनिक कक्षामा गर्ने भाषिक व्यवहार कक्षाकार्य तथा गृहकार्यजस्ता कुराको मूल्याङ्कन गर्दा पनि उनीहरूको सिकाइको अवस्था आकलन गर्न सकिन्छ । आवधिक परीक्षाको नजिकबाट विद्यार्थीको सवल र दुर्वल पक्ष दुवै थाहा पाउन सहज हुनेहुदा दुर्वल पक्षमा सुधार ल्याउन तत्काल पृष्ठपोषण दिंदै सुधारको मार्गमा डो-याउन सकिन्छ ।

यो शोधको यस अध्यायमा पनि आवधिक रूपमा विद्यार्थीहरूमा आएको प्रगति निरन्तर विद्यार्थी मूल्याङ्कन फारामका सहायताले अभिलेख राखी त्यसको तुलनात्मक प्रगतिविवरण उल्लेख गरिएको छ । अन्त्यमा आवधिक परीक्षाको तुलनात्मक स्तम्भ रेखाचित्र र वृत्तचित्र प्रस्तुत गरिएको छ ।

त्यसैगरी पूर्वपरीक्षण र उत्तरपरीक्षण (पाँचौ आवधिक परीक्षण) बीचको तुलनामा सवैभन्दा घटी २.८% ले स्तरअङ्क बृद्धि भएको देखिन्छ भने सवैभन्दा बढी ५.२५% ले स्तर अङ्क बृद्धि भएको देखिन्छ । सो प्रगति विवरणलाई तुलनात्मक रूपमा विश्लेषण गरी अझ स्पष्ट पार्न वृत्तचित्र अझ सान्दर्भिक देखिन्छ । जसबाटै समग्र प्रगतिको तुलना गरी वास्तविक उपलब्धिस्तर देखाइएको छ ।

# अध्याय–पा□च

# निष्कर्ष तथा सुझावहरू

## ५.१. निष्कर्ष

सर्वाङ्गीण विकासको मेरुदण्ड शिक्षा हो । त्यसैले शिक्षाको अधिकतम विकास गर्ने उद्देश्यअनुरूप नेपाल सरकारले शिक्षालाई सर्वसाधारणको पहुँचसम्म पु-याउन विभिन्न प्रयास गर्दै आइरहेको छ । शैक्षिक विकासको आधारभूत तह प्राथमिक तहको शिक्षाको पहुँचमा वृद्धि गुणस्तरमा सुधार एवम् व्यवहारिक रूपमा वालवालिकाहरूलाई अधिक मात्रामा गुणस्तरीय र व्यवहारिक शिक्षामा सहभागी बनाउने दायित्व सरकारको हो । गुणात्मक शिक्षाका लागि निरन्तर मूल्याङ्कन गर्ने प्रयोजनबाट अभिप्रेरित भई सरकारले प्राथमिक तहमा यो मूल्याङ्कन प्रणाली लागु गरेको छ । वि.सं. २०५९ सालमा नवौं पञ्चवर्षीय योजनाको पूर्वाद्धदेखि नै प्रयोगमा ल्याइएको यो प्रणालीलाई अव नि.मा.वि. र मा.वि. तहमा समेत प्रयोग गरेमा शिक्षाको उपलव्धिस्तर बढ्ने देखिन्छ । यसै कुरालाई मध्यनजर राखी यस शोधकार्यका शोधार्थीले अध्यापन गरेको जिल्ला पाल्पा र सरकारी नीतिको मापदण्डलाई आधार मानी यो अध्ययन गरिएको छ ।

भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई भाषिक सीपको शिक्षण हो । अत : विषयवस्तुका माध्यमबाट भाषा सुनाइ, बोलाई, पढाइ र लेखाइ सीपको शिक्षण नै भाषाशिक्षण हो । भाषा शिक्षण पछि त्यसको मूल्याङ्कन गर्ने निश्चित सैद्धान्तिक आधार अवलम्बन गर्नुपर्ने प्रावधानअनुरूप उद्देश्यको अनुरूपता, परीक्षण गर्नुपर्ने विषयको छनोट, भाषातत्व र सीपको परीक्षण, एकपटकमा एउटाको मूल्याङ्कन, परीक्षणीय वस्तु र युक्तिबीचको सम्बन्ध एवम् परीक्षणका लागि पूर्वयोजना रहेकाछन् । मूल्याङ्कन गर्दा मौखिक जाँच, लिखित जाँच र अवलोकन जस्ता साधनहरूको उपयोग गरिएकोछ ।

यस शोध अध्ययन गर्नको लागि पूर्वपरीक्षण, कक्षाकार्य तथा गृहकार्य गर्दा कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा छनोट गरी सामग्री निर्माण, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता युक्तिहरूको उपयोग गरिएको छ । यसो गर्दा सामग्रीहरूलाई सकेसम्म भरपर्दो

विश्वसनीय र व्यवहारिक बनाउनका लागि प्रत्यक्ष कक्षा अवलोकन विधिलाई प्रमुखताकासाथ अपनाइएको छ ।

पाल्पा जिल्लाको सामुदायिक विद्यालयमा गरिएको निरन्तर मूल्याङ्कन पद्धतिको नतिजा अवलोकन गर्दा निकै उत्साहप्रद र उपलब्धिमूलक देखिएको छ । कक्षा आठमा अध्ययनरत २० जना विद्यार्थीको सहभागिता रहेको यस अनुसन्धानमा विद्यालय तहमा प्रयोग गरिने त्रैमासिक अर्धवार्षिक तथा वार्षिक परीक्षाबाट प्राप्त हुन नसकेको प्रगति निरन्तर मूल्याङ्कनबाट प्राप्त हुन आएको छ । विशेषत : भाषाशिक्षणमा गरिएको यस पद्धतिमा स्तरीय नेपाली भाषा नभएको मगर विद्यार्थीले पनि उल्लेख्य प्रगति गरेको देखिएकोले यस पद्धतिलाई क्रमशः नि.मा.वि. र मा.वि. तहका कक्षाहरूमा लागु गर्न सके उपलब्धिस्तर बृद्धि हुने देखिन्छ ।

पाठगत दृष्टिले होस् या भाषिक सीपगत दृष्टिले अथवा व्यक्तिको पृथक मूल्याङ्कनका दृष्टिलेहोस् वा सामूहिक प्रगतिका दृष्टिलेहोस् यो पद्धति भाषाशिक्षणका सन्दर्भमा निकै सन्तोषजनक रहेको पाइन्छ ।

कक्षा आठका २० जना विद्यार्थीहरूलाई लिङ्ग, जात, भाषा सिकाइको स्वरूप भाषिक सीपजस्ता आधारमा वर्गीकरण नगरी सो कक्षाका लागि तयार गरिएको नेपाली भाषा पाठ्यक्रमका आधारमा निर्मित पाठ्यपुस्तकका पाठमा आधारित विषयवस्तुको शिक्षणपछि गरिएको निरन्तर मूल्याङ्कनबाट पनि उनीहरूको उपलब्धि पहिचान गर्न सकिएको छ । सिकाइमा भएका कमीकमजोरीलाई तत्काल पृष्ठपोषण गरी शिक्षणमा सुधार आएको देखिन्छ । यसैगरी एउटा निश्चित सीपको वा भाषिक सीपहरूको पृथकीकृत वा एकीकृत रूपमा आवधिक मूल्याङ्कनको अध्ययन गर्दा भाषा शिक्षण सिकाइ अझ प्रभावकारी बनाउन सकिने देखिन्छ ।

कक्षा आठका विद्यार्थीहरूमा गरिएको निरन्तर मूल्याङ्कनको नतिजाले के कुरा स्पष्ट पारेको छ भने यो पद्धति प्राथमिक तहमा मात्र सञ्चालन नगरी माथिल्ला तहहरूमा पनि लागु गर्न सकेमा उल्लेख्य सुधार हुन सक्ने सङ्केत शोधका तथ्याङ्कले देखाएका छन् ।

## ५.२. सुझावहरू

यो शोधकार्यको प्राप्त निष्कर्षबाट निम्नानुसारका सुझाव प्रस्तुत गर्न सकिन्छ ।

क. वि.सं. २०५९ सालदेखि प्राथमिक तहमा लागु गरिएको यस प्रणालीलाई नि.मा.वि. र मा.वि. तहमा समेत लागु गर्न सके शिक्षामा गुणात्मक परिवर्तन आउनसक्ने देखिन्छ ।

ख. प्रभावकारी ढङ्गले यो प्रणाली लागु गर्न र कार्यान्वयनका लागि तालिम प्राप्त शिक्षकहरूको व्यवस्था जरुरी देखिन्छ ।

ग. समय-समयमा नेपालीभाषाका शिक्षक-शिक्षिकाहरूलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

घ. मूल्याङ्कन कार्य गर्दा खासगरी विद्यार्थीकोस्तर, विद्यार्थीकेन्द्रित तथा उनीहरूको क्षमतामा विशेष ध्यान दिन जरुरी देखिन्छ ।

ङ. परीक्षा भनेपछि हतोत्साहित हुने विद्यार्थीलाई त्यो भयबाट मुक्त गर्न शैक्षिक निरन्तर विद्यार्थी मूल्याङ्कन अपनाउनु पर्दछ ।

च. निरन्तर मूल्याङ्कन प्रणालीलाई एकरूपताका साथ सवै विद्यालयहरूमा प्रयोग र कार्यान्वयन गर्नुपर्दछ ।

# सन्दर्भसामग्री सूची

**(क) पुस्तकहरू**

अधिकारी, हेमाङ्गराज, (२०५९), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

र शर्मा, केदारप्रसाद, (२०६२), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

आचार्य, राजेन्द्रकुमार, (२०५७), **शैक्षणिक मूल्याङ्कन**, काठमाडौं : भुँडीपुराण प्रकाशन, बागबजार ।

खनाल, पेशल र अधिकारी, नारायणप्रसाद, (२०६६), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाडौं : सनलाइट पब्लिकेशन ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, (२०६१), **हाम्रो नेपाली किताब कक्षा ८**, सानोठिमी ।

पण्डित, आर.पि. र पण्डित, डी.आर, (२०५७), **पाठ्यक्रम र मूल्याङ्कन सहायक**, काठमाडौं : दिप्ती प्रकाशन ।

पन्थ, नारायणप्रसाद, (२०६४), **शिक्षामा मापन तथा मूल्याङ्कन,** काठमाडौं : नोबेल प्रकाशन ।

पाठयक्रम विकास केन्द्र, (२०६४), **विद्यालय स्तरीय मूल्याङ्कन सहयोगी सामग्री**, सानोठिमी ।

लम्साल, रामचन्द्र, (२०६२), **नेपाली भाषाशिक्षण**, काठमाडौं : भुँडीपुराण प्रकाशन, बागबजार ।

लामिछाने, यादवप्रकाश, (२०५७), **नेपाली भाषाशिक्षण परिचय**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, केदारनाथ र पौडेल, माधवप्रसाद, (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शिक्षा तथा खेलकुद मन्त्रालय, (२०६४), **विद्यालय क्षेत्र सुधार कार्यक्रम**, काठमाडौं ।

शिक्षा मन्त्रालय, (२०२९), **शिक्षा योजना एक बर्ष (चितवन र कास्कीको सन्दर्भमा),** काठमाडौं।

**(ख) शोधपत्रहरू**

कट्टेल, पद्मराज, (२०६५), **कक्षा पाँचका विद्यार्थीहरुको नेपाली सिकाइको आवधिक प्रगति विवरणको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र : महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

.	जोशी, पुष्करराज, (२०६३), **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ प्रगति अभिलेख,** अप्रकाशित स्नातकोत्तर शोधपत्र : केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

बास्कोटा, शान्ता, (२०३५), **नेपाली भाषा शिक्षकबाट प्रयोगमा ल्याइएका साधनहरू**, अप्रकाशित स्नातकोत्तर शोधपत्र : केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

**(ग) पत्रिका**

शैक्षिक पाठ्यक्रम विकास केन्द्र, (२०६४), **शैक्षिक स्मारिका**, भक्तपुर : सानोठिमी ।

## परिशिष्ट 'क'

**पूर्वपरीक्षा : २०६६/०८/२५** **पूर्णाङ्क : १००**

१. कुनै चार प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् । ४ ह ५ . २०

क. कानुनको आवश्यकता किन पर्दछ ?

ख. युवकले आफ्नी श्रीमती कसरी फेला पार्‍यो ?

ग. गोपालप्रसाद रिमालका कृतिगत विशेषता उल्लेख गर्नुहोस् ।

घ. राणाकालीन दरबारहरू कस्ता छन् र ती कसरी निर्माण गरिएका छन् ?

ङ. 'किसान' कवितामा किसानको के कस्तो महिमा गाइएको छ ।

२. कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् । १०

क. 'प्रश्नोत्तर' कवितामा कविले मानिसलाई के-कस्तो सन्देश दिएका छन् ?

ख. 'मनु' कथाले लैङ्गिक समस्यालाई कसरी उठाएको छ ?

३. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् । ५

'हुने बिरुवाको चिल्लो पात' भनेझैं गोपालप्रसाद रिमालले आफ्नो प्रतिभाको परिचय सानै उमेरदेखि दिएका थिए । सबै परीक्षामा प्रथम हुने रिमाल अध्ययनमा औधि रुचि राख्थे । अध्ययनलाई बोझका रुपमा नलिने रिमालले प्रतिभावान् तथा अनुशासित छात्रका रुपमा गुरुवर्गलाई प्रभावित पारेका थिए । साथीहरुमा उनी मिलनसार देखिन्थे । खेल खेल्न र हेर्न खुबै उत्सुक हुने रिमाल १९९२ सालको एस.एल.सी. परीक्षामा प्रथम भए । त्यसपछि त्रिचन्द्र कलेजमा भर्ना भएर आइ.ए.सम्मको अध्ययन गरे । उनको औपचारिक शिक्षा त्यतिमै सीमित रह्यो ।

प्रश्नहरू

क. रिमालले के को परिचय सानैदेखि दिएका थिए ?

ख. अध्ययनप्रति रिमालको सोच कस्तो थियो ?

ग. रिमालको औपचारिक शिक्षा कतिसम्म थियो ?

घ. 'हुने बिरुवाको चिल्लो पात' भनेको के हो ?

ङ. 'प्रतिभा' र 'बोझ' शब्दको अर्थ लेख्नुहोस् ।

४. माथि प्रश्न नं. ३ मा दिइएको अनुच्छेदको सारांश लेख्नुहोस् । ५

५. कुनै एक उद्धरणको स-प्रसङ्ग व्याख्या गर्नुहोस् । ५

क. खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?

आफू मिटाई अरुलाई दिनु जहाँ छ ।

ख. बाहिरी शत्रुलाई उठ्न दिनुको मूल कारण घरझगडा हो ।

६. तल दिइएको सङ्केतका आधारमा एक कथा लेखी शीर्षक समेत दिनुहोस् । ५

एउटा बुढो मान्छे ... उसका दुई छोरा ... जेठो उमेश र कान्छो सुशील ... जेठो शिक्षित र कान्छो कान नसुन्ने तर सीप जानेको ... चित्र र मूर्तिकलामा सिपालु ... दाजुले भाइलाई हेप्नु ... दाजु घमण्डी ... कुनै प्रतिक्रियाबिना आफ्नो काममा लाग्नु ... बुढोको मृत्यु ... दाजुले भाइलाई दुःख दिनु ... दाजु कुलतमा लागेर कङ्गाल बन्नु ... भाइले राष्ट्रिय सम्मान पाउनु ... राम्रो कुराको राम्रै फल पाइने सन्देश ।

७. कुनै एक शीर्षकमा १५० शब्द नघटाइ एउटा निबन्ध लेख्नुहोस् । १०

क. प्राकृतिक सम्पदा ख. म र मेरो विद्यालय

८. तिम्रो विद्यालयको स्वर्णजयन्तिको बारेमा जानकारी दिँदै विदेशमा बस्ने साथीलाई एउटा चिठी लेख्नुहोस् । ५

९. तलका रेखाङ्कित पदहरूको शब्दवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय) छुट्याउनुहोस् । ५

प्रकृति जति शान्त, सरल र सौम्य देखिन्छ उत्ति नै यसले गर्ने कार्य पनि वैज्ञानिक नै छन् ।

१०. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् । ५

क. हरि त काठमाडौं ... । (जा : अज्ञात भूत)

ख. पासाङ ल्हामुले सगरमाथा आरोहण ... । (गर् : पूर्ण भूत)

ग. देशको माया सबैले ... । (गर् : इच्छार्थक)

घ. सबै विद्यार्थीले मेहनतसाथ ... । (पढ् : आज्ञार्थक)

ङ. हामीले परीक्षा ... । (दि : अपूर्ण वर्तमान)

११. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परीवर्तन गर्नुहोस् । ६

क. गायकले गीत गायो । (स्त्रीलिङ्ग)

ख. भाइले राम्ररी लेख्छ । (कर्मवाच्य)

ग. मेहनत गरे सफल भइन्छ । (अकरण)

घ. म किताब पढ्छु । (द्वितीय पुरुष)

ङ. राम्रो मान्छे आयो । (बहुवचन)

च. तैंले भात खा (सामान्य आदर)

१२. कोष्ठकमा दिइएका उपयुक्तः शब्द छानी खाली ठाउँ भर्नुहोस् । ३

क. ‘सुन्दर’को विपरितार्थी शब्द ... हो । (आकर्षक, कुरुप, असल)

ख. ‘सिमा-सीमा’ ... शब्द हुन् । (अनेकार्थी, श्रुतिसमभिन्नार्थी, लघुतावाची)

ग. ‘रवि’को ... शब्द सूर्य हो । (विपरितार्थी, पर्यायवाची, अनेकार्थी)

घ. ‘रहर’ शब्दको अर्थ ... होइन । (दाल, चामल, चाहना)

ङ. ‘तर’ ... शब्द हो । (अनेकार्थी, श्रुतिसमभिन्नार्थी, लघुतावाची)

च. ‘पित्को’ ... शब्द हो । (अनेकार्थी, श्रुतिसमभिन्नार्थी, लघुतावाची)

१३ तलका शब्दको अर्थ लेख्नुहोस् । ६

निर्जन, सामञ्जस्य, रत्न, कद, सबुत प्रमाण, नियन्त्रण

१४. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । ५

कर्तव्य, संविधान, आकाङ्क्षा, प्रक्षेपण, ऱ्याखऱ्याख पार्नु

१५. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । ५

जुक्तिबुद्धि पुराएर काम गर्न सके जस्तोसुकै काम पनि सजीलै गर्न सकीन्छ

समाप्त

## परिशिष्ट 'ख'

## प्रथम आवधिक परीक्षा - २०६६/०९/१२ पूर्णाङ्क : ५०

**१-कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् ।**

**६**

(क) मानिसका लागि कानून किन आवश्यक छ ?

(ख)'हामी एउटै हौं ' भन्ने एकाङ्कीको मुख्य आसय के हो ?

(ग) खसीको तौल कसरी बराबर राख्न सकिन्छ ?

**२- कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् ।**

**५**

(क) प्रश्नउत्तर कविताको मूल भाव चर्चा गर्नुहोस् ।

(ख) लैङ्गिक समानताका लागि मनु कथाकी पात्र सन्ध्याको मौन प्रतिस्पर्धा चर्चा गर्नुहोस् ।

**३-दिइएको अनुच्छेद पढी तल सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

**३**

वनजङ्गल वन्यजन्तुको आश्रयस्थल हो ।आ-आफ्ना स्वभाव र आवश्यकताअनुरुप त्यहाँ तिनीहरूले निर्वाध रुपमा बसोबास गर्न, धुमफिर गर्न र आहारविहार गर्न पाउनुपर्छ । यो उनीहरूको प्राकृतिक अधिकार हो । यस संसारमा मस्तसँग र रमाएर तिनीहरूले हाम्रो संसारलाई सुन्दर र सुरम्य बनाउन पाउनु पर्दछ ।

**प्रश्नहरू :**

(क) वनजङ्गल कसको आश्रयस्थल हो ?

(ख) वन्यजन्तुको प्राकृतिक अधिकार के-के हुन् ?

(ग) निर्वाध र आश्रयस्थलको अर्थ लेख्नुहोस् ।

**४- माथिको प्रश्न तीनमा दिइएको अनुच्छेदको सारांस लेख्नुहोस् ।**

**२**

**५- कुनै एक प्रश्नको स-प्रसङ्ग व्याख्या गर्नुहोस् ।**

**४**

(क) देखिन्छ ईश कुन कुन मन्दिरमा पसेर,

त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर ।

(ख) तिम्रा गुरु धौम्यका फलामका दाँत छन् । अब तिम्रा सुनका दाँत हुनेछन् ।

**६-'शिक्षा नै सभ्यताको आधार हो ' भन्ने शीर्षकमा सम्पदा र सम्पन्न बीचको संवाद लेख्नुहोस् ।**

**३**

**७- कुनै एक शीर्षकमा १०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् ।**

**४**

(क) पुस्तकालय (ख) देशप्रति मेरो कर्तव्य

**८- आफ्नो क्षेत्रको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै टाढा बस्ने साथीलाई एक चिठ्ठी लेख्नुहोस् ।**

**४**

**९- रेखाङ्कित शब्दहरुको पदवर्ग (नाम,सर्वनाम, विशेषण,क्रियापद र अव्यय छुट्याउनुहोस् ।**

२

अजिता ऊ त्यो पाल्पाली करुवाको पानी ल्याउ त ।

**१०- कोष्ठकका धातु र सङ्केतका आभारमा खाली ठाउँ भर्नुहोस् ।**

३

(क) मैले चिठ्ठी ... । (लेख् : पूर्ण वर्तमान )

(ख) तिमी पास ... । (हु: इच्छार्थ)

(ग)राम चाँडै घर ... । (जा:अज्ञान भूत )

**११-कोष्ठकमा दिइएको संकेतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् ।**

४

(क) चरो आकाशमा उड्यो । (वहुवचन)

(ख) नायकको छोरो नायक नै हुन्छ । (स्त्रीलिङ्ग)

(ग) विजयाले चिठ्ठी लेखिन् । (कर्मवाच्य )

(घ) भाइ पास भएछ । (अकरण )

**१२- कोष्ठकमा दिइएको सङ्केतअनुसार विभक्ति भरी वाक्य पूरा गर्नुहोस् ।**

२

(क) रमेशले हुलाक ... पत्र पठायो ।(तृतीय विभक्ति)

(ख) सीताले साथी ... पुस्तक दिई । (चतुर्थी विभक्ति)

(ग) गोजी... रुमाल छ । (सप्तमी विभक्ति)

(घ) पाल्पा... बुटवलसम्म बस चल्छ । (पञ्चमी विभक्ति )

**१३- कोष्ठकमा दिइएको उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् ।**

२

(क) 'जीवन र मरण' ... शब्द हुन् ।(विपरीतार्थक, अनेकार्थक, पर्यायवाची)

(ख) ... अनेकार्थक शब्द हो । (तर,घर, थर)

(ग) 'नयन' को ...शब्द आँखा हो । (विपरीतार्थी, पर्यायवाची,अनेकार्थी)

(घ) श्रुतिसमभिन्नार्थ शब्द... हुन् । (जाति-जाती, पाठी-पाती, काठी-काती)

**१४-तलका शब्दको अर्थ लेख्नुहोस्**

२

यान,आत्मविश्वास, विवेक,शैली

**१५-अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

२

परीक्षण, हुने विरुवाको चिल्लो पात,

**१६- तलको वाक्यलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् ।**

२

हामिले मेनत गरे शफल भयिन्छ ।

## परिशिष्ट 'ग'

## दोस्रो आवधिक परीक्षा – २०६६/१०/०७ पूर्णाङ्क : ५०

१. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् । २ ह ४ . ८

क. मनुको मृत्य कसरी भयो ?

ख. म्याडम क्युरी किन चर्चित भइन् ?

ग. बहादुर शाहको मनसाय कस्तो थियो ?

२. कुनै एकको विवेचनात्मक उत्तर दिनुहोस् । १ ह ५ . ५

क. गोपालप्रसाद रिमालले नेपाली साहित्यलाई कसरी उज्वल तुल्याए ?

ख. ओखलढुङ्गा कविताको मूलभाव चर्चा गर्नुहोस् ।

३. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । १ ह ३ . ३

निश्चित अवधि र उद्देश्य पूरा भएपछि अन्तरिक्षयानलाई पृथ्वीमा फर्काउन सकिन्छ । त्यसरी फर्काउनुपर्दा यानमा जडिएका रेट्रोरकेटहरू चलाइन्छन् । तिनले यानलाई चालको विपरीत दिशातर्फ धकेल्छन् र यानको बेग कम हुँदै त्यो वायुमण्डलमा प्रवेश गर्दछ । आवश्यक भए त्यसलाई पृथ्वीमा फर्काइन्छ नत्र त्यहीं नष्ट गर्न पनि सकिन्छ ।

प्रश्नहरू

क. रेट्रोरकेटहरूले के काम गर्दछन् ?

ख. के भए पछि अन्तरिक्षयानलाई पृथ्वीमा फर्काउन सकिन्छ ?

ग. विपरीत दिशा भन्नाले के बुझिन्छ ?

४. कुनै एक प्रश्नको स-प्रसङ्ग व्याख्या गर्नुहोस् । १ ह ४ . ४

क. तिम्रा गुरु धौम्यका फलामका दाँत छन् । अब तिम्रा सुनका दाँत हुनेछन् ।

ख. कुसुमाकरको आँचल पक्री
मलाइ कति खोज्दी हुन प्रकृति
मृग शावकहरू उफ्री उफ्री
तरु लतिकाहरू हल्ली हल्ली
मेरो पियारो ओखलढङ्गा ।

५. तल दिइएका बुँदाका आधारमा एक कथा लेखी शीर्षकसमेत दिनुहोस् । १ ह ४ . ४

एउटा भोको फ्याउरो ... खाना खोज्दै बगैंचामा ... पाकेको अङ्गर झुण्डिएका ... खुशी हुन्छ ... मुखमा पानी रसाउनु ... अङ्गुर टिप्न उफ्रनु ... फेरि उफ्रनु ... अङ्गर पुग्न नसक्नु ... हारमानी दुःखी हुनु ... अमिला रहेछन खाए बिरामी भइन्छ भन्दै आफ्नो बाटो लाग्छ ।

६. कुनै एक शीर्षकमा १०० शब्दमा नघटाएर निबन्ध लेख्नुहोस् । १ ह ५ . ५

क. विद्यार्थी जीवनमा अनुशासनको महत्व

ख. मेरो देश

७. विद्यालयबाट प्रदान गरिने गरिब तथा जेहेन्दार छात्रवृत्ति पाऊँ भनी प्रधानाध्यामकलाई एउटा निवेदन लेनुहोस् । ४

८. तल दिइएका रेखाङ्कित शब्दहरूको पदवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय) छुट्याउनुहोस् । ०.५ ह ४ . २

<u>सुशीला</u> <u>परिश्रमी</u> छिन, <u>उनी</u> कहिल्यै पनि असफल <u>हुँदिनन्</u> ।

९. कोष्ठकका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् । १ ह ३ . ३

क. विजयाले कथा............। (लेख् : पूर्ण भूत)

ख. हामी परीक्षा ............। (दि : अपूर्ण वर्तमान)

ग. सबै विद्यार्थी सफल ...........। (हु : इच्छार्थक)

१०. कोष्ठकका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् । १ ह ३ . ३

क. गायकले गीत गाउँछन् । (स्त्रीलिङ्ग)

ख. भाइले राम्रो लेखेछ । (अकरण)

ग. श्यामले कविता लेख्यो । (कर्मवाच्य)

११. कोष्ठकबाट उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् ।   ०.५ ह ३ . १.५

क. 'पानी'को पर्यायवाची शब्द ......... हो । (जल, कल, फल)

ख. 'हार'को विपरीतार्थक शब्द ..........हो । (प्रहार, जीत, पराजय)

ग. .................श्रृतिसमभिन्नार्थक शब्द हुन् । (बाटो - घाटो, दान - पान, दिन - दिन)

१२. तल दिइएका शब्दहरूको अर्थ लेख्नुहोस् ।  ०.५ ह ३ . १.५

अभिष्ट, शैशवकाल, मृद

१३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।  १ ह ३ . ३

तल्लीन, आँचल, मख्ख पर्नु

१४. तलको वाक्यलाई शुद्धगरी पुन : लेख्नुहोस् ।  ०.५ ह ६ .३

यो विसों हामिजस्ता मानवइमानवको उत्तम सग्रालय र वीसाल भनडार हो ।

**समाप्त**

# परिशिष्ट 'घ'

## तेस्रो आवधिक परीक्षा – २०६६/१०/२४ पूर्णाङ्क : ५०

१. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् । २ ह ४ . ८

क. फ्लोरेन्स नाइटिङ्गेललाई किन स्वास्थ्यकी देवी भनिएको हो ?

ख. गुरु नानकले भमियालाई कस्तो मार्ग निर्देशन गरे र उसको जीवनमा के कस्तो परिवर्तन आयो ?

ग. साहित्यिक क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालाको योगदान के कस्तो रहेको छ ?

घ. वन्यजन्तुको सुरक्षाको लागि नेपालमा के कस्ता प्रयासहरू गरिएका छन् ?

२. कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् । १ ह ५ . ५

क. उपमन्युको परीक्षा कसरी सम्पन्न भयो ? चर्चा गर्नुहोस् ।

ख. नेपालमा पर्यटन व्यवसायको के कस्तो सम्भावना रहेको छ ?

३.दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । १ ह ३ . ३

संसारका कुनै पनि प्राणी वा वनस्पतिको रक्षा र विनाश गर्ने तत्व प्रकृतिले नै सृष्टि गरिदिएको छ । एकको रक्षाका लागि अर्को बरदान र अभिशाप कुनै हुन सक्छ । प्रकृतिका कुनै पनि उपयोगी पन्छी, वनस्पति वा पदार्थमा आइपर्ने सङ्कटलाई रोगव्याधि विनाशका जीवाणुको उपयोग गरी नियन्त्रण गर्न सकिन्छ । यस किसिमबाट अहितकारी अथवा विनाशकारी जीवजीवाणु तथा वनस्पतिलाई तिनीहरूका जन्मजात शत्रुका रूपमा देखा पर्ने जीवजीवाणु, परजीवी तथा वनस्पतिको प्रयोगबाट नियन्त्रण गर्ने प्रविधिलाई जैविक नियन्त्रणविधि भन्दछन् । यस्तो प्रविधिको उपयोग युद्धदेखि लिएर जनस्वास्थ्य, वनसंरक्षण, कृषि, पशुपालन तथा मत्स्यपालन आदिका क्षेत्रसम्म हुनसक्दछ।

प्रश्नहरू :

क. जैविक नियन्त्रणविधि भन्नाले के बुझिन्छ ?

ख. जैविक नियन्त्रणविधिको उपयोग कुन कुन क्षेत्रमा हुनसक्छ ?

ग. जन्मजात र जैविक शब्दको अर्थ लेख्नुहोस् ।

४. कुनै एक प्रश्नको स-प्रसङ्ग व्याख्या गर्नुहोस् । १ ह ४ . ४

क. श्रमको पसिनादाना दिव्यदाना जुटाउँछ ।
बीजको एक मानाले लाखौंलाख तुल्याउँछ ॥

ख.अनुसन्धान र खोजी सीमितरूपमा रहँदैन ।

५. तल दिइएका वुँदाका आधारमा एक कथा लेखी शीर्षकसमेत दिनुहोस् । १ ह ४ . ४

कुनै एक तपोवन … ऋषि तपस्यामा लीन … केही डाँकाहरुले … व्यापारीलाई लखेट्दै ल्याएका … व्यापारी ऋषिको आश्रममा आइपुग्नु … यताउति लुक्ने ठाउँ खोज्नु … कुटीभित्र लुक्नु … ऋषिको कहिल्यै झुटो नबोल्ने प्रतिज्ञा … डााकाहरुले ऋषिसँग व्यापारीका बारे सोध्नु … ऋषिले साँचो बोल्नु … व्यापारीलाई डाँकाले भेटाउनु … व्यापारी लुटिनु र मारिनु … व्यापारी मारिएको पाप ऋषिलाई पनि लाग्नु … ऋषि पश्चात्तापमा पर्नु … साँचो बोल्दा पनि लोककल्याणलाई विचार पुऱ्याउनुपर्ने सन्देश ।

६. कुनै एक शीर्षकमा १०० शब्दमा नघटाएर निबन्ध लेख्नुहोस् । १ ह ५ . ५

क. मलाइ मनपर्ने चाड

ख. नेपालको प्राकृतिक सम्पदा

अथवा

छोरीलाई अंश कि शिक्षा दिन आवश्यकता छ ? कुनै एक पक्षमा तर्क राख्दै वादविवाद लेख्नुहोस् ।

७. शैक्षिक भ्रमणका लागि आवश्यक प्रबन्ध गरिदिनुहुन अनुरोध गर्दै प्रधानाध्यापकलाई एक निवेदन लेख्नुहोस् । ४

८. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् । ०.५ ह ४ . २

शुशील ऊ त्यो टेबलमाथि राखेको पाल्पाली करुवा ल्याऊ त ।

९. कोष्ठकका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् । १ ह ३ . ३

क. भाइ कक्षा सातमा प्रथम................। (हु : अज्ञात भूत)

ख. तिमी घर............। (जा : आज्ञार्थक)

ग. हामी कक्षा आठको.................। (दि : अपूर्ण वर्तमान)

१०.कोष्ठकका आधारमा वाक्य परिवर्तन गर्नुहोस् । १ ह ३ . ३

क. श्याम पास भएनछ । (करण)

ख. उ परीक्षामा पास भयो । (बहुवचन)

ग. रामले लट्ठीले सर्प मार्‍यो । (कर्मवाच्य)

११. कोष्ठकबाट उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् । ०.५ ह ३ . १.५

क) आँखाको पर्यायवाची शब्द ............हो । (नयन, नजर, सयन)

ख) अल्पवाची शब्द ...........हो । (मान्द्रो, गुन्द्रो, त्यान्द्रो)

ग) चरो गुँड ............बस्छ । (मा, लाई, को)

१२. तल दिइएका शब्दहरूको अर्थ लेख्नुहोस् । ०.५ ह ३ . १.५

अनुपम, ध्येय, साक्षात्कार

१३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । १ ह ३ . ३

आगन्तुक, आडम्वर, रे

१४. शुद्धगरी पुन : लेख्नुहोस् । ०.५ ह ६ .३

जिवनलाई सरल ढङ्गबाट यापन गरनका लागि इमानदरइका आवसेकता पर्छ ।

**समाप्त**

## परिशिष्ट 'ङ'

# चौथो आवधिक परीक्षा २०६६/११/११

मौखिक पूर्णाङ्क – ५०

१. साहित्यकार गोपालप्रसाद रिमालका कुनै तीनओटा कृतिका नाम र उनका कृतिगत तीन विशेषता भन ।

२. कानुन भनेको के हो ? कानुन बनाउनुका कुनै ३ उद्देश्य भन ।

३. खसीको तौल बरावर राख्न कसरी सकिन्छ ?

४. चिठी लेख्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?

५. फ्लोरेन्स नाइटिङ्गेललाई किन स्वास्थ्यकी देवी भनिन्छ ?

६. ओखलढुङ्गा कवितामा कवि सिद्धिचरणले स्मरण गरेका कुनै ५ कुरा भन ।

७. पर्यटन - व्यवसायबाट हुने कनै ५ फइदा भन ।

८. जैविक नियन्त्रण विधि भनेको के हो ?

९. अर्थ भन :

क. सुषुप्त, शब्दकञ्चन

ख. वाक्य बनाऊ : लालसा

ग. पर्यायवाची शब्द भन : पवन, नयन

घ. विपरीतार्थक शब्द भन : अज्ञान, आदि

ङ. 'गोजीमा रुमाल छ ।' यस वाक्यमा कुन कारक प्रयोग भएको छ ?

१०. क. 'मैले किताब पढ्छु ु यस वाक्यलाई अपूर्ण वर्तमानमा बदल ।

ख. 'भाइ पास भयो ।' यो वाक्यलाई सामान्य भविष्यत्मा बदल ।

ग. 'बहिनी घर जान्छिन् ।' अज्ञात भूतकालमा बदल ।

घ. 'सबै मिलेर देश विकास गर्छन् ।' इच्छार्थकमा बदल ।

ङ. 'आगोले पोल्छ ।' अकरण बनाऊ ।

## परिशिष्ट ङ

**पाँचौ आवधिक परीक्षा** **२०६६/११/२७**

**प्र.१ कुनै चार प्रश्नहरूको संक्षिप्त उत्तर दिनुहोस् ।** **४ह५.२०**

क) पूर्णकलाको चिन्ता हटाउन छोरीले के-कस्ता प्रयास गरिन् ?

ख) वनजंगल र अन्य प्राणीका बीच कस्तो सम्बन्ध हुन्छ ?

ग) विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यमा के-कस्तो योगदान दिएका छन् ?

घ) राणाकालीन दरबारहरू के-कसरी निर्माण गरिएका छन् ?

ङ) ˘किसान□ कवितामा पृथ्वीलाई किन पहिलो धन भनिएको हो ?

च) भुमियाको जीवनमा परिवर्तन आउनाको कारणहरू के थिए ?

**प्र.२ कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् ।** **१०**

(क) फ्लोरेन्स नाइटिङगेलको जीवनीबाट हामीले कस्तो प्रेरणा पाउन सकिन्छ ? आ□नै शव्दमा लेख्नुहोस्।

(ख) ˘ओखलढु□ा□ कवितामा कविले मातृभूमिप्रति दर्शाएको प्रेम र त्यहाँको प्राकृतिक सौन्दर्यको वर्णन गर्नुहोस।

**प्र.३ दिएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।** **१ह५.५**

अनुसन्धान र खोज सीमित रूपमा रहँदैन । एकपछि अर्को नयाँ सिद्धान्त एवम् प्रयोग भइरहन्छ । साधकहरू बास्तविक एवम् तथ्य कुरो पत्ता लगाउने अभीष्ट पूरा नहुन्जेलसम्मका लागि प्रयत्नशील रहन्छन् । यही कुरालाई सार्थक बनाउन क्युरी दम्पती रेडियम सम्बन्धि नवीन रहस्यहरू खोतल्न प्रयत्नरत रहे । क्युरी दम्पती युरेनियमको पिच ब्लेन्डलाई रात दिन मेहनत गरी तताउथें र तताएर निस्केको पदार्थलाई टेस्टटयुबमा राख्थे । कैयौं दिनको मेहनतपछि एकदिन उनीहरुले टेष्टट्युबमा हलुका रङको प्रकाश देखे । क्युरी दम्पती ज्यादै खुसी भए अनि त्यो उज्यालो नौलो बस्तुको नाम रेडियम राखे । यही अनुसन्धानका लागि यिनीहरूलाई सन् १९०३ मा नोबेल पुरस्कार दिइएको थियो ।

**प्रश्नहरू:**

(क) साधकहरू कहिले सम्म प्रयत्नशील रहन्छन् ?

(ख) क्युरी दम्पतीले के पत्ता लगाए ?

(ग) क्युरी दम्पती किन खुसी थिए ?

(घ) रेडियम कस्तो वस्तु हो ?

(ङ) ˘अभीष्ट□ र ˘अनुसन्धान□ शव्दको अर्थ के हो ?

**प्र.४ माथि प्रश्न नं. ३ मा दिएको अनुच्छेदको सारांश लेख्नुहोस् । ५**

**प्र.५ कुनै एक उद्धरणको भाव स्पष्ट पार्नुहोस् । ५**

(क) देखिन्छ ईश कुन मन्दिरमा पसेर ?

त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर ।

(ख) गोपालप्रसाद रिमाल ँहुने विरुवाको चिल्लो पात□ थिए ।

**प्र.६ एक उद्धरणको सप्रस□ व्याख्या गर्नुहोस् । ५**

(क) हामी हिमालवासी हौं, छ हाम्रो हिमसंस्कृति ।

हामी स्वतन्त्र छौं, छुट्टै हाम्रो जीवन पद्धति ॥

(ख) बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो ।

**प्र.७ तल दिइएका बुँदाहरूको आधारमा एउटा कथा लेखी शीर्षक समेत दिनुहोस् । ५**

गाउँमा एउटा किसान बस्नु ... उसका चार अल्छी छोराहरू हुनु ... कहिल्यै बाबुलाई काममा सहयोग नगर्नू ... किसान बूढो हुँदै जानु ... बिरामी भएर ओछ्यानमा थला पर्नु ... छोराहरूलाई खेतमा धन गडेको छ भन्नु र मर्नु ... छोराहरूले धन पाउने आशाले खेत खन्नु ... धन नपाउनु ... अन्न छर्नु ...धेरै अन्न फल्नु ...बाबुको भनाईको अर्थ बुझ्नु ...परिश्रमले धन कमाइने सन्देश पाउनु ।

अथवा

ँधुम्रपानले लिन्छ ज्यान□ विषयमा नवीन र मीनाबीच भएको कुराकानीलाई समेटी एउटा संबाद लेख्नुहोस् ।

**प्र.८ कुनै एक शीर्षकमा १५० शव्द नघटाई एउटा निबन्ध लेख्नुहोस् । १०**

(क) पुस्तकालयको मह□व (ख) मेरो जीवनको लक्ष्य

**प्र.९ कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् । ५**

(क) यस वर्ष विद्यालयमा आयोजना गरिएको शैक्षिक भ्रमणमा आफूले प्राप्त गरेको अनुभवहरू समेटी विदेशमा बस्ने विद्यार्थीलाई एउटा चिठी लेख्नुहोस् ।

(ख) ँशहरी जीवन भन्दा गाउँले जीवन नै बेस□ शीर्षकमा विपक्षको मतहरूको खण्डन गरी पक्षका तर्फबाट आ□ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

प्र.१० **तलका रेखाङ्कित पदहरूको शव्दबर्ग (नाम, सर्वनाम, विशेषण, क्रियापद, र अव्यय) ठम्याई लेख्नुहोस् ।** ३

मिहिनेती राम आफूसँग पढ्ने विद्यार्थीहरूमा सर्वश्रेष्ठ पो भएछ ।

प्र.११ **कोष्ठकमा दिइएको धातु र संकेतको आधारमा खाली ठाउँ भर्नुहोस् ।** ४

(क) पुलिसले चोरलाई ……………..। (समात्- आज्ञात भूत)

(ख) गायिकाले सुमधुर गीत…………। (गाउ- अपूर्ण बर्तमान)

(ग) हाम्रो देशमा नयाँ संविधान…………। (बन्- इच्छार्थ)

(घ) तिमी घर ……………………। (जा - आज्ञार्थ)

प्र.१२ **कोष्ठकमा दिइएको संकेतका आधारमा वाक्यहरू परिवर्तन गर्नुहोस् ।** ६

(क) कवयित्रीले कविता लेख्छिन् । (पुलिङ्ग)

(ख) सुमनले खाजा खान्छ । (कर्मवाच्य)

(ग) कालो केटो असल छ । (बहुवचन)

(घ) पढे पास भइन्छ । (अकरण)

(ङ) हामी पुस्तक पढ्छौं । (तृतीय पुरुष)

(च) तिमीले यो काम नगर है । (करण)

प्र.१३ **कोष्ठकमा दिइएको संकेत अनुसार खाली ठाउँमा कारक र विभक्ति भरी वाक्य पूरा गर्नुहोस् ।** २

(क) हरि ………………… किताब पढ्यो । (कर्ता कारक)

(ख) आमाले चक्कु …………. तरकारी काट्नु भयो । (करण कारक)

(ग) बुबाले बहिनी …………. पापा दिनुभयो । (चतुर्थी विभक्ति)

(घ) सीता ………………… छोरी असल छन् । (षष्ठी विभक्ति)

प्र.१४ **कोष्ठकमा दिएका उपयुक्त शव्द छानी खाली ठाउँ भर्नुहोस् ।** ३

(क) ˘आकाश□को…………..शव्द सागर हो । (पर्याबाची, विपरीतार्थी, अनेकार्थी)

(ख) ˘सन्तोष□को विपरीतार्थी शव्द ……………. हो । (दुःख, पिडा, असन्तोष)

(ग) …………………श्रुतिसमभिन्नार्थी शव्द हुन् । (विष-जहर, दिशा-दिसा, कट्टर-रहर)

(घ) …………….अनेकार्थी शव्द हो । (कर, खर, घर)

(ङ) ˘लेखा□ शव्दको अर्थ………………. हो । (लेखनी, लेखन, हिसाव)

(च) ˘अचार□को लघुबाचक शब्दलाई…………भनिन्छ । (चटनी, पित्को, अमिलो)

प्र.१५ **तलका शव्दहरूको अर्थ लेख्नुहोस् ।** २

ढिस्को, सर्वश्रेष्ठ, प्रकोप, अहोरात्र

प्र.१६ **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।** ५

आशक्ति, नियन्त्रण, पिटिक्क, नि, कालो अक्षर भैँसी बराबर ।

प्र.१७ **तलको वाक्यलाई उपयुक्त चिन्ह तथा वर्णविन्यास मिलाएर शुद्ध पारी सानुहोस्।** ५

उपमनयुले छेमा याचनाको सोरमा भने अबदेखि एस्तो गर्ने छैन परभु ।

# व्यक्तिवृत्त

| | |
|---|---|
| **नाम** | : शेषनारायण चालिसे |
| **जन्ममिति** | : २०२९/०९/२८ |
| **जन्मस्थान** | : जुभूङ्ग-६, गुल्मी |
| **स्थायी ठेगाना** | : ता.न.पा. १० गैह्रागाउँ, पाल्पा |
| **बाबुको नाम** | : तुल्सीराम चालिसे |
| **आमाको नाम** | : हिमकुमारी चालिसे |
| **पेशा** | : शिक्षण (किसान उ.मा.वि. झडेवा-९, पाल्पा) |
| **पद** | : प्राचार्य |
| **शिक्षण अनुभव** | : १६ वर्ष |
| **योग्यता** | : एम.ए. त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा (२०६२) |
| | एम.एड्. तानसेन बहुमुखी क्याम्पस, पाल्पा (२०६८) |
| **संलग्नता** | : सभासद् पोखरा विश्वविद्यालय |